# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क ४ | २०७५, जेठ १६-३१ | पूर्णाङ्क ६२२



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १७ |
| इजलास नं. १ | ३ |
| इजलास नं. २ | ७ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | १० |
| इजलास नं. ५ | ५ |
| इजलास नं. ६ | ७ |
| इजलास नं. ७ | ५ |
| इजलास नं. ८ | ८ |
| इजलास नं. ९ | १० |
| जम्मा | ७५ |

| | |
|---|---|
| इजलास नं. १० | २ |
| इजलास नं. ११ | ३ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १३ | ४ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | २ |
| इजलास नं. १६ | २ |
| एकल इजलास | २ |
| जम्मा | १९ |

**कूल जम्मा ७५ + १९ = ९४**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, जेठ – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

## cjs@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ - १० |
| १. | उत्प्रेषण / परमादेश | रामबाबुप्रसाद सिंहसमेत वि. पुनरावेदन अदालत, जनकपुरसमेत | |
| २. | उत्प्रेषण / परमादेश | प्रभा मानन्धर वि. वीरेन्द्रबहादुर बस्न्यातसमेत | |
| ३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बाबुराम सुवेदी | |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजु तामाङसमेत | |
| ५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विष्णु सुनार | |
| ६. | उत्प्रेषण / परमादेश | रविकुमार थापा वि. राष्ट्रिय अनुसन्धान विभाग सिंहदरबारसमेत | |
| ७. | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. टेकेन्द्र बुढा | |
| ८. | उत्प्रेषण / परमादेश | रीना कुमारी जयसवाल वि. लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँ बानेश्वर, काठमाडौं | |
| ९. | कर्तव्य ज्यान | नारायण गिरी वि. नेपाल सरकार | |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. किस्नबहादुर रानाभाट | |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सरिता जर्गा मगर | |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बिरबहादुर तामाङसमेत | |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विष्णुप्रसाद मिश्र | |
| इजलास नं. १ | | | १० - १३ |
| १४. | कर्तव्य ज्यान | ज्ञानबहादुर ब्लोनसमेत वि. नेपाल सरकार | |
| १५. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. होमबहादुर बनेम लिम्बू | |
| १६. | नक्सा संशोधन निर्णय बदर दर्ता बदर दर्ता जग्गा खिचोला चलन | सेख मुम्ताज वि. ब्रम्हानन्द झा | |
| इजलास नं. २ | | | १३ - १६ |
| १७. | अंश दर्ता | महेन्द्र साहसमेत वि. छत्तर साहसमेत | |
| १८. | उत्प्रेषण | कर्णमाया राई वि. जयप्रसाद तामाङसमेत | |
| १९. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. किशोर लिम्बू सुब्बासमेत | |

| | | | |
|---|---|---|---|
| २०. | जबरजस्ती करणी | नेपाल सरकार वि. नविन धामी | |
| २१. | आवेशप्रेरित ज्यान | नेपाल सरकार वि. सीताराम थारूसमेत | |
| | **इजलास नं. ३** | | **१६ - १९** |
| २२. | कर्तव्य ज्यान | लक्षु कुमार गुरूङ वि. नेपाल सरकार | |
| २३. | उत्प्रेषण / परमादेश | प्रभा बराल (लामिछाने) वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत | |
| २४. | कर्तव्य ज्यान | सन्तोष चौधरी वि. नेपाल सरकार | |
| | **इजलास नं. ४** | | **१९ - २७** |
| २५. | लेनदेन | मायादेवी भट्टराई (दाहाल) वि. रामहरि अधिकारीसमेत | |
| २६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. डिल्लीबहादुर बुढामगरसमेत | |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विकास खड्का | |
| २८. | उत्प्रेषण | जगतबहादुर सिंह वि. सेती अञ्चल अस्पताल विकास समिति धनगढी, कैलालीसमेत | |
| २९. | कर्तव्य ज्यान | सानुभाई थापा वि. नेपाल सरकार | |
| ३०. | जबरजस्ती करणी | शुक्रराज नेगी वि. नेपाल सरकार | |
| ३१. | कर्तव्य ज्यान | मनकुमार राई वि. नेपाल सरकार | |
| ३२. | कर्तव्य ज्यान | विरेन्द्रकुमार गुरूङ वि. नेपाल सरकार | |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सरिता कुँवरसमेत | |
| ३४. | कर्तव्य ज्यान | रामशंकर यादव वि. नेपाल सरकार | |
| | **इजलास नं. ५** | | **२८ - ३२** |
| ३५. | रोक्का बदर | राजेन्द्र कार्कीसमेत वि. हुलास चन्द्र राजवंशी | |
| ३६. | जबरजस्ती करणी | नेपाल सरकार वि. गोविन्दबहादुर सुनार | |
| ३७. | अंश चलन | प्रेसिका न्यौपानेसमेत वि. सुनिता ठकुरी | |
| ३८. | जबरजस्ती करणी | कमलेश राय यादव वि. नेपाल सरकार | |
| ३९. | लागु औषध ब्राउन सुगर | बिनु श्रेष्ठ वि. नेपाल सरकार | |
| | **इजलास नं. ६** | | **३२ - ३९** |
| ४०. | मोही लगत कट्टा | भोलाकुमार सुनुवार वि. केदारबहादुर मास्केसमेत | |
| ४१. | कर्तव्य ज्यान | गगन कुमाल वि. नेपाल सरकार | |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भीमबहादुर मगर | |
| ४३. | कर्तव्य ज्यान | पूर्णप्रसाद आचार्य वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| ४४. | लागु औषध (ब्राउनसुगर) | राजु खत्रीसमेत वि. नेपाल सरकार |
| ४५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दीपक पौडेलसमेत |
| **इजलास नं. ७** | | **३९ - ४२** |
| ४६. | बन्दी प्रत्यक्षीकरण | छिरिङ तामाङ वि. राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरसमेत |
| ४७. | उत्प्रेषण / परमादेश | टेकबहादुर गोदार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ४८. | उत्प्रेषण / परमादेश | बालकृष्ण झासमेत वि. सिंचाई मन्त्रालयसमेत |
| ४९. | दर्ता फारी | रामबहादुर श्रेष्ठ वि. कृष्णप्यारी श्रेष्ठ |
| **इजलास नं. ८** | | **४२ - ४७** |
| ५०. | अंश दर्ता | जङ्गबहादुर राउत बरै वि. धामुप्रसाद चौरसियासमेत |
| ५१. | लिखत बदर दर्ता बदर | मोहन साह कलवार वि. सहदेव साह कलवारसमेत |
| ५२. | उत्प्रेषण | रबिन्द्र महर्जन वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत |
| ५३. | भ्रष्टाचार | नेपाल सरकार वि. अनिता कुमारी मण्डलसमेत |
| ५४. | अंश नामसारी दर्ता | शान्तिदेवी मेहतासमेत वि. मौजिलाल मेहता |
| **इजलास नं. ९** | | **४७ - ५३** |
| ५५. | उत्प्रेषण | राजकुमार राय वि. जिल्ला शिक्षा कार्यालय, सर्लाही मलङ्गवासमेत |
| ५६. | उत्प्रेषण | पदमराज लामिछाने वि. त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोग, किर्तिपुरसमेत |
| ५७. | निषेधाज्ञा | ओमप्रकाश तेली वि. वनवारीलाल वैश्यसमेत |
| ५८. | उत्प्रेषण / परमादेश | धर्मनाथप्रसाद चौहान वि. जिल्ला प्रहरी कार्यालय, गौरसमेत |
| ५९. | उत्प्रेषण / परमादेश | शिवशरण न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ६०. | जबरजस्ती करणी उद्योग | कृष्णबहादुर मेयोङवा लिम्बू वि. नेपाल सरकार |
| ६१. | सरकारी छाप दस्तखत किर्ते | मोहनबहादुर घले वि. नेपाल सरकार |
| ६२. | वैदेशिक रोजगारी ठगी | नेपाल सरकार वि. धनकुमारी के.सी. |
| ६३. | लागु औषध | रामधारीप्रसाद यादव वि. नेपाल सरकार |
| ६४. | जिउ मास्ने बेच्ने | नेपाल सरकार वि. कमल अधिकारी |

| इजलास नं. १० | | | ५३ - ५५ |
|---|---|---|---|
| ६५. | अंश | रामनरेश कुर्मीसमेत वि. विमलादेवी कुर्मी | |
| ६६. | उत्प्रेषण / परमादेश | डा. अनुप बास्तोला वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत | |
| **इजलास नं. ११** | | | **५६ - ५७** |
| ६७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बासुदेव यादव | |
| ६८. | अंश चलन | राजन थापासमेत वि. शान्ति थापासमेत | |
| ६९. | परमादेश | आलोक कुमार शर्मा वि. रस्मी खरेल कर्माचार्यसमेत | |
| **इजलास नं. १२** | | | **५७ - ५९** |
| ७०. | हक कायमसमेत | शान्ति मास्केसमेत वि. रामकुमारी प्रधान | |
| ७१. | उत्प्रेषण / परमादेश | रामबहादुर खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **इजलास नं. १३** | | | **५९ - ६१** |
| ७२. | बन्दी प्रत्यक्षीकरण | झलक गुरूङ वि. सुनसरी जिल्ला अदालतसमेत | |
| ७३. | निषेधाज्ञा | शिवकुमार राउत सुडी वि. शेषनारायण यादवसमेत | |
| ७४. | छुट जग्गा दर्ता नामसारी | मुकुन्द न्यौपाने वि. उद्धवप्रसाद न्यौपानेसमेत | |

| इजलास नं. १४ | | | ६२ - ६४ |
|---|---|---|---|
| ७५. | उत्प्रेषण / परमादेश | भूपेन्द्रबहादुर कार्की वि. गृह मन्त्रालयसमेत | |
| ७६. | भ्रष्टाचार | नेपाल सरकार वि. रमेश कुमार श्रेष्ठ | |
| **इजलास नं. १५** | | | **६४ - ६५** |
| ७७. | निषेधाज्ञा | जटाशंकरप्रसाद साह वि. असर्फी साह तेली | |
| ७८. | परमादेश | सुरेश श्रेष्ठ वि. वैदेशिक रोजगार विभाग, बबरमहल, काठमाडौं | |
| **इजलास नं. १६** | | | **६५ - ६७** |
| ७९. | जबरजस्ती करणी | नुनुलाल चौधरी वि. नेपाल सरकार | |
| ८०. | पर्खाल हटाइदिने सम्बन्धमा भएको निर्णय बदर | सरिताकुमारी चौधरी साहसमेत वि. गोविन्दकुमार अग्रवालसमेत | |
| **एकल इजलास** | | | **६७ - ६८** |
| ८१. | उत्प्रेषण / परमादेश | प्रदिप राउतसमेत वि. देवीलाल सदा मुसहरसमेत | |
| ८२. | उत्प्रेषण / परमादेश | कृष्णशरण डंगोलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०८९३, उत्प्रेषण / परमादेश, *रामबाबुप्रसाद सिंहसमेत वि. पुनरावेदन अदालत, जनकपुरसमेत*

रजिस्ट्रेसनले कुनै सम्पत्तिमा व्यक्तिको कानूनी अधिकार सिर्जना गर्दछ भने दाखिल खारेजले उसको भोगाधिकार स्थापित गर्ने देखिन्छ । कुनै सम्पत्ति कसैको नाममा दाखिल खारेज नामसारी हुनलाई सोमा निजको कानूनबमोजिमको अधिकार सिर्जना भएको हुनुपर्छ । अर्थात् कसैको नाममा कुनै सम्पत्ति दाखिल खारेज हुनलाई सो सम्पत्ति पहिला कानूनबमोजिम निजको नाममा पारित भएको हुनु पर्दछ । रजिस्ट्रेसन पारित नै नभएको सम्पत्ति कसैको नाममा दाखिल खारेज हुनसक्ने अवस्था नहुने ।

सर्लाही जिल्ला अदालतबाट मिति २०३५।७।२६ मा वादीको नाममा लिखत पारित हुने ठहरी भएको फैसला अन्तिम भएपछि दण्ड सजायको ४४ नं. मा उल्लिखित ६ महिनाभित्र लिखत पारित गर्न वादीले निवेदन दिनुपर्नेमा निजले त्यसो गरेको देखिएन । यसरी निजको नाममा लिखत पारित नै नभएको जग्गाको दाखिल खारेज निजको नाममा गर्ने अवस्था उत्पन्न हुन सक्दैन। २०३५।७।२६ मा सर्लाही जिल्ला अदालतबाट भएको फैसलाउपर पुनरावेदन नपरी अन्तिम भइरहेको अवस्थामा कानूनले तोकेको हद म्यादभित्र वादीको निवेदन परेको नदेखिएको अवस्थामा तिरोको ४ खण्डको १ खण्ड जरिवाना लिई वादीको नाममा दाखिल खारेज नामसारी गर्ने गरेको तहसिलदारको आदेशलाई सदर गरेको सर्लाही जिल्ला अदालतको आदेश कानूनसम्मत नदेखिएकोले पुनरावेदन अदालत, जनकपुरबाट उक्त आदेश बदर हुने गरी भएको आदेश कानूनसम्मत नै देखिन आयो । कानूनसम्मत तवरले भए गरेका काम कारवाहीबाट कसैको हक अधिकारमा प्रतिकूल असर परेको मान्न नमिल्ने ।

तसर्थ, उल्लिखित आधार कारण एवम् कानूनी व्यवस्थाबाट सर्लाही जिल्ला अदालतको तहसिलदारको फैसलाबमोजिम गरिदिनु भनी मिति २०६७।१२।९ मा भएको आदेश र सो आदेशलाई सदर गरेको सर्लाही जिल्ला अदालतको मिति २०६८।३।३ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।२।३२ को आदेश कानूनसम्मत देखिएकोले उत्प्रेषणको आदेशले बदर गरिरहनु परेन । कानूनबमोजिम भए गरिएको काम कारवाहीबाट कसैको संविधान एवम् कानूनप्रदत्त हक अधिकारमा आघात भएको मान्न नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल जेठ २१ गते रोज ६ शुभम् ।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-WO-१०१९, उत्प्रेषण / परमादेश, *प्रभा मानन्धर वि. वीरेन्द्रबहादुर बस्न्यातसमेत*

निवेदिका प्रभा मानन्धरको नाममा रहेको विवादित कि.नं. २४० र ३३ को जग्गा र विपक्षी वीरेन्द्रबहादुर बस्न्यातसमेतको नाममा रहेको कि.नं. २५१ को जग्गामा साबिकदेखि नै पर्खाल रहेको भन्ने विषयमा कहीँकतै विवाद रहेको देखिँदैन । यस्तो अवस्थामा आफ्नो जग्गा ०-४-० (चार आना) कम रहेको र सो घटी जग्गा विपक्षीको कि.नं. २५१ को जग्गामा घुसेको भन्ने भनाइ सान्दर्भिक देखिन आएन । मिति २०७२।११।५ मा का.म.न.पा.बाट खटिएका सर्वेक्षक धमनकुमार कार्कीले दिएको

रेखाङ्कन प्रतिवेदन  र मिति २०७२।११।२६ को सर्वेक्षक उत्तम भट्टराईको विवादित जग्गाको स्थलगत निरीक्षणबाट समेत यी निवेदिकाको जग्गा विपक्षीहरूको जग्गामा घुसेको देखिँदैन। साथै रिट निवेदिकाले आफ्नो कि.नं. २४० र ३३ को जग्गामध्ये कुन कित्तामा कति जग्गा कम भएको हो भन्ने स्पष्ट नखुलाई समग्रमा ०-४-० जग्गा कम देखिएको भनी हचुवाको भरमा उल्लेख गरेबाट समेत रिट निवेदिकाको भनाइको औचित्य पुष्टि हुन नआउने । का.म.न.पा.बाट मिति २०७२।११।५ को रेखाङ्कन प्रतिवेदन र मिति २०७२।११।२६ को स्थलगत निरीक्षण भई प्रतिवेदन दिँदासमेत यी रिट निवेदिकाको कि.नं. २४० र ३३ को जग्गामा साबिकदेखि नै पर्खाल रहेको देखिएकोले पर्खाल रहेको जग्गामा कमी भई अर्काको जग्गामा घुसेको देखिन नआएकोले विपक्षी वीरेन्द्रबहादुर बस्न्यातले दिएको नक्सपासको निवेदनउपर यी निवेदिकाले नक्सापास रोक्का राखी आफ्नो नपुग जग्गा दिलाउन दिएको निवेदन दाबी नपुग्ने र विपक्षी प्रतिवादीको नक्सा कानूनबमोजिम पास गरिदिन भवन निर्माण इजाजत विभागमा पठाइदिने गरी विपक्षी का.म.न.पा.बाट मिति २०७३।१।२१ मा भएको फैसला कानूनसम्मत देखिन आएकोले निवेदिकाले रिट निवेदनमा जिकिर गरेको विषयमा रिट क्षेत्रजस्तो असाधारण अधिकारक्षेत्र आकर्षित हुने पनि होइन। जग्गा मिचेको हडपेको जस्ता विवाद मुलुकी ऐन, जग्गा मिच्नेको महलअन्तर्गतको कानूनको क्षेत्र (Statutory Provision) भित्र पर्ने हुँदा आकर्षित नहुने क्षेत्रलाई समाती उजुर गरेको तथा साबिकदेखि नै घर कम्पाउण्ड लगाई दुवै पक्षले आआफ्नो जग्गा छुट्याई घर बनाई बसोबास गरेको देखिँदा रिट निवेदन मागबमोजिम रिट जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल माघ १८ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-RC-००८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बाबुराम सुवेदी*

प्रतिवादी विदुर भन्ने बाबुरामले मृतकलाई मार्ने योजनाबमोजिम वचन दिई पठाएका दुई जना व्यक्ति मिति २०५६।४।११ मा प्रतिवादीकै घरमा आई बसेका र निजहरूलाई प्रतिवादी बाबुरामका पिता टिकामणिले बस्न खान दिई राखेको सोको भोलिपल्ट ३ महिलासहित ९ जनाको समूह प्रतिवादीकै घरमा आएको र उनीहरूलाई प्रतिवादीमध्येका ऋषिराम भट्टराईको घरमा लगी बस्न खान दिई राखी तिनै समूहद्वारा मिति २०५६।४।१३ का दिन अं.२०.०० बजेको समयमा मृतकको घरमा गई मृतकलाई काट्नु कुट्नुसमेत गरी वीभत्स हत्या गरेको र तत्काल घटनास्थलमा रही गुहार माग्ने मृतकको पत्नीलाई गोली प्रहार गरी घाइते बनाएको, मृतकको भाउजू भागीरथीलाई कुटपिट गरी घाइते बनाएको अवस्था मिसिल प्रमाणहरूबाट स्थापित हुन आउने प्रतिवादी विदुर भन्ने बाबुराम सुवेदीले मृतकको जिउमा हात हाली पक्री समाती दिएको भन्ने अवस्था वस्तुनिष्ठ तवरले पुष्टि हुन आएको अवस्था नदेखिए पनि निजले व्यक्तिगत रिसइवी रहेका फरक राजनीतिक विचारधारा भएका मृतकलाई मार्नाका लागि आफ्नो सम्पर्कमा रहेका समूहलाई मार्नमा वचन दिई ल्याई आफ्नो घरमा बस्ने खाने व्यवस्थासमेत मिलाई आरोपित वारदात घटाएको अवस्था मिसिल प्रमाणहरूबाट शङ्कारहित तवरले स्थापित हुन आएको समेतका आधारमा प्रतिवादी बिदुर भन्ने बाबुराम सुवेदीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ (४) नं. को कसुरमा सोही १३(४) नं. बमोजिम जन्मकैद सजाय हुने ठहऱ्याई भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ जाहेरवाला ढकमाया भट्टराईको

बकपत्र, मौकामा बुझिएका राजनप्रसाद भट्टराई, लक्ष्मी आचार्य, वस्तुस्थिति मुचुल्काका मानिस रमेशकुमार भट्टराईसमेतको बकपत्र, प्रतिवादीहरू टिकामणी सुवेदी, ऋषिराम भट्टराईको मौकाको बयान बेहोरासमेतबाट प्रतिवादी बिदुर भन्ने बाबुराम सुवेदीले मृतक टिकाप्रसाद भट्टराईलाई मार्नमा वचन दिई संयोग पारी दिई मृतकलाई मार्ने मराउने कार्यमा संलग्न रही मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(४) नं. बमोजिमको कसुर गरेको अवस्था देखिन आएको हुँदा निज प्रतिवादी बिदुर भन्ने बाबुराम सुवेदीले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याई सुरू ओखलढुंगा जिल्ला अदालतबाट मिति २०६८।३।१४ मा भएको फैसला उल्टी गरी प्रतिवादी बिदुर भन्ने बाबुराम सुवेदीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ (४) नं. को कसुरमा सोही १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६०।१२।२६ मा भएको फैसला इन्साफ जाँचको रोहमा मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७३-RC-०११७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजु तामाङसमेत*

जाहेरवालाले अदालतसमक्ष गरेको बकपत्र, प्रतिवादीहरू कसुरमा साबित भई अनुसन्धान र अदालतसमक्ष गरेको बयान, मृत्युको कारणमा BLUNT SHARP FORCE INJURY TO HEAD & SHARP HEMATOMA AND EXTERNAL HEMATOMA भन्ने शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न सबुद प्रमाणबाट पूर्णराम तामाङलाई प्रतिवादी दिलबहादुर गुरूङ, प्रतिवादी राजु तामाङसमेतले रूपैयाँ लिन खानको लागि पूर्वयोजना बनाई कर्तव्य गरी मारेको पुष्टि भएको देखिँदा प्रतिवादी राजु तामाङ र प्रतिवादी दिलबहादुर गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसुर गरेको ठहर गरी निज प्रतिवादीहरूलाई ऐ. महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र यी प्रतिवादीहरूले जबरजस्ती रू.७२,०००।- समेत लिई खाएको मिसिल संलग्न प्रमाणबाट देखिँदा निज प्रतिवादीहरूलाई चोरीको महलको १ र १४ नं. को कसुरमा ऐ.को १४(२) नं. बमोजिम चोरीको बिगो रू.७२,०००।- को ऐ.१२ नं. बमोजिम हुने सजायमा डेढी बढाउँदा हुन आउने बिगो रू.१,०८,०००।- जरिवाना र सो जरिवानाबापत हुने कैद बाह्र वर्ष एवम् ऐ. १२ नं. बमोजिमको कैद १ महिनाको डेढी बढाउँदा हुन आउने कैद र १ महिना १५ दिनसमेत गरी १२ वर्ष १ महिना १५ दिन कैद हुने साथै चोरी भई बरामद हुन नआएको बिगो रू.७२,०००।- मध्ये निज प्रतिवादीहरूबाट चोरीको महलको १०(३) नं. बमोजिम जनही रू.१८,०००।- जाहेरवालालाई दिलाई भराइ पाउनेसमेत ठहर गरेको सुरू मुस्ताङ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बागलुङको फैसला मनासिबै देखिने।

अतः माथि विवेचित आधार र कारणबाट सुरू मुस्ताङ जिल्ला अदालतले प्रतिवादीहरू सुमन भन्ने राजु तामाङ र सोनाम नेपाली गोर्खे भन्ने दिलबहादुर गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसुर ठहर गरी निज प्रतिवादीहरूलाई ऐजन महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी मिति २०७२।११।११ मा गरेको फैसलालाई सदर गरी पुनरावेदन अदालत, बागलुङबाट मिति २०७३।४।२४ मा भएको फैसला

इन्साफ जाँचको रोहमा मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम् ।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-RC-०११३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विष्णु सुनार*

अशोक कुमार रौनियारले आफ्नो भाइलाई साथीले भिडियो गेम खेल्न बोलाएकोमा फर्की नआएको, अज्ञात व्यक्तिहरूले फोनबाट अपहरण गरेको जानकारी दिएको र रोहितको लास बोराभित्र प्याक गरी राखेको अवस्थामा फेला परेको भनी जाहेर गरेको तथ्य सो लासको घाँटीमा प्लाष्टिकको डोरीले बाँधिएको दुवै हात पछाडि लगी बाँधेको र लास सडेगलेको अवस्थामा रहेको भन्ने लासजाँच प्रकृति मुचुल्कामा उल्लिखित बेहोराले पुष्टि गरेको देखिँदा प्रतिवादीसमेतको कर्तव्यबाट मृतकको मृत्यु भएको तथ्य स्थापित हुन आउने ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत रोहित रौनियारलाई अपहरण गरी डोरीले घाँटीमा बाँधी मारेको कुरामा साबित रही बयान गरेको देखिएको, प्रतिवादीको उक्त बयान, मौकामा कागज गर्ने व्यक्तिहरूको भनाइ तथा अन्य स्वतन्त्र प्रमाणहरू मृतकको शव परीक्षण प्रतिवेदन र लास जाँच प्रकृति मुचुल्कासमेतबाट समर्थित हुन आएबाट प्रतिवादीले अभियोग दाबीबमोजिम कसुर गरेको पुष्टि हुन आएको हुँदा सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट भएको फैसला अन्यथा भएको भन्न मिल्ने नदेखिने ।

अतः प्रतिवादी माइला भन्ने विष्णु सुनारलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू अदालतको मिति २०६५।५।८ को फैसला सदर हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७३।१०।१७ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल वैशाख ५ गते रोज ३ शुभम् ।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-WO-०७८७, उत्प्रेषण / परमादेश, *रविकुमार थापा वि. राष्ट्रिय अनुसन्धान विभाग सिंहदरबारसमेत*

विशेष सेवा नियमावलीमा भएको कानूनी व्यवस्थाअनुसार २०५८ श्रावण १ गतेभन्दा अगाडि नै सो सेवाको सूचक र सहायक सूचक पदमा सेवा प्रवेश गरेका कर्मचारीको हकमा १६ वर्ष सेवा अवधि पूरा गरेको अवस्थामा मात्र निवृत्तिभरण पाउनसक्ने अवस्था रहेको देखियो । अतः निवेदक रविकुमार थापा उक्त २०५८ साल श्रावण १ गतेपश्चात् अर्थात् २०६१।१०।१ मा राष्ट्रिय अनुसन्धान विभागको सूचक पदमा सेवा प्रवेश गरेको देखिएकाले सोभन्दा अगाडिको नेपाल प्रहरी सेवामा गरेको सेवालाई यस राष्ट्रिय अनुसन्धान विभागको सेवामा प्रवेश गरेको भन्न सकिने अवस्था नदेखिने । विशेष सेवा नियमावलीमा भएको व्यवस्था नितान्तरूपमा राष्ट्रिय अनुसन्धान विभागको सूचक र सहायक सूचक पदमा काम गरेको कर्मचारीको हकमा लागू हुने व्यवस्था भएकाले निवेदकले आफूले नेपाल प्रहरी सेवामा गरेको नोकरी अवधिलाई जोडिएकै आधारमा उक्त सूचक पदमा २०५८ श्रावण १ गतेअगावै सेवा प्रवेश गरेको मान्न सकिने अवस्था नदेखिँदा निवेदन मागबमोजिम निवेदकलाई निवृत्तिभरण उपलब्ध नगराउने गरी भएको निर्णय बदरको लागि उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने ।

निवेदकले निवृत्तिभरण पाउने अवस्था नदेखिए पनि निजले पहिले प्रहरी सेवामा तथा पछि राष्ट्रिय अनुसन्धान विभागअन्तर्गत गरी कुल १६ वर्ष सेवा अवधि पूरा गरेको भन्ने देखिएको छ। प्रहरी सेवातर्फ गरेको सेवा अवधिअनुसार निवेदकले प्राप्त गरेको उपदान रकमसमेत फिर्ता बुझाई सेवा अवधि गणना गरेको भन्नेसमेत निवेदकको जिकिर रहेको देखिन्छ। यस अवस्थामा निवेदकले कानूनबमोजिम पाउने सुविधा के कति हो भन्ने कुरा यकिन गरी सोबमोजिम पाउने सुविधा प्रदान गर्नु विपक्षीहरूको कानूनी कर्तव्य बन्दछ। तर सोबमोजिम सुविधा प्रदान गर्नेतर्फ विपक्षीहरूबाट कुनै काम कारवाही भएको देखिन आएन। तसर्थ निवेदक रविकुमार थापाले नेपाल प्रहरीतर्फ तथा राष्ट्रिय अनुसन्धान विभागतर्फसमेत गरी गरेको कुल सेवाबापत कानूनबमोजिम के कति सुविधा पाउने हो ? यकिन गरी गराई निजलाई प्रदान गर्नुपर्ने सुविधाबापतको रकम अविलम्ब दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-RC-०१५३, कर्तव्य ज्यान (साधक), *नेपाल सरकार वि. टेकेन्द्र बुढा*

प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दासमेत यौन सम्पर्क गर्न इन्कार गर्ने गरेकाले पटकपटक झगडा हुँदै आएको र यौन सम्पर्क गर्न खोज्दा नमानी झगडा गरेको हुँदा सोही रिसको झोकमा प्रहार गर्दा श्रीमतीको मृत्यु भएको हो श्रीमतीलाई मार्नु पर्नेसम्मको रिसइवी तथा मनसाय थिएन भनी कसुर स्वीकार गरेको देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) को कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी सुरू बाजुरा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, दिपायलबाट भएको फैसला मिलेकै देखिन आउने।

प्रतिवादीले मृतक चिनकला बोहरासँग २ वर्षअगाडि प्रेम विवाह गरेको अवस्था देखिन्छ। आफ्नी श्रीमतीसँग यौन सम्पर्क गर्न नदिएको विषयमा समयसमयमा झगडा हुने गरेको देखिए पनि निजलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको देखिँदैन। प्रतिवादी पाठा चराउन १०/१५ दिन घरदेखि बाहिर गएको र घरमा फर्किएपछि २/३ दिनसम्म यौन सम्पर्क गर्न नपाएको र श्रीमती खेतमा काम गर्न गएको समयमा खेतमै यौन सम्पर्क गर्न खोज्दा मृतक श्रीमतीले अस्वीकार गरेका कारण उठेको रिसको झोकमा हात मुक्काले प्रहार गर्दा श्रीमतीको मृत्यु भएको भन्ने देखिन्छ। प्रतिवादीको उमेर पनि भरखर २१ वर्षको भएको देखिएकोले निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने नै देखिने।

अतः यी प्रतिवादीले आफ्नी श्रीमती चिनकला बोहरा(बुढा) लाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी तथा मनसाय रहेको नदेखिएको, प्रेम विवाह भएकी श्रीमतीले लामो समयसम्म यौन सम्पर्क गर्न अस्वीकार गरेका कारण तत्काल उठेको रिसको झोकमा आवेगमा आई प्रहार गर्दा निजको मृत्यु भएको देखिन्छ। प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गर्दा आफूले गरेको कसुर स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग गरेको अवस्था देखिएको हुँदा र प्रतिवादीको उमेरलगायत वारदातको परिस्थितिमाथि विचार गरी हेर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा निजलाई अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरी १० वर्ष कैदको सजाय हुन मनासिब देखिएको भनी सुरू बाजुरा जिल्ला अदालतबाट प्रस्ताव गरिएको राय सदर गर्ने गरी

पुनरावेदन अदालत, दिपायलबाट मिति २०७२।८।१५ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल मङ्सिर २३ गते रोज ५ शुभम्।

८

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०३४७, उत्प्रेषण / परमादेश, *रीना कुमारी जयसवाल वि. लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँ बानेश्वर, काठमाडौं*

निवेदिकाले नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा नाम दर्ता गरी मिति २०७२।२।२८ मा B-T 11601 Med GM को प्रमाणपत्र प्राप्त गरेको र उक्त प्रमाणपत्रको निरन्तरतास्वरूप १६-०९-२०१६ देखि लागू हुने गरी अर्को स्थायी प्रमाणपत्र प्राप्त गरेको मिसिल संलग्न प्रमाणपत्रका प्रतिलिपिबाट देखिन आउँछ। निवेदिकाले प्राप्त गरेका उक्त प्रमाणपत्रहरूलाई नक्कली भनी विपक्षीले लिखित जवाफमा जिकिर लिन नसकेको हुँदा ती प्रमाणपत्रहरूलाई स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ (घ) बमोजिमको रीत नपुगेको भन्न मिल्ने नदेखिने। वस्तुतः दरखास्त दर्ता गर्दा र अन्तर्वार्ता दिँदासम्म निवेदिकाले पेस गरेको प्रमाणपत्रमा कुनै तात्त्विक अन्तर नरहेको स्थितिमा कुनै वस्तुनिष्ठ कानूनी आधार र कारणबिना सोही प्रमाणपत्रले अन्तिम नतिजा प्रकाशन हुँदा मान्यता नपाउने भनी लोक सेवा आयोगको निर्णय परिपत्रको आधारमा विपक्षी लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयले गरेको निर्णय र सूचनाहरूलाई कानूनसम्मत मान्न नमिल्ने हुँदा निवेदिकाको हकमा लोक सेवा आयोग नियमावली, २०६७ को नियम १०(५) को कानूनी व्यवस्था आकर्षित हुनसक्नेसमेत देखिन नआउने।

दरखास्त स्वीकार गरी प्रवेशपत्र पाइसकेपछि उक्त परीक्षा उत्तीर्ण गरी सरकारी सेवामा प्रवेश गर्छु भन्ने वैधानिक अपेक्षा (Legitimate Expectation) निवेदिकामा जागृत भएको हुन्छ। उक्त अपेक्षाअनुरूप श्रम सीप लगाई लिखित परीक्षाबाट छनौट भई अन्तर्वार्तासमेत निवेदिकाले दिइसकेको अवस्थामा निवेदिकाको दरखास्त नै रद्द गर्ने गरी लोक सेवा आयोगले मिति २०७३।६।१६ मा गरेको निर्णय एवम् परिपत्रका आधारमा विपक्षी लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयले मिति २०७३।६।५ मा निकालेको सूचनाहरू उक्त वैधानिक अपेक्षाको सिद्धान्तसमेतको प्रतिकूल रहेको देखिन आउने।

तसर्थ, उल्लिखित कानूनी आधार र कारणबाट निवेदिका रीनाकुमारी जयसवालको प्रवेशपत्र रोल नं.१३१२१७ को दरखास्तसमेत रद्द गर्ने गरी लोक सेवा आयोगको मिति २०७३।६।१७ को निर्णय परिपत्र र सोका आधारमा विपक्षी लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय काठमाडौंबाट प्रकाशित सूचना नं. ४१।०७३-०७४, ४२।०७३-०७४ र ४४।०७३-०७४ मिति २०७३।७।५ को अन्तिम नतिजाको सूचनाहरूको द्रष्टव्य नं. ३ र २ नं. मा उल्लिखित बेहोरा र निर्णयसमेत कानूनी त्रुटिपूर्ण हुँदा निवेदिकाको हकमा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब यी निवेदिकाको हकमा रद्द गरिएको लिखित परीक्षाको नतिजा तथा अन्तर्वार्ता यथावत् राखी अन्तर्वार्ता लिनुपर्ने भए लिनु वा अन्तर्वार्ता लिइसकेको भए जो जे अङ्क प्राप्त गरिसकेको छ सोको नतिजा प्रकाशित गर्नु र उत्तीर्ण भए कानूनबमोजिम नियुक्तिका लागि सिफारिससमेत गर्नु भनी विपक्षी लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय कार्यालय, काठमाडौंको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल भाद्र ४ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-WO-०३४९, उत्प्रेषण / परमादेश, *रञ्जना यादव वि. लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, बानेश्वर*
- ०७३-WO-०३५१, उत्प्रेषण / परमादेश, *सन्तोष ठाडे वि. लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, बानेश्वर*
- ०७३-WO-०३५६, उत्प्रेषण / परमादेश, *प्रकाश घिमिरे वि. लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, बानेश्वर*
- ०७३-WO-०३५४, उत्प्रेषण / परमादेश, *अग्निप्रसाद चौलागाई वि. लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, बानेश्वर*

९

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०७१४ र ०७०-CR-००३३, कर्तव्य ज्यान, *नारायण गिरी वि. नेपाल सरकार र नेपाल सरकार वि. गायत्री गिरीसमेत*

सुरूमा जाहेरवालाले जाहेरी दिँदा नारायण गिरीको बहिनी र आमालाई समेत प्रतिवादी बनाएकोमा पछि प्रतिवादी नारायण गिरीको मात्र संलग्नता रहेको देखिने गरी बकपत्र गरिदिएको अवस्था छ । निजको बकपत्रको स.ज. ६ मा मेरी छोरीको मृत्यु भइसकेपछि मेरो घरमा खबर नगरेको र एकैचोटी प्राण जाने बेलामा मुख हेर्न आइज भनी बोलाएको भन्नुका साथै विष खुवाएको मैले देखिन भनी बकपत्र गरेको देखिन्छ । त्यसैगरी स.ज. ८ मा प्रहरीले सुरूमा जाहेरी लिन नमानेपछि सडक बाटोमा गुहार मागेर उजुरी दर्ता गराएको हो भनी उल्लेख गरेको अवस्था देखिँदा सुरूमा दिएको जाहेरी भाववेगमा आएर दिएको स्पष्ट हुन्छ । जाहेरी केवल सूचनासम्म हो जाहेरीमा उल्लिखित कुराहरू जबसम्म अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुँदैन तबसम्म जाहेरीकै भरमा प्रतिवादीलाई दोषी करार गर्न नमिल्ने ।

प्रतिवादी आयुष भन्ने नारायण गिरीले मृतक पुष्पा पन्तलाई जबरजस्ती विष खुवाएको नभई प्रतिवादीसँग रहेको प्रेमसम्बन्धलाई वैवाहिक जीवनमा परिणत गर्न अनुरोध गर्दा तत्काल सम्भव नभएको आवेगमा आफैँ विष सेवन गरी मृत्यु भएको पुष्टि हुन आउने ।

प्रतिवादी आयुष भन्ने नारायण गिरीले मृतक पुष्पा पन्तलाई मार्ने उद्देश्यले जबरजस्ती विष सेवन गराएको भन्ने कहीँकतैबाट पुष्टि हुन नआएकोले सुरू रूपन्देही जिल्ला अदालत, तथा पुनरावेदन अदालत, बुटवलले निज प्रतिवादी आयुष भन्ने नारायण गिरीलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी आयुष भन्ने नारायण गिरीले अभियोग माग दाबीबाट सफाई पाउने देखिन आउने ।

मृतक पुष्पा पन्तलाई विष लागेर निजको अन्तिम अवस्था भएका बखत यी प्रतिवादीहरू अस्पताल पुगेको देखिन्छ । यी प्रतिवादीहरूलाई पुष्पा र नारायण गिरीका बीचको प्रेम सम्बन्धका बारेमा जानकारी भएको भए तापनि यिनीहरूकै उक्साहटमा सहप्रतिवादी नारायण गिरीले मृतक पुष्पा पन्तलाई विष खुवाएको हो भन्ने कुराको कहीँकतैबाट पुष्टि हुनसकेको नदेखिने । प्रतिवादी उमेशलाल गिरीलाई ज्यान मरेको कुरा थाहा पाएर पनि दवाएको अभियोगमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको २५ नं. बमोजिम सजाय हुन मागदाबी लिएको देखिन्छ । पुष्पा पन्तको मृत्यु अस्पताल पुऱ्याउँदा वा नपुऱ्याउँदैको अवस्थामा भएको देखिन्छ । निज पुष्पा पन्तको मृत्यु भएको अवस्थामा यी प्रतिवादी उमेशलाल गिरी मृतकको साथ वा निजको वरिपरि रहे भएको भन्ने तथ्य अनुसन्धानबाट स्थापित हुनसकेको पाइँदैन । स्वतन्त्र प्रमाणबाट पुष्टि हुन

नसकेको एवम् मुख्य अभियुक्त आयुष भन्ने नारायण गिरीले समेत अभियोग दाबीबाट सफाई पाउने ठहरेको अवस्थामा निजहरूलाई केवल शङ्का र अनुमानको भरमा कसुरदार ठहऱ्याउन न्यायको रोहमा मिल्नेसमेत नदेखिने।

तसर्थ माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी मेनका भन्ने रेखा गिरी, गायत्री गिरी र उमेशलाल गिरीले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।६।७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अर्का प्रतिवादी नारायण गिरीलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहऱ्याएको सुरू रुपन्देही जिल्ला अदालतको फैसला सदर गर्ने ठहऱ्याएको हदसम्म उक्त फैसला उल्टी भई निज प्रतिवादी आयुष भन्ने नारायण गिरीले समेत सफाई पाउने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल असार ७ गते रोज ३ शुभम्।

१०

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-RC-००७७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. किस्नबहादुर रानाभाट*

घटनास्थलमा फेला परेको लुङ्गी, माला, चुराका टुक्रा, कपालमा लगाउने काँटासमेतका चिज वस्तुहरू मेरो श्रीमतीको हो, देखी चिनी सनाखत गरिदिएँ भनी कृष्णबहादुर भन्ने किस्नबहादुर रानाभाटले गरिदिएको सनाखत कागज मिसिल सामेल रहेको देखिन्छ भने शव परीक्षण प्रतिवेदन हेर्दा Sharp Cut injury of The Head भन्ने बेहोरा उल्लेख भएको देखिँदा मृतकको मृत्यु कर्तव्यबाटै भएको तथ्य स्थापित हुन आउने।

अदालतसमक्ष भएको बयानमा समेत आफू श्रीमतीको रक्सी पिउने बानी बेहोराबाट दिक्क भएको कुरालाई उल्लेख गरेका छन् । प्रतिवादीका साक्षी किरण तामाङले अदालतमा उपस्थित भई गरेको बकपत्रमा प्रतिवादीले मृतकलाई मारेका होइनन् भनी उल्लेख गरेको भएपनि एक दुई लट्ठीले हानेको भरमा मृत्यु हुनु नपर्ने हो भनी स.ज. ११ मा उल्लेख गरेको देखिन्छ । त्यसैगरी घटना विवरण कागज गर्ने उजेली भन्ने राजकुमारी रानाभाटले मृतकले मारेका होइनन् भनी अदालतसमक्ष बकपत्र गरेको देखिन्छ तापनि प्रहरीमा गरेको कागजमा लेखिएको बेहोरालाई पूर्णरूपमा इन्कार गरेको नदेखिने।

तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणहरूबाट प्रतिवादी कृष्णबहादुर भन्ने किस्नबहादुर रानाभाटले अभियोग दाबीअनुसारको कसुर अपराध गरेको स्थापित र पुष्टि हुन आएकोले निजलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय दफा ३बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू बर्दिया जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०७१।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल असार १० गते रोज ६ शुभम्।

११

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-RC-००७७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सरिता जर्गा मगर*

प्रतिवादी डल्ली भन्ने सरिता जर्गा मगरले अदालतसमक्ष बयान गर्दा मौकामा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानको समर्थन हुने गरी राति सुती निदाइरहेकी छोरीहरूलाई मार्ने उद्देश्यले छुरीले शरीरको विभिन्न भागमा प्रहार गरी मारेको हो भनी

आरोपित कसुरमा साबित भइरहेको भन्नेसमेत बेहोरा लेखाएको देखिन्छ । घटनास्थल लासजाँच प्रकृति मुचुल्काबाट मृतकहरूको पेटको आन्द्राहरू बाहिर निस्किएको, बायाँ आँखाको साइडमा र टाउकोको बाँया साईडमा छुरीले घोपी काटेको साथै मौकामा भएको शव परीक्षण प्रतिवेदन (autopsy report) हेर्दा मृतक रूस्ना मगरको मृत्युको कारण Multiple stab wound & visceral perforation र मृतक सोनिया मगरको मृत्युको कारण Injuries leading to visceral injuries causing bleeding भन्ने देखिन आयो । जाहेरवाला यमकुमार मगरले मौकाको किटानी जाहेरीलाई अदालतमा आई समर्थन हुने गरी बकपत्र गरी दिएको देखिन्छ भने मौकामा कागज गर्ने गोपाल मगरले मृतकहरूलाई यिनै प्रतिवादीले कर्तव्य गरी मारेको भनी किटानी पोल गरी अदालतमा आई मौकाको कागजलाई समर्थन हुने गरी बकपत्र गरी दिएको देखिने।

प्रतिवादी डल्ली भन्ने सरिता जर्गा मगरले छुरीको प्रयोग गरी मृतकहरूलाई मारेको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसारको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादी सरिता जर्गा मगरलाई ऐ.ऐ.को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू अदालतको फैसला सदर गर्ने गरी गरेको उच्च अदालत, विराटनगर, अस्थायी इजलास ओखलढुंगाको मिति २०७३।०५।०८ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल चैत १३ गते रोज ३ शुभम्।

१२

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-RC-००७९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बिरबहादुर तामाङसमेत*

प्रतिवादीहरू घनबहादुर तामाङ, विरबहादुर तामाङ र कटकबहादुर तामाङले अदालतसमक्ष बयान गर्दा मृतक नवराज दाहालसँग कुलो पानीको विषयमा रिसइवी रहेको र सोही विषयमा वादविवाद हुँदा २०६०।०६।१५ गते बेलुका झगडा भएको, झगडा हुँदा प्रतिवादीमध्येको पदमबहादुर तामाङ र बीरबहादुर तामाङलाई मृतक नवराजले खुकुरीले प्रहार गरेपछि यी तीनै जना प्रतिवादीहरूले मृतक नवराज दाहाललाई बाँधी कुटपिट गरी रातभर राखेको, भोलिपल्ट दिक्तेलतर्फ ल्याउँदा मुढेस्थित आरोलो बाटोमा पुनः कुटपिट गर्दा मृत्यु भएको हो, वारदातमा हामी तीन जनाभन्दा अरूको संलग्नता छैन भनी स्पष्टरूपमा एकै मिलानको बयान गरेको देखिन्छ । घटनास्थल लासजाँच प्रकृति मुचुल्काबाट मृतक नवराज दाहालको लासको अनुहारमा पूरै निलडाम भई अनुहार पूरै सुन्निएको अवस्थामा रहेको भन्नेसमेत उल्लेख भएको साथै मौकामा भएको शव परीक्षण प्रतिवेदन (autopsy report) हेर्दा मृतकको मृत्युको कारण The death was due to hypovolemia, hemorrhage (external + internal) भन्ने उल्लेख भएको देखिन आयो। जाहेरवाला भगवती दाहालले मौकाको किटानी जाहेरीलाई अदालतमा आई समर्थन हुने गरी बकपत्र गरी दिएको देखिने।

प्रतिवादीहरू घनबहादुर तामाङ, विरबहादुर तामाङ र कटकबहादुर तामाङ र मृतक नवराज दाहालबीच खुकुरीसमेतले दोहोरो हानाहान भएपछि प्रतिवादीहरूले मृतकलाई नियन्त्रणमा लिई कुटपिट गरी ज्यान मारेको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसारको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरू घनबहादुर तामाङ, विरबहादुर तामाङ र कटकबहादुर तामाङलाई ऐ.ऐ.को १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू अदालतको फैसला सदर गर्ने गरी गरेको उच्च अदालत, विराटनगर, अस्थायी इजलास ओखलढुंगाको मिति

२०७४।०२।१८ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल चैत १३ गते रोज ३ शुभम्।

१३

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-RC-००८१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विष्णुप्रसाद मिश्र*

प्रतिवादी जयनारायण मिश्र र इश्वरीदेवी मिश्रले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानलाई लास प्रकृति मुचुल्का, मृतकलाई प्रतिवादी जयनारायण मिश्रले काटी मारेका हुन् भनी मैले जाहेरी दिएको हुँ भन्ने जितराम चौधरीले गरेको बकपत्र, मृतक शिद्धराज जोशी र हिरादत्त जोशीलाई प्रतिवादी जयनारायण मिश्र, निजका छोरा विष्णुप्रसाद मिश्र र इश्वरीदेवी मिश्रसमेत मिली हँसिया फरूवाले काटी मारी खाल्डोमा गाडेका हुन् भन्ने लक्ष्मीराज जोशीले गरेको बकपत्रसमेतबाट पुष्टि हुन आयो । यसरी प्रतिवादी विष्णुप्रसाद मिश्रले मृतकलाई मार्ने कार्यमा सहअभियुक्तको रूपमा कार्य गरेको अवस्था पुष्टि हुन आएबाट अभियोग दाबीअनुसारको कसुर यी प्रतिवादीले पनि गरेको देखिने।

तसर्थ, प्रतिवादी विष्णुप्रसाद मिश्रलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) को कसुरमा ऐ. १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद गरी मुलुकी ऐन, चोरीको १ र ४ नं. को कसुरमा ऐ. १४(२) नं. अनुसार ४५ दिन कैद र बिगो रू.२०,२००।- को डेढीले हुने रू. ३०,३००।- जरिवाना गरी सोबापत कैद हुने ठहऱ्याएको सुरू अदालतको फैसला सदर गर्ने गरी गरेको उच्च अदालत, दिपायलको मिति २०७४।०२।१२ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल चैत १३ गते रोज ३ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०८४९, ०६९-CR-०९८३ र ०६९-CR-०९८४, कर्तव्य ज्यान, *ज्ञानबहादुर ब्लोनसमेत वि. नेपाल सरकार, पूर्णबहादुर विश्वकर्मा वि. नेपाल सरकार र विनोद ब्लोन वि. नेपाल सरकार*

प्रतिवादी पूर्णबहादुर वि.क.ले मृतकको श्रीमती भगाई लगेको र सोही रिसइवीबाट निजलाई मार्नका लागि प्रतिवादीमध्येका ज्ञानबहादुर ब्लोनलाई रू.४०,०००।- रूपैयाँसमेत दिई मार्न आदेश (वचन) दिएको भनी निजले अदालतसमेतमा बयान गर्दा स्वीकार गर्नुका साथै निजबाट प्राप्त रकम अन्य प्रतिवादीहरूले मृतकलाई मारी बाँडी खाएको तथ्य मिसिल संलग्न प्रमाणहरूद्वारा उद्घाटित भइरहेको अवस्थामा ज्यानसम्बन्धी महलको १६ नं. मा उल्लिखित "मृतकलाई मार्नमा मुख्य भई षड्यन्त्र गर्ने" भन्ने कार्यमा मात्र निजको घटित वारदातमा संलग्नता सीमित नरही ऐ. महलको १३(४) नं. को "जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नमा वचन दिनेलाई" भन्ने व्यवस्थासँग निजको उक्त वारदातमा संलग्नता रहेको तथ्य निजको बयान र मिसिल संलग्न प्रमाणसमेतबाट पुष्टि हुन आएको देखिँदा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब नै रहेको देखिँदा कम सजाय गरिपाउँ भन्ने प्रतिवादी पूर्णबहादुर विश्वकर्माको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

म प्रतिवादी सुमन ब्लोन, ज्ञानबहादुर ब्लोन, पञ्चलाल ब्लोन र दिलबहादुर ब्लोनसमेत भई मृतकलाई घटनास्थलमा पुऱ्याई मैले मृतकलाई

घाँटीमा छुरी प्रहार गरी मारेको र मृतकलाई मारेबापत मैले रू.१५,०००।- रूपैयाँसमेत लिएको हुँ भनी कसुरमा पूर्ण साबित भई अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष समेत बयान गरेको देखिन्छ । साथै यी प्रतिवादीको घरबाट मृतक लिलाराम सुनारको मोबाइल फोनसमेत बरामद भएको बरामदी मुचुल्काबाट देखिन्छ । यसप्रकार मकवानपुर बसामाडी गा.वि.स. वडा नं. १ चनौटे सामुदायिक जङ्गलमा घाँटी रेटी टाउको नभएको बेवारिस लास रहेको भन्ने लास प्रकृति मुचुल्का, किटानी जाहेरी दरखास्त, घटनामा प्रयोग भएका हतियारको प्रकृति, पोस्टमार्टम रिपोर्ट, मौकामा बुझिएका मानिसहरूको कागज र निजहरूको अदालतमा भएको बकपत्र, प्रतिवादीहरूले एकआपसमा पोला पोल गरी गरेको साबिती बयानसमेतका मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीहरूउपरको अभियोग दाबी शङ्कारहित तवरबाट पुष्टि भई प्रतिवादीमध्ये सुमन ब्लोनले जोखिमी हतियार खुकुरी प्रहार गरी वीभत्स तवरले मृतकलाई कर्तव्य गरी मारेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब नै रहेको देखियो । साथै अर्का प्रतिवादी ज्ञानबहादुर ब्लोनसमेतले मृतकलाई मार्ने घटित वारदातमा प्रत्यक्ष संलग्न रहेको भनी कसुरमा पूर्णरूपमा साबित भई अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको बयान, मौकामा बुझिएका मानिसहरूको बयान र बकपत्र, किटानी जाहेरीसमेतबाट मृतकलाई मार्ने कार्यमा प्रतिवादीहरूको उक्त वारदातमा रहेको संलग्नतासमेतका आधारमा कम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी विनोद ब्लोनसमेतको कर्तव्यबाट मृतकको मृत्यु भएको भनी किटानी जाहेरी दरखास्त परेको र सोही बेहोरालाई समर्थन गरी जाहेरवालाले अदालतमा समेत बकपत्र गरेको देखिन्छ । प्रतिवादी ज्ञानबहादुर ब्लोनले मृतक लिलारामलाई मार्ने योजनाको बारेमा बताए तापनि त्यो कुरा निजले कसैलाई नभनेको र प्रतिवादी ज्ञानबहादुर ब्लोनलाई काठमाडौं ल्याइदिएबापत रू.२,०००।- रूपैयाँ लिएको भनी अदालतमा बयान गरेको देखिन्छ । मौकामा कागज गर्ने सोमबहादुर सुनारसमेतले मौकामा र अदालतसमेतमा उपस्थित भई बकपत्र गर्दा यी प्रतिवादीसमेतले कर्तव्य गरी मृतकलाई मारेका हुन् भनी लेखाइदिएको पाइन्छ । साथै सहअभियुक्तहरू सुमन ब्लोनसमेतले मृतकलाई मार्ने योजनामा यी प्रतिवादी विनोद ब्लोनको समेत संलग्नता रहेको थियो भनी बयान गरेको पाइन्छ । यसरी यी प्रतिवादी स्वयम्को र अन्य प्रतिवादीहरूको बयानसमेतका माथि उल्लिखित तथ्य र प्रमाणहरूबाट निज प्रतिवादीको समेत मृतक लिलाराम सुनारलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्नता रहेको तथ्य पुष्टि भएको देखिँदा अभियोग दाबीबाट सफाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतका आधारमा प्रतिवादीहरूमध्ये सुमन ब्लोनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र अन्य प्रतिवादीहरू पूर्णबहादुर विश्वकर्मा, ज्ञानबहादुर ब्लोन र विनोद ब्लोनलाई सोही महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको सुरू मकवानपुर जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।११।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०५०५, ज्यान मार्ने

उद्योग, *नेपाल सरकार वि. होमबहादुर बनेम लिम्बू*

वारदातको विषय, अवस्था र परिस्थितिसमेत हेर्दा प्रतिवादीको कार्यबाट पीडितको ज्यान मार्नेसम्मको मनसाय रहेको र मर्नेसम्मको कार्य प्रतिवादीबाट भएको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको देखिँदैन । त्यस्तै यी प्रतिवादी स्वयम्ले पीडितसँग सामान्य वादविवाद हुँदा रिस उठी एकपटक भालाले प्रहार गरी भाला त्यहीँ छाडी भागेको भन्नेसम्म बयान गरेका, पीडितको श्रीमती आइतमाया लिम्बूले समेत जाहेरीमा सोही बेहोरा उल्लेख गर्नुका साथै वारदातको प्रत्यक्षदर्शी भनिएका दिलबहादुर तामाङसमेतले अनुसन्धानका क्रममा सोही बेहोरा लेखाइदिएको समेतबाट प्रतिवादीले ज्यानसम्बन्धी महलको १५ नं. को कसुर गरेको कुरा प्रमाणद्वारा पुष्टि भएको नदेखिँदा प्रतिवादीले अभियोग दाबीबाट सफाई पाउने र प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने भनी पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला अन्यथा देखिन नआउने ।

अत: उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादी आनन्द भन्ने होमबहादुर बनेम लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहर गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीले अभियोग दाबीबाट सफाई पाउने र प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१।४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

इति संवत् २०७२ साल मङ्सिर ३ गते रोज ५ शुभम् ।

**३**

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-०७०७, नक्सा संशोधन निर्णय बदर दर्ता बदर दर्ता जग्गा खिचोला चलन, *सेख मुम्ताज वि. ब्रम्हानन्द झा*

२०२२ सालमा सर्भे नाप जाँच हुँदा वादीको जग्गाको क्षेत्रफल ०-८-५ नै भएको कुरा स्वीकार गरी भोग आवाद गर्दै आएको र अंशबन्डा गर्दासमेत सोही क्षेत्रफल स्पष्ट उल्लेख गरी वादीको भागमा परेको तथ्य स्थापित भइरहेको अवस्थामा दूषित रूपमा टायल चेकबाट क्षेत्रफल संशोधन भई प्राविधिक त्रुटिका कारण बढी क्षेत्रफल कायम गरी दर्ता गर्न नमिल्ने । नक्सा, फिल्डबुक, जग्गाधनी प्रमाणपुर्जा र साबिक नक्साअनुसार दाबीका जग्गाको क्षेत्रफल यथास्थानमा रहेको पाइन्छ भने चौहदीसमेत मिलेकै देखिन्छ । केवल कि.नं.२१९ मा लेख्नुपर्ने क्षेत्रफल कि.नं. २२९ मा र कि.नं. २२९ मा लेख्नु पर्ने क्षेत्रफल कि.नं. २१९ मा लेखिन गएको अवस्थासम्म मिसिल संलग्न प्रमाणबाट देखिन आएको आधारमा दाबीको जग्गाको क्षेत्रफल ०-८-५ को सट्टा १-१०-१० हुनसक्ने देखिँदैन । साथै विवरण फरक परे तापनि कि.नं. २२९ को क्षेत्रफल १-१०-१० को जग्गा प्रतिवादीले र कि.नं. २१९ को ०-८-५ जग्गा वादीले नै भोग गरिरहेको भनी नापी शाखा गौरबाट मिति २०६७।१०।२६ मा खटी गएका अमिनको स्थलगत प्रतिवेदन र मिति २०६०।१०।२६ मा भएको साँध सँधियारको सर्जमिन मुचुल्कासमेतबाट देखिन आउने ।

साबिक नक्सा, दर्ता र तिरो भोगको आधारमा मालपोत ऐन, २०३४अनुसार विवरण फरक परेमा संशोधन गर्न सकिने कानूनी व्यवस्थाअनुसार कारवाही अगाडि बढाउनु भनी नापी विभागको च.नं. २३८ मिति २०६१।७।२४ को पत्रसाथ फाइल नापी शाखा रौतहट गौरमा प्राप्त भई बुझ्नु पर्ने प्रमाण बुझी मालपोत कार्यालय, रौतहटले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (२) र (३) को कानूनी व्यवस्थाअनुसार प्रतिवादीको निवेदन मागबमोजिम क्षेत्रफल संशोधन हुने गरी मिति २०६४।८।२४ मा गरेको निर्णय

कानूनसम्मत नै हुँदा वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, उल्लिखित तथ्य, कानून र विवेचित आधार र कारणसमेतबाट साबिकको दर्ता, तिरो, नाप नक्साबाट खुली आएको क्षेत्रफल, ७ नं. फाँटवारीमा उल्लिखित बेहोरा, वादीका अंशियारका बीचमा भएको बन्डापत्रमा उल्लिखित कि.नं. र क्षेत्रफललगायतका लिखत प्रमाणका आधारमा जिल्ला रौतहट रघुनाथपुर गा.वि.स. वडा नं. ४(क) कि.नं. २१९ मा लेख्नु पर्ने क्षेत्रफल ०-८-५ कि.नं. २२९ मा र कि.नं. २२९ मा लेख्नु पर्ने क्षेत्रफल १-१०-० कि.नं. २१९ मा लेखिन गएकोमा सो प्राविधिक त्रुटि संशोधन गरी कि.नं. २२९ को क्षेत्रफल १-१०-० र कि.नं. २१९ को क्षेत्रफल ०-८-५ नै कायम गर्ने गरेको मालपोत कार्यालय, रौतहटको मिति २०६४।८।२४ को निर्णय सदर कायम गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।४।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल मङ्सिर ३ गते रोज ५ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-०५५१,०५५२, अंश दर्ता, *महेन्द्र साहसमेत वि. छत्तर साहसमेत*

वादी प्रतिवादीहरू अंशियार नाताका मानिस भएकोमा विवाद नभई मुख मिलेको अवस्था छ। वादी प्रतिवादीबीच सम्पत्ति लिनु दिनु गरी अंशबन्डा भएको पारित लिखत छैन। निजहरूबीच यस अगावै अंशबन्डा भइसकेको भन्ने व्यवहार प्रमाणबाट नदेखिँदा वादीले प्रतिवादीबाट अंश पाउने ठहर गरी भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था देखिएन। जहाँसम्म शंकर भगतको अंश भागको सम्पत्ति महन्थको हैसियतले प्रतिवादी अगम साह हुँदै ओमप्रकाश साहमा आएको सम्पत्ति बन्डा हुनु नपर्ने भन्ने जिकिरतर्फ विचार गर्दा शंकर भगतको सम्पत्ति धुथर साह हुँदै ओमप्रकाशसम्म आएकोमा विवाद छैन । शंकर भगतले निजी गुठी राखेको भने पनि त्यसको प्रमाण पेस भएको छैन भने पुनरावेदक अगम साह र ओमप्रकाश साह निज शंकर भगतका चेलाका चेला भएको कुरा पनि भनाईबाहेक अन्य आधार ठोस सबुद प्रमाण पेस भएको नदेखिँदा शंकर भगतबाट प्राप्त सम्पत्ति बन्डा हुनु नपर्ने भन्न मिल्ने देखिन नआउने।

पुनरावेदक सोमनी साह नामदर्ताको तायदाती फाँटवारीमा उल्लिखित कि.नं. २६५ को ०-३-१० र कि.नं. ३२२ को ०-६-१२ जग्गा बन्डा हुने ठहर गरेको प्रसङ्ग छ । त्यसतर्फ हेर्दा सो जग्गा निज सोमनीले उनाउ व्यक्तिबाट फिरादपत्र परेपछि राजीनामा गरी खरिद गरेको देखिन्छ । मानो छुट्टिए पछि खरिद गरेको जग्गा बन्डा नलाग्ने हुँदा सो जग्गासमेत बन्डा हुने ठहऱ्याएको सप्तरी जिल्ला अदालतको सो फैसला मिलेको देखिन आएन । यसैगरी अनिता साह नाम दर्ताको कि.नं. २७२ को ०-३-११ को र ३४७ को ०-१२-४ जग्गा बन्डा नलाग्ने भन्ने जिकिरतर्फ विचार गर्दा ती जग्गा अनिताले ससुरा अगम साहबाट हालको बकसपत्र गरी लिएको देखिन्छ । प्रमाण ऐन,२०३१ को दफा ६ (क) बमोजिम त्यस्तो सम्पत्ति सगोलको सम्पत्ति मानिने र ससुराबाट बुहारी अनिताका नाममा आएको कारणले मात्र बन्डा नलाग्ने भन्न कानूनतः नमिल्ने हुँदा ती दुई कित्ता बन्डा हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजबिराजको फैसला मिलेकै देखियो । तसर्थ सर्वोच्च अदालतको मिति २०६६।३।२४ को फैसला र माथि विवेचित आधार प्रमाणबाट सुरू अदालतले फिराद परेको अघिल्लो दिनसम्मको तायदाती फाँटवारी माग गरेकोमा फिरादपत्र

दर्ता भई मुद्दा चलिरहेको बखत मिति २०५७।१०।२० मा खरिद गरेको जग्गासमेत बन्डा लाग्ने गरी सोमनी देवी नाउँको जिल्ला सप्तरी गाउँ विकास समिति इटहरी विष्णुपुर वडा नं.७ को कि.नं.२६५ को क्षेत्रफल ०-३-१० र ऐ.ऐ. वडा नं. ९ कि.नं. ३२२ को क्षेत्रफल ०-६-१२ जग्गा निजले र.नं. ४९७९ मिति २०५७।१०।२० मा खरिद गरेको जग्गा बन्डा हुने ठहऱ्याएको हदसम्म सप्तरी जिल्ला अदालतको मिति २०६१।२।१८ को फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, राजविराजको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा सुरू सप्तरी जिल्ला अदालतको मिति २०६१।२।१८ को फैसला केही उल्टी गर्ने गरी भएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल चैत १४ गते रोज १ शुभम्।

- यसै प्रकृतिको ०६८-CI-०५५३,०५५४, अंश दर्ता, *महेन्द्र साहसमेत वि. शत्रूघन साह* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## २

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०८१५, उत्प्रेषण, *कर्णमाया राई वि. जयप्रसाद तामाङसमेत*

अंश तथा लेनदेन मुद्दाहरूमा भएका फैसलाहरूबाट निवेदकले लिएको ऋणको दायित्व अन्य अंशियारहरूले बहन गर्नुपर्ने नदेखिएको अवस्थामा निवेदकबाट भरिपाउने बिगोको विषयलाई लिएर अंश मुद्दाको फैसला कार्यान्वयन रोक्न मिल्नेसमेत देखिएन। फैसला कार्यान्वयन गर्दा अदालतबाट भएका फैसलाहरूको मर्म र भावनाअनुसार गर्नुपर्ने हुन्छ। फैसला कार्यान्वयन गर्ने निकाय तथा अधिकारीबाट फैसलाबमोजिम नै कार्यान्वयन प्रक्रिया अघि बढाउने गरी कानूनसम्मत आदेश भएको अवस्थामा रिट क्षेत्राधिकार ग्रहण गरी माथिल्लो निकायबाट हस्तक्षेप गर्नु उचित हुँदैन। प्रस्तुत रिट निवेदनको सन्दर्भमा सुरू तथा पुनरावेदन अदालतबाट भएका आदेशहरूमा गम्भीर कानूनी त्रुटि रहेको भन्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने स्थितिको विद्यमानता रहेको नदेखिने।

अतः मिति २०६५।४।१२ मा अंश मुद्दा परी सकेपछि मिति २०६३।५।१० को तमसुक भनी मिति २०६६।४।१२ मा नालिस गरी अंश हकको कुरालाई असर पार्ने गरी दिएको लेनदेन मुद्दाको नालिस र सोको आधारमा भएको फैसला कार्यान्वयनका सिलसिलामा भएका आदेशमा उत्प्रेषणको आदेश जारी हुनसक्ने देखिएन। फैसला कार्यान्वयनका क्रममा भएका सुरू तथा पुनरावेदन अदालतबाट भएका आदेशले कानूनी मान्यता पाउने नै हुँदा उक्त आदेशहरू बदर गरिपाउँ भनी निवेदकले लिएको उत्प्रेषणको मागदाबी खारेज हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

- ०७१-WO-०८४३, उत्प्रेषण, *जयप्रसाद तामाङ वि. कर्णमाया राईसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## ३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०१५६, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. किशोर लिम्बू सुब्बासमेत*

ज्यान मार्ने उद्योगको कसुर हुन कसुरजन्य कार्य ज्यान मार्ने मनसायले भएको हुनुपर्छ। मनसायपूर्वक आक्रमण गर्दा तेस्रो पक्षको हस्तक्षेप भई पीडितको ज्यान मर्न नपाएको अवस्था देखिनु पर्छ। यस वारदातमा पीडितमाथि प्रहार हुँदा निजलाई अन्य

सँगै रहेका साथीले प्रतिरोध गरेका कारण पीडितको ज्यान बचेको नभई पीडित आफैँ तर्केर भागेको स्थिति छ । पहिले नै मार्ने योजना बनाई प्रतिवादीहरू वारदातस्थलमा गएको र प्रहार गरेको भए पीडितको हातका औंला काटिनेसमेतका क्षति मात्र नभई गम्भीर शारीरिक क्षति हुन जाने प्रकृति रहेको देखिन नआउने ।

प्रत्यर्थी प्रतिवादीहरूको पीडितहरूसँग ज्यान मार्नेसम्मको पूर्वरिसइवी केही नदेखिएको, ज्यान मार्नेसम्मको कार्य नभएको, वारदात घटित हुँदा पीडिततर्फ र प्रत्यर्थी प्रतिवादीहरूतर्फ धेरै जनाको उपस्थिति रहेको, प्रत्यर्थीहरूले पीडितलाई प्रहार गर्दा तेस्रो पक्षको हस्तक्षेपका कारण पीडितको ज्यान जोगिएको नभई आक्रमण सुरु भएपछि पीडित आफैँ तर्केर भाग्न सफल भएको र घटनाबाट पीडितलाई हुन गएको घा क्षतिको अवस्थासमेतबाट प्रतिवादीहरूउपरको ज्यान मार्ने उद्योगको अभियोग दाबी प्रमाणित हुनसकेको नपाइने ।

तसर्थ, माथि विवेचित आधार कारणबाट सुरु फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादीहरू किशोर लिम्बू सुब्बा, सुरज झाडे भन्ने सुर्य राई र हेमन्त गुरूङसमेतको ज्यान मार्ने उद्योगको अभियोगलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७बमोजिम दुनियाँवादी कुटपिटमा परिणत हुने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।७।२३ मा भएको फैसला मिलेको हुँदा सदर हुने ।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१४७३, जबरजस्ती करणी, *नेपाल सरकार वि. नविन धामी*

कानूनबमोजिम जन्मदर्ताको रेकर्ड राख्ने निकायमा पीडितको रेकर्ड नरहेपछि पीडितको वर्ष यकिन गर्नका लागि जिल्ला अदालतबाट वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पीडितको शरीर परीक्षण गर्न पठाएको पाइन्छ । उक्त प्रतिष्ठानका प्राध्यापक डा.वि.एन. यादवले उमेर यकिन गर्न गर्नुपर्ने परीक्षण गरी वारदात हुँदा पीडितको उमेर १५ देखि १६ वर्षको रहेको भनी प्रतिवेदन दिएको देखिन आउँछ । प्रा. डा. वि. एन. यादव स्वयम् अदालतमा उपस्थित भई पीडितको भौतिक शरीर, हात र शरीरको विभिन्न हड्डीको परीक्षणबाट देखिएको निचोडअनुसार पीडितको उमेर १६ वर्ष पुगेको देखिने भनी बकपत्र गरेको पाइन्छ । जन्मदर्ता गर्ने कानूनी कर्तव्य भएको गा.वि.स. मा पीडितको जन्ममितिको रेकर्ड नरहेको स्थितिमा पीडितको शरीर परीक्षणबाट देखिएको वर्षअनुसार वारदात हुँदा पीडित १६ वर्षकि रहेको तथ्य पुष्टि भएको देखियो । यसबाट वारदात हुँदा पीडितको उमेर १४ वर्ष रहेको भन्ने अभियोग दाबी मिसिल संलग्न सम्बद्ध प्रमाणबाट प्रमाणित हुनसकेको नपाइने ।

वारदात हुँदा प्रत्यर्थी प्रतिवादीको रहेको उमेर, पीडितको उमेर, वारदातपछिको पीडितको शारीरिक अवस्था एवम् प्रत्यर्थी प्रतिवादीको मौकामा र अदालतमा भएको बयान कागजलाई दृष्टिगत गर्दा प्रस्तुत वारदातमा पुनरावेदन अदालतबाट प्रत्यर्थी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको दफा ३ को देहाय ४ नं. मा उल्लिखित न्यूनतम ५ वर्ष सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलामा पुनरावेदनमा जिकिर लिएबमोजिम कानूनको प्रयोग र पालनामा कुनै त्रुटि नरही मिलेको देखिँदा प्रत्यर्थी प्रतिवादीलाई अभियोग दाबीअनुरूप सजाय हुनुपर्छ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसमेत पुग्नसक्ने देखिन नआउने ।

तसर्थ, माथि विवेचित आधार र प्रमाणबाट सुरू सुनसरी जिल्ला अदालतको फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादी नवीन धामीलाई मुलुकी ऐन,

जबरजस्ती करणी महलको १ नं. र ३ नं. को देहाय ४ नं. को कसुरमा ऐ. ३ नं. को देहाय ४ नं. बमोजिम ५ वर्ष कैद गर्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६६।३।३० मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१६२८, आवेशप्रेरित ज्यान, *नेपाल सरकार वि. सीताराम थारूसमेत*

मृतकका छोराले पसलमा प्रत्यर्थीहरूले बुबालाई कुटपिट गरेको र प्रत्यर्थी सितारामले काठको पटराले हानेको भनी बकपत्रमा लेखाएको तथ्य मृतक र प्रत्यर्थी प्रतिवादीहरूलाई पसलअगाडि देखेका बुद्धिराम थारूले मौकामा गरेको कागज र अदालतमा गरेको बकपत्रबाट खण्डित हुन गएको देखिन्छ । मादक पदार्थ सेवन गरेको ठाउँ प्रत्यर्थी सितारामको घर वरिपरि बाँसको झाडी रहेबाट अ. ५०० मिटर परबाट यी प्रत्यर्थीहरूले कुटपिट गरेको देखे भन्ने प्रत्यक्षदर्शी भनिएका प्रकाशको भनाइ तथ्यगत रूपबाट पुष्टि भई प्रमाणित हुन आएको देखिँदैन । यसप्रकार मिसिल संलग्न कुनै पनि सङ्कलित तथ्यबाट प्रत्यर्थी प्रतिवादीहरूले पनि मृतकलाई कुटपिट गरेका हुन् भनी प्रकाश नेपालीले मौकामा गरेको कागज र अदालतमा गरेको बकपत्र प्रमाणित हुन नसकेको हुँदा प्रत्यर्थी प्रतिवादीहरू सिताराम थारू र राम लौटन थारूउपरको अभियोग दाबी पुग्न नसक्ने गरी पुनरावेदन अदालतसमेतबाट भएको फैसलालाई अन्यथा रहेको भन्न मिल्ने नदेखिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट प्रत्यर्थी प्रतिवादीहरू सिताराम थारू र रामलौटन थारूले अभियोग दाबीबाट सफाई पाउने गरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०७०।२।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-११५५, कर्तव्य ज्यान, *लक्ष्‍ कुमार गुरूङ वि. नेपाल सरकार*

घटना वारदातका प्रत्यक्षदर्शी मृतकका छोरा सुमन वि.क. र सुमित वि.क.ले "कुमार मामाले आमालाई कपालमा समाई चक्कु र कुकरले हानि भित्तामा घचेटी दिएपछि रगतै भई ढल्नु भएको" भनी प्रतिवादीको संलग्नता रहेको कुरा मौकाको कागजमा उल्लेख गरी अदालतसमक्षको बकपत्रमा समेत सोही बेहोरा समर्थन गरी लेखाएको देखिन्छ । यसैगरी मौकामा कागज गर्ने इन्दिरा सुनार, राजकुमार वि.क. समेतले यिनै प्रतिवादीले मृतकलाई कुटपिट गरी मारेको भनी मौकामा लेखाएको बेहोरालाई समर्थन गरी अदालतसमक्ष बकपत्र गरिदिएको देखिन्छ । प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष बयान गरेअनुसारकै चोटपटक मृतकको शरीरमा रहेको देखिन्छ भने घटनास्थल प्रकृति मुचुल्काबाट भित्तामा टाउको ठोक्किएको दागसमेत देखिएको छ। यसरी यी प्रतिवादीले आफूले देखभाल गरेकी महिलाले अर्को पुरूषसँग करणी गरेको भनी इवी लिई मृतकलाई मार्ने मनसायले प्रेसर कुकर एवम् चक्कु प्रहार गरी कुटपिट गरेको कारणबाट मृतकको मृत्यु भएको भन्ने तथ्य

शङ्कारहित रूपबाट पुष्टि हुन आएको देखिने।

वस्तुतः शव परीक्षण प्रतिवेदनबाट मृतकको शरीरमा रहेका घाउ चोटको अवस्था, ती घाउ चोट मृत्युअघि वा पछि के कस्तो कारणबाट लाग्न गएको हो एवम् मृतकको मृत्यु हुनुमा कुन कारण जिम्मेवार रहेको देखिन्छ भन्ने कुरा वैज्ञानिक आधारमा तथ्यको विश्लेषण गरी निष्कर्ष उल्लेखन हुने हुन्छ। मृतकलाई को कसले प्रहार गरेको हो भन्ने कुरा मिसिल संलग्न अन्य सबुद प्रमाणको मुल्याङ्कनबाट ठहर हुने विषय हो। के कुन व्यक्तिले उक्त घाउ चोट पुऱ्याएको भन्ने किटान गरी शव परीक्षण प्रतिवेदनमा उल्लेख हुनु नपर्ने।

आफूले प्रहार गरेको चोटबाट मृतकको मृत्यु भएको भन्ने उल्लेख नभएको आधारमा आरोपित कसुरबाट सफाई पाउनुपर्दछ भन्ने प्रतिवादीको जिकिर कानूनसम्मत रहेको मान्न नमिल्ने। प्रतिवादी मौकाको बयानमा आरोपित कसुरमा साबित रही अदालतसमक्षको बयानमा इन्कार रहेको देखिन्छ। प्रतिवादीले मौकाको बयान डर धाक र त्रासमा परी गरेको हो भन्ने विश्वसनीय ढंगले पुष्टि गर्नसकेको देखिँदैन । प्रतिवादीले मौकाको बयानमा लेखाएअनुरूपकै घाउचोट मृतकको शरीरमा रहेको देखिन्छ । घटनाका प्रत्यक्षदर्शीलगायत मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट प्रतिवादीको मौकाको बयान समर्थित भइरहेको देखिँदा आफूउपरको अभियोग दाबीबाट सफाई पाइन्छ कि भनी मौकाको बयान इच्छा विरूद्ध लिएको भनी प्रतिवादीले जिकिर लिँदैमा अदालतले त्यसलाई विश्वासयोग्य मान्न नमिल्ने।

माथि विवेचित आधार कारणबाट मृतक चन्द्र वि.क. लाई निजकै कोठामा रहेको चक्कु तथा कुकरले प्रहार गरी कर्तव्य गरी मारेको हुँ भनी प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा साबित रहेको, प्रतिवादीको उक्त साबिती बयान प्रत्यक्षदर्शी मृतकका छोरा सुमन वि.क. र सुमित वि.क.को अदालतसमक्षको बकपत्रबाट समर्थित हुन आएको, मौकामा कागज गर्ने इन्दिरा सुनार, राजकुमार वि.क. समेतको कागज एवम् अदालतसमक्षको बकपत्रसमेतबाट प्रतिवादीले मृतक चन्द्र वि.क. लाई कुटपिट गरी कर्तव्य गरी कानून निषिद्ध कसुर अपराध गरेको भन्ने कुरा शङ्कारहित तवरबाट पुष्टि हुन आएको देखिँदा प्रतिवादीलाई सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः प्रतिवादी लक्ष्मुकुमार गुरूङलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी सुरू कास्की जिल्ला अदालतबाट मिति २०६०।९।२८ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०६१।६।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल फागुन १० गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०७४६, उत्प्रेषण / परमादेश, *प्रभा बराल (लामिछाने) वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत*

नेपाल आर्थिक योजना तथ्याङ्क सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को कानूनी व्यवस्थाअनुसार रा.प. द्वितीय श्रेणी खुला प्रतियोगितात्मक परीक्षाको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर नै हुनुपर्ने भन्ने व्यवस्था रहेको तर रा.प. द्वितीय श्रेणी आन्तरिक प्रतियोगिताको लागि चाहिने आवश्यक शैक्षिक योग्यता

रा.प. तृतीय श्रेणीको सेवा प्रवेशको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता अर्थात् स्नातक तहको शैक्षिक योग्यता भए हुने व्यवस्था रहेकोले आन्तरिक र खुलातर्फको शैक्षिक योग्यता फरकफरक नै हुनुपर्ने देखिँदा निवेदन मागबमोजिम आन्तरिक प्रतियोगिताका लागि आवश्यक पर्ने शैक्षिक योग्यता नै सोही पदको (राजपत्रांकित द्वितीय श्रेणी) खुलातर्फको विज्ञापनमा उपयुक्त हुन्छ भन्ने निवेदकको माग तर्कसङ्गत देखिन नआउने।

समानहरूबीचमा नै समान व्यवहार गर्नु र असमानहरूबीच असमान व्यवहार गर्नु नै समानताको सिद्धान्त हुने । कानूनमा नै स्पष्टरूपमा रा.प. द्वितीय श्रेणीको आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि चाहिने आवश्यक न्यूनतम् शैक्षिक योग्यता रा.प. तृतीय श्रेणीको भए हुने अर्थात् आन्तरिक प्रतियोगिता एउटा बढुवाको स्वरूप भएकोले रा.प. तृतीयको शैक्षिक योग्यताको भए हुने व्यवस्था रहेको देखिन्छ । तथापि उक्त रा.प. द्वितीय श्रेणीकै खुला प्रतियोगिताको लागि आवश्यक न्यूनतम् शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नातकोत्तर हुनु पर्ने भन्ने प्रष्ट रूपमा उल्लेख भएको पाइन्छ । सम्बन्धित विषयमा पनि मान्यताप्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्याशास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमध्ये कुनै विषयमा स्नातकोत्तर वा सोसरह भनेर प्रष्टरूपमा उल्लेख भएकोमा निवेदिकाले अर्थशास्त्र विषयमा हासिल गरेको स्नातकोत्तर विषय उक्त ४ वटा विषयसँग मेल खान्छ भन्नु युक्तिसङ्गत देखिन नआउने।

निवेदकले नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा समूहको खुला पदको लागि पेस गरेको शैक्षिक योग्यता अर्थशास्त्र विषयमा स्नातकोत्तर देखिएकोले मात्र उक्त विज्ञापनमा माग गरिएको आवश्यक शैक्षिक योग्यताभित्रको नदेखिएको हुनाले योग्यता नपुगेका उम्मेदवार प्रभा बरालको दरखास्त फाराम परीक्षामा सामेल भएपछिसमेत रद्द गरिएको कुराले निवेदकको कुनै कानूनी हकमा आघात पर्न गएको नदेखिने।

तसर्थ माथि उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा लोक सेवा आयोगको विज्ञापन नं. १७०२४।०७१।०७२ सेवा तथ्याङ्क समूह रा.प. द्वितीय श्रेणी पदको विज्ञापनमा रोल नं. १३०००२ बाट फाराम भरी दरखास्त स्वीकृत भई परीक्षमा सामेल भएपश्चात् विपक्षी लोक सेवा आयोगको सूचना नं. २।०७१।०७२ मा दरखास्त फाराम रद्द गरिएको सूचना कानूनबमोजिम नै रहेको तथा उक्त रद्द गरिएको सूचनाले निवेदकको कुनै संवैधानिक वा कानूनी हकमा असर पारेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७३ चैत १५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-०४७८, ०७१-CR-०६५५ र ०७१-CR-०७०१, कर्तव्य ज्यान, *सन्तोष चौधरी वि. नेपाल सरकार, वेचनप्रसाद चौधरी वि. नेपाल सरकार र नेपाल सरकार वि. सन्तोष चौधरी*

जाहेरवालाले अदालतमा आई यी प्रतिवादीहरू समेत भई आफ्नो बाबु मृतक काशीराम पाण्डेलाई कर्तव्य गरी मारेको भनी जाहेरीलाई समर्थन गरी बकपत्रसमेत गरिदिएको अवस्था छ । मृतकलाई छुराले पटकपटक प्रहार गरी ज्यान मारेको भन्ने प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको बयानलाई Cardiogenic shock due to excess bleeding भन्नेसमेतको शव परीक्षण प्रतिवेदनले पुष्टि गरिरहेको देखिन्छ। वारदातस्थलबाट प्रतिवादीहरूको बयानमा उल्लिखित मृतकको साइकल, वारदातमा

प्रयोग भएको छुरी, मृतकको जुत्ता, टोपीलगायतका दशीहरू समेत बरामद भएको देखिएको छ । उल्लिखित तथ्य प्रमाणहरूको परिप्रेक्ष्यमा विचार गर्दा यी प्रतिवादीहरूको समेत संलग्नतामा मृतक काशीराम पाण्डेलाई कर्तव्य गरी ज्यान मारेको भन्ने पुष्टि भइरहेको देखिन्छ । इन्कारीलाई स्थापित गर्ने ठोस प्रमाणको अभावमा अदालतमा गरेको प्रतिवादीहरूको इन्कारी बयानलाई मान्न सकिने अवस्था नदेखिने।

अनुसन्धान अधिकारीसमक्षको बयानमा प्रतिवादीमध्ये वेचनप्रसाद चौधरीले कम्मरको भागमा चक्कुले प्रहार गरेको भन्ने उल्लेख भए तापनि घटनास्थल लास जाँच मुचुल्काबाट मृतकको कम्मर खुट्टातर्फको भागमा चक्कु / छुरीले काटिएको घाउ रहेको भन्ने उल्लेख भएको नदेखिएको तथा शव परीक्षण प्रतिवेदनबाट समेत Multiple Cut injury भन्नेसम्म उल्लेख भएको तथा चक्कुको बिँड भाँचिएको अवस्थाको देखिँदा यी प्रतिवादीहरूले समेत हतियार छाडेको भन्ने अवस्था पुष्टि हुनसकेको नदेखिएकोले निज प्रतिवादीहरूले मृतकको दुवैहात समाती ज्यान मार्नमा संयोग परिदिएको भन्ने तथ्य उल्लिखित प्रमाणहरूबाट स्थापित भएको देखिने।

तसर्थ उल्लिखित सबुद प्रमाणको आधारमा यी पुनरावेदक प्रतिवादीहरूले मृतकको दायाँ बायाँ हातमा समाती मार्नका लगि संयोग पारिदिएको भन्ने सप्रमाण पुष्टि हुन आएकोले निज पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जन्मकैद गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहने।

घटना घट्दाको अवस्थामा यी पुनरावेदक प्रतिवादीहरूको मृतकसँग पूर्वरिसइवी अथवा पूर्वमनसाय भएको भन्ने अवस्था नदेखिएको, प्रतिवादी ऋषीराम चौधरी यी पुनरावेदक प्रतिवादीहरूको नाताका व्यक्ति भएकोले निजहरू समेतलाई रकम लिने दिने विषयमा छलफल गर्न बोलाई लगेको भन्नेसम्मको अवस्था देखिएको, घटनाको वस्तु स्थिति, घटना घट्दाको समग्र परिस्थितिसमेतलाई विचार गर्दा निज प्रतिवादीहरू सन्तोष चौधरी र वेचनप्रसाद चौधरीलाई हदैसम्मको सजाय गर्दा चर्को हुने देखिएको र मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम जनही ७ वर्ष कैद गर्दा न्यायको उद्वेश्यसमेत परिपूर्ति हुने देखिएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जन्मकैद ठहर गरी अ.बं. १८८ नं. बमोजिम जनही कैद वर्ष ७ हुने रायसहितको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७१।०१।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल भदौ ७ गते रोज ४ शुभम्।

## इजलास नं. ४

### १

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६९-CI-०६३५, लेनदेन, *मायादेवी भट्टराई (दाहाल) वि. रामहरि अधिकारीसमेत*

पुनरावेदक प्रतिवादीले वादीहरूले लिखत पास गरी माग्न नआएको वादीहरूको प्रत्येकको फरक विचार भयो पास गर्न कुरै गर्नु भएन, लिखतमा उल्लिखित बेहोरा उल्लङ्घन वादीहरूबाट नै भएको छ । लिखतको बेहोरा कपाली नभएर करारनामाको कागज हो भनी जिकिर लिएको भए तापनि लिखतको नाम विशेष प्रतिफल लिने दिने व्यापारिक प्रकृतिको नभएको लिखतमा कुनै विशेष कानूनअनुसार उपचार प्रदान हुने

भन्ने व्यवस्था उल्लेख भएको भए सो लागू हुने थियो सो बेहोरा पनि यो लिखतमा नलेखिएको देखिँदा मुलुकी ऐन, लेनदेन व्यवहारको महल नै आकर्षित हुने हुनाले सो महलको ६ नं. मा ...लिखतमा ब्याज नलेखिएकोमा ब्याज लाग्दैन... भनी भन्नेसमेत बेहोरा उल्लेख भएबाट प्रत्यर्थी वादीले पुनरावेदक प्रतिवादीबाट बैनाबापतको रकम रू.१,७५,०००।– सम्म भराइ लिन पाउने नै देखियो । अतः पुनरावेदक प्रतिवादीबाट प्रत्यर्थी वादीले बैना रकमसम्म भराइ पाउने गरि पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।४।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०१७८ र ०६९-CR-०१९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. डिल्लीबहादुर बुढामगरसमेत र टेकबहादुर बुढामगर वि. नेपाल सरकार*

प्रतिवादी टेकबहादुर बुढाले मृतकलाई मार्नेसम्मको योजना बनाएको नभई तत्काल भएको झगडाका कारण मृतकले आफ्ना बाबुलाई हानेपछि सोही लाठी खोसी हान्दा मृतकको मृत्यु भएको देखिन्छ । कुटपिटमा प्रयोग भएको भनिएको लाठी बरामद हुनु र प्रतिवादी टेकबहादुर बुढामगरले उक्त लाठीलाई सनाखत गरिदिएको समेतका मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीले मृतकलाई मार्नेसम्मको कसुर गरेको कुरा शङ्कारहित तवरबाट पुष्टि हुन आयो । उक्त कसुर तत्काल उठेको रिसका कारणबाट आवेशमा आई भएको देखिँदा यी प्रतिवादी टेकबहादुर बुढामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अनुसार १० (दश) वर्ष कैद सजाय हुने ठहरी भएको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादीहरू गणेशबहादुर बुढामगर, भुमा बुढामगर र डिल्लीबहादुर बुढामगरले आफूहरूको घटनामा संलग्नता छैन भनी कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरेका र मृतकको टाउकोमा दुईवटा मात्र चोट लागेको देखिँदा सबै प्रतिवादीहरूको कुटपिटबाट सो चोट लागेको नभई एकैजना अर्थात् प्रतिवादी टेकबहादुरको चोट प्रहारबाट मृतकको टाउकोमा चोट लागेको स्पष्ट भएको छ । प्रतिवादीहरू सबैले मृतकलाई कुटपिट गरेको भए मृतकको शरीरमा २ भन्दा बढी चोट हुनुपर्दथ्यो सो नभएको अवस्थामा केवल जाहेरवाला र प्रहरीमा कागज गर्ने साबित्री बुढामगर, विमला बुढामगर र बिन्दु बुढासमेतका मानिसहरूको घटना विवरण कागज तथा प्रत्यक्षदर्शी भनिएका भिमबहादुर बुढा र बिन्दु बुढासमेतको अदालतसमक्षको बकपत्रलाई सत्य तथ्यमा आधारित भन्न सकिएन । तसर्थ यी प्रतिवादीहरू गणेशबहादुर बुढामगर, भुमा बुढामगर र डिल्लीबहादुर बुढामगरलाई कसुरदार कायम गरी अभियोग मागदाबीअनुसार सजाय गर्ने गरी भएको शुरू जिल्ला अदालतको फैसला सदर कायम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

अतः मृतकको मृत्यु Head injury बाट भएको भन्ने पोस्टमार्टम रिपोर्ट, मृतकलाई आफूले लाठीले हानेको सोही चोटका कारण मृतक ओमप्रकाश बुढामगरको मृत्यु भएको हो भनी प्रतिवादी टेकबहादुर बुढाले कसुरमा साबित रही अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गरेको देखिएको र अन्य प्रतिवादीहरू कसुरमा इन्कार रहेको अवस्थामा प्रतिवादी टेकबहादुर बुढामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अनुसार १०(दश) वर्ष कैद सजाय हुने र अन्य प्रतिवादीहरू डिल्लीबहादुर बुढामगर, गणेशबहादुर बुढामगर र भुमा बुढामगरलाई आरोपित कसुरबाट सफाई पाउने ठहऱ्याई पुनरावेदन अदालत,

तुलसीपुरबाट मिति २०६८।११।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: मुकुन्द आचार्य
कम्प्युटर: देवीमाया खतिवडा
इति संवत् २०७३ साल पुस २४ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-RC-००६७ र ०७२-CR-१८८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विकास खड्का र विकास खड्का वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धानको क्रममा गरेको साबिती बयान जाहेरी बेहोरा एवम् जाहेरवालाको अदालतसमक्ष भएको बकपत्र, मौकामा बुझिएका मानिसहरूको कागज एवम् निजहरूको अदालतमा भएको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएकोले प्रतिवादीले कुटपिट गरी मुख थुनी सम्राट दाहाललाई कर्तव्य गरी मारेको देखिन आयो। प्रतिवादीको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. बमोजिमको कसुर भएकोले प्रतिवादी विकास खड्कालाई सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने।

वारदात हुँदाको परिस्थितिलाई विचार गर्दा वारदातको समयमा यी प्रतिवादी रक्सी सेवन गरेको अवस्थामा बच्चा रोइकराई गरेकोले कुटपिट गरेको एवम् मुख थुनेको देखिन्छ। सम्राट दाहाललाई मार्नु पर्नेसम्मको इविलाग केही नभएको, वारदात घटाउनलाई कुनै जोखिमी हातहतियारको प्रयोगसमेत गरेका छैनन्। रोइकराई गरेकोले हातले कुटपिट गरेको देखिन्छ। उल्लिखित वारदात घट्दाको परिस्थितिलाई मध्यनजर गर्दा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (३) नं. बमोजिम सजाय गर्दा कसुरको अनुपातमा चर्को पर्ने जाने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ७ वर्ष कैद सजाय गर्न न्यायोचित हुने भई ऐनको मकसदसमेत पूरा हुने।

तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी विकास खड्काले कर्तव्य गरी सम्राट दाहाललाई मारेको देखिएकोले निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३(३) नं. बमोजिमको कसुर भएकोले निज प्रतिवादी विकास खड्कालाई सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ७ वर्ष कैद सजाय हुने।
इजलास अधिकृत: रामु शर्मा
कम्प्युटर: बासुदेव गिरी
इति संवत् २०७३ चैत २१ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६७-WO-०८४४, उत्प्रेषण, *जगतबहादुर सिंह वि. सेती अञ्चल अस्पताल विकास समिति धनगढी, कैलालीसमेत*

स्पष्टीकरण सन्तोषजनक नभएको भनी निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. गणेशबहादुर सिंहबाट दोस्रो पटक स्पष्टीकरण सोधिएको विषयमा विपक्षीबाट त्यसको खण्डन गर्न नसकी स्वीकार गरेको देखिन्छ। सेती अञ्चल अस्पताल नियमावली, २०६३ को नियम १५.७ (क) मा सहायक तहका कर्मचारीका हकमा मेडिकल सुपरिटेन्डेन्टले सजायको आदेश दिने व्यवस्था रहेको देखिन्छ भने नियम १५.१० मा सजायको आदेश दिन पाउने अधिकारी अर्थात् मेडिकल सुपरिटेन्डेन्टले कारवाही गर्न लागिएको कारण उल्लेख गरी कर्मचारीलाई उचित म्याद दिई सफाइको मौका दिनु पर्ने व्यवस्था गरिएकोमा आ.व. ०६६।०६७ को अस्पतालको आन्तरिक राजस्व रकम दाखिल गर्नु भनी

निवेदकहरूलाई अस्पताल विकास समितिले मिति २०६७।४।४ मा पत्राचार गरी मिति २०६७।४।२४ मा सफाई पेस गर्नु भनी जानकारी गराई सेवाबाट हटाउने प्रक्रिया अवलम्बन गर्दा निवेदकहरूलाई उक्त नियम १५.५(ख) मा उल्लिखित लापरवाही वा बदनियतले काम गरेको भनी सोही नियम १५.५(ख) बमोजिम भविष्यमा अस्पतालको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने गरी निर्णय भएको देखियो । नियम १.२ (च) मा मेडिकल सुपरिटेन्डेन्ट भन्नाले अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट सम्झनु पर्छ भन्ने र नियम १५.७ (क) ले सहायक तहका कर्मचारीका हकमा सजायको आदेश दिने अधिकारी मेडिकल सुपरिटेन्डेन्ट हुने भन्ने स्पष्ट कानूनी व्यवस्था भइरहेकोमा निमित्त मेडिकल सुपरिटेन्डेन्टले स्पष्टीकरण सोधी सेवाबाट हटाउने निर्णय गरेको देखियो । यसरी स्पष्टीकरण सोध्ने अधिकार नै नभएका निमित्त मेडिकल सुपरिटेन्डेन्टले स्पष्टीकरण सोधी रिट निवेदकहरूलाई विभागीय कारवाही गरी नोकरीबाट हटाउने गरी गरेको निर्णय सेवासम्बन्धी प्रचलित कानूनविपरीतको देखिन आउने ।

अतः निवेदकहरूलाई सेवाबाट हटाउने आदेश दिने अधिकारी मेडिकल सुपरिटेन्डेन्ट नभई निमित्त मेडिकल सुपरिटेन्डेन्ट भएबाट निजलाई सजायको आदेश दिने अख्तियारी नतोकिएको अवस्थामा अधिकारक्षेत्रभन्दा बाहिर गई स्पष्टीकरण सोधी सजाय गर्ने निर्णय गरी सोउपर पुनरावेदन सुनी भएको पुनरावेदन समितिले गरेको निर्णयसमेत कानूनअनुसार भए गरेको नदेखिएकोले उपरोक्त मिति २०६७।६।४ र २०६७।९।२ को निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर भई निवेदकहरूलाई सेवामा पुनर्स्थापित गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: नवीन कोइराला

इति संवत् २०७३ साल पुस २० गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-CR-०९४३, कर्तव्य ज्यान, *सानुभाई थापा वि. नेपाल सरकार*

प्रतिवादीले मृतकको मृत्यु विष सेवन गरी भएको भन्ने जिकिर लिए तापनि सो कुरा तथ्यगत रूपमा पुष्टि भएको देखिँदैन । परीक्षण प्रतिवेदनमा विष सेवन गरेको देखिँदैन । यी प्रतिवादीउपर किटानी जाहेरी पर्नु, प्रतिवादीले मृतक र आफूबीच झगडा भएको कुरा स्वीकार्न मृतकको शरीरका विभिन्न ठाउँमा चोटहरू देखिनु, कान र नाकबाट रगत निस्केको कुरा लासजाँच मुचुल्काबाट देखिनु जस्ता मिसिल संलग्न तथ्यहरूबाट यी प्रतिवादीकै कुटपिटबाट मृतकको मृत्यु भएको कुरा तर्कसम्मत रूपबाट स्पष्ट हुन आएकोले निजले कर्तव्य गरी मृतक सानु थापालाई मारेका होइनन् भन्ने कुरा मान्न नसकिने ।

सुरू जाहेरीमा विषादी सेवनबाट मरेको भनी जाहेरी परेको भएपनि विषादीबाट मृत्यु भएको कुरा परीक्षणबाट देखिन आएको छैन । वारदातका दिन श्रीमतीलाई दुई झापड हिर्काएको तथ्यलाई प्रतिवादीले अदालतमा समेत स्वीकार गरेको मृतक सानु थापाको कान नाकबाट रगत निस्केको देखिएको, प्रतिवादीको कुटपिटबाहेक अन्य कारणबाट मृतकको मृत्यु भएको भन्ने नदेखिएकोले प्रतिवादीले ज्यानसम्बन्धी महलको १३ नं. को देहाय दफा ३ को कसुर गरेको ठहर गरी सुरू जिल्ला अदालतबाट सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी सानुभाई थापाले मृतक श्रीमती सानु थापा र आफूबीच झगडा भएको कुरा स्वीकार गरेका र झगडाको क्रममा आफूले मृतक श्रीमतीलाई २ झापड हानेको भनी अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा समेत स्वीकार गरेको

देखिन्छ । सामान्य झैझगडाका कारणबाट तत्काल उठेको रिसले २ झापड प्रहार गरेको र सोही चोटको कारणबाट मृतकको मृत्यु भएको कुरा शव परीक्षण प्रतिवेदनमा निधारमा रगत लागेको, मुखबाट रगत बायाँ गालासम्म बगेको, दुवै कानबाट रगत बगेको दायाँ गालाको छालाको भाग नीलो भएको भन्नेसमेतको बेहोराबाट समेत पुष्टि भएको देखिँदा यहाँ मार्नेसम्मको पूर्वयोजना, रिसइवी नभएको, जोखिमी हतियार प्रयोग गरेको नपाइएको झगडा भएका कारणबाट प्रतिवादीले २ झापडसम्म हानेको र उक्त चोटका कारणले श्रीमतीको मृत्यु भएको भन्ने देखिएको साथै कसुरलाई स्वीकार गरी न्याय सम्पादनमा सहयोगसमेत गरेकोले यी प्रतिवादीलाई हदैसम्म सजाय गर्दा चर्को पर्ने भएबाट घटी सजाय गर्न न्यायोचित हुने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको नं. १८८ नं. अनुसार १२ (बाह्र) वर्ष कैद हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल मङ्सिर ६ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-०२३८, जबरजस्ती करणी, *शुक्रराज नेगी वि. नेपाल सरकार*

पीडित बच्ची १३ वर्षकी नाबालिका भएको र निज तथा निजको परिवारबाट प्रतिवादीमाथि नै आश्रित रहेको देखिन्छ । यस्तो अवस्थामा एकातिर यी बच्ची तथा निजको आमालगायत घरको परिवारको सदस्यहरूलाई प्रतिवादीले अनावश्यक प्रलोभन दवाव वा डर धाक धम्की दिई अदालतमा प्रतिकूल साक्षी (Hostile Witness) को रूपमा बकपत्र गर्न बाध्यता पारेको हुनसक्ने सम्भावनालाई नकार्न सकिँदैन भने अर्को तर्फ हाम्रो सामाजिक संस्कारअनुसार सामाजिक तिरस्कार, घृणा वा लोकलाजबाट बच्नको लागि वा आफ्नो भविष्यको सुरक्षा तथा सुधारका लागि पनि निजले प्रतिकूल साक्षीको रूपमा बकपत्र गरेको हुनसक्ने सम्भावनालाई पनि अनदेखा गर्न सकिँदैन जाहेरवाली पीडितको उमेर १३ वर्षको भएबाट निज अतिनै सानो कलिलो उमेरको नभई आफ्नो हित अहितबारे अलिअलि जान्नसक्ने उमेरकी रहेकीले आफ्ना बुबाले साधारण कुटपिट गरेको कारणले मात्र आफूलाई जन्म दिने पिताउपर यस्तो घृणित र जघन्य आरोप लगाई झुट्ठा जाहेरी दिएकी होलिन् भन्ने कुरा विश्वसनीय नदेखिँदा निजले अदालतसमक्ष गरेको बकपत्रमा सत्यता नदेखिने ।

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा साली माया लामासँग पहिलेदेखि घरायसी झगडा भई बोलचालसमेत नभएकोले सालीले मेरो नाबालक छोरीलाई फकाई मउपर झुट्ठा जाहेरी दिन लगाएकी हुन् । कसुरबाट सफाई पाउँ भनी आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि, प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार सो जिकिर प्रमाणित गर्नसकेका छैनन् भने मिसिल संलग्न प्रमाणहरूबाट पनि प्रतिवादी र माया लामाबीच झगडा रिसइवी भएको देखिँदैन । यी प्रतिवादीकी छोरी पीडित एस.एन. २०६८।०६९ र साली माया लामाले बकपत्र गर्दा निज प्रतिवादी र माया लामाबीच झैझगडा र कुनै रिसइवी छैन भनी बकपत्र गरेबाट समेत प्रतिवादीले कसुर सजायबाट बच्न झुट्ठा बयान गरेको देखियो । प्रतिवादीले आफ्नो इन्कारी जिकिर सबुद प्रमाणहरूद्वारा प्रमाणित गर्न नसकेको अवस्थामा केवल इन्कारी जिकिर मात्र निजले कसुरबाट सफाई पाउने आधार हुन नसक्ने ।

उपरोक्त विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी शुक्रराज नेगीले अदालतसमक्ष मैले आफ्नो नाबालिका छोरीलाई जबरजस्ती करणी गरेको छैन भनी आरोपित कसुरमा इन्कार रहे तापनि सो जिकिर प्रमाणित गर्न नसकेको, निज प्रतिवादीले मौकामा

अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नो नाबालिका छोरी जाहेरवालीलाई अनेक डर त्रासमा पारी जबरजस्ती करणी गरेको हो भनी आरोपित कसुरमा साबित भई बयान गरेको र निजको उक्त साबिती बयानलाई मौकामा भएको कागज तथा घटनास्थल मुचुल्का र सो कागज मुचुल्का गर्ने व्यक्तिहरूले अदालतसमक्ष गरेको बकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदन, सो परीक्षण गर्ने चिकित्सकले अदालतसमक्ष गरेको बकपत्रसमेतले पुष्टि गरेको देखिन आउने।

अतः प्रतिवादी शुक्रराज नेगीले आफूले जन्म दिएको नाबालिका १३ वर्षकी छोरी एस.एन. २०६८।०६९ लाई जबरजस्ती करणी गरी वादीले लगाएको आरोपबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १, २ र ३(२) को कसुर गरेको प्रमाणित हुन आएकोले निज प्रतिवादीलाई सो महलको ३(२) नं. बमोजिम ८(आठ) वर्ष कैद हुने, आफ्नै छोरीलाई जबरजस्ती करणी गरेको हुँदा ऐ. महलको २ नं. अनुसार हाडनाता करणी तर्फ हाडनातामा करणी गर्नेको महलको १ नं. अनुसार १० वर्ष कैदसमेत हुने गरी जम्मा १८ वर्ष कैद हुने र पीडितलाई प्रतिवादीबाट रू.२,००,०००।- (दुई लाख रूपैयाँ) क्षतिपूर्तिसमेत भराइदिने ठहर्‍याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६९।१०।८ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।१०।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल कात्तिक १९ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-०७९६, कर्तव्य ज्यान, *मनकुमार राई वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको आफ्नो बयान करकाप, डर, त्रासमा पारी गराएको भनी जिकिर लिएको पनि देखिँदैन । अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षको बयानमा झगडा भई एक थप्पड हानेको कुरामा स्वीकार गरेका छन्। मृतकको मृत्यु टाउकोमा लागेको चोटको कारणबाट भएको कुरा शव परीक्षण प्रतिवेदनबाट शङ्कारहित तवरले पुष्टि भएको छ। वारदातस्थलमा ठाउँ ठाउँमा जुत्ताको डाम रहेको कुरा घटनास्थल प्रकृति मुचल्काबाट देखिन आएकोले मृतकको लास रहेको ठाउँ जुत्ता लगाउने मानिसको उपस्थित रहे भएको तथ्य स्थापित भएको छ। यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा मृतकलाई जुत्ताको तल्लो भागले प्रहार गरेको कुरा लेखाइदिनु र लास भेटिएको ठाउँमा जुत्ताको डाम पाइएको हुनाले यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानको पुष्ट्याई भएको देखिने।

प्रतिवादीउपरको किटानी जाहेरी, निजको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, घटनास्थल मुचल्का, मृतकको शव परीक्षण प्रतिवेदनसमेतका परिस्थितिजन्य प्रमाणहरू (Circumstantial Evidences) बाट यी प्रतिवादी मनकुमार राईले गर्भवती अवस्थाकी जेठी श्रीमतीलाई कर्तव्य गरी मारेको देखिँदा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई संखुवासभा जिल्ला अदालतबाट मिति २०७०।१०।६ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७१।५।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

यी प्रतिवादी र मृतक आनन्दकुमारी राई छिमेकीको विवाहमा गएकोबखत झगडा भएको देखिन्छ। झगडा भएपछि यी प्रतिवादीले मृतकलाई एक थप्पड हानेको भनी अदालतसमक्षको बयानमा समेत स्वीकार गरेका मृतकको मृत्यु कुटपिटबाट भएको

कुरा मृतकको शव परीक्षण प्रतिवेदनबाट पुष्टि भएको देखिन्छ । प्रतिवादी मनकुमार राईले मृतक आनन्दकुमारी राईलाई मार्नेसम्मको मनसाय, तयारी, पूर्वयोजना बनाई मारेको देखिँदैन, कुनै धारिलो, जोखिमी हतियार प्रयोग भएको पनि नदेखिएको, एक्कासी भएको झगडा र तत्काल उठेको रिसको कारण प्रतिवादीले गरेको प्रहारको परिणाम स्वरूप मृतकको मृत्यु भएको अवस्थालाई दृष्टिगत गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने हुनाले तत्कालको परिस्थिति र कसुरको प्रकृतिसमेतलाई दृष्टिगत गरी प्रतिवादीलाई अदालती बन्दोबस्तको १८८ नं. ले कैद वर्ष १० (दश) को सजाय हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक १९ गते रोज ६ शुभम्।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७१-CR-०८६४, कर्तव्य ज्यान, *विरेन्द्रकुमार गुरूङ वि. नेपाल सरकार*

प्रतिवादीले आरोपित कसुर गरेको भनी किटानी जाहेरी परेको देखिँदैन। मिति २०६९।१२।१६ मा पहिला जाहेरी परेकोमा मिति २०६९।१२।२७ मा आएर फेरी दोस्रो जाहेरी परेको र सो जाहेरीमा मात्र यी प्रतिवादीको नाम उल्लेख भएको देखिन्छ जाहेरी दरखास्त आफैँमा प्रमाण हुने नभई सोको आधारमा अनुसन्धान भई सङ्कलित सबुद प्रमाणबाट जाहेरी बेहोराको पुष्ट्याइँ भएमा मात्र कसुरदार ठहर गर्न प्रमाण पुग्ने हुन्छ। जाहेरी दरखास्त एक मात्र खम्बिर प्रमाण हुन सक्दैन । जाहेरी दरखास्त र सङ्कलित प्रमाण एकापसमा मालाकार । शृङ्खलावद्धरूपमा रहनुपर्दछ । प्रस्तुत मुद्दामा प्रत्यक्षदर्शी कोही देखिँदैन। मृतक र प्रतिवादीबीच कुटपिट भएको कुरा स्वतन्त्ररूपमा पुष्टि भएको देखिँदैन । इनार बनाउन राखिएको ३ वटा रिङ फुटाई क्षति पुऱ्याएको कारण विवाद भएको भने पनि रिङ फुटेको तथ्यको पुष्ट्याइँ वादी पक्षले मिसिल संलग्न कागजातहरूबाट गराउन सकेको नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणहरूबाट रिङ फुटाएको नदेखिएको यी प्रतिवादीले कुटपिट गरेको तथ्य प्रमाणित भइरहेको नपाइएको, प्रतिवादी आरोपित कसुरमा इन्कार रही अधिकारप्राप्त अधिकारी र सुरू जिल्ला अदालतमा बयान गरेको, प्रहरीमा कागज गर्नेहरूले अदालतमा आई बकपत्र नगरेको, झगडा / कुटपिट गरेको देख्ने प्रत्यक्षदर्शी कोही नभएको, जाहेरवाला अदालतमा उपस्थित भई को कसको कुटपिटबाट मृत्यु भएको भन्न नसकिने भनी बकपत्र गरेकोसमेतका तथ्यहरूको सन्दर्भमा हेर्दा प्रस्तुत मुद्दामा यी प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको तथ्य शङ्कारहित तवरबाट पुष्ट्याइँ भएको पाइएन । स्वतन्त्र प्रमाणबाट शङ्कारहित रूपले कसुरदार नदेखिएको स्थितिमा अनुमानको आधारमा कसुरदार हो भनी ठहऱ्याउन न्यायको मान्य सिद्धान्तविपरीत भई नगरेको कसुरको सजाय प्रतिवादीले भोग्न पर्ने अवस्था सिर्जना हुन जाने हुन्छ शङ्काको सुविधा प्रतिवादीको पक्षमा जाने हुँदा यी प्रतिवादीलाई कसुरदार ठहऱ्याउन न्यायसम्मत नभएकोले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याई भएको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।२।१३ मा भएको फैसला त्रुटिपूर्ण देखिँदा उल्टी हुने भई यी प्रतिवादीले सफाई पाउने।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल कात्तिक १९ गते रोज ६ शुभम्।

९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CR-११६३, ०६८-CR-००२६ र ०६८-CR-००२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सरिता कुँवरसमेत, सुनिल कुमार तामाङ वि. नेपाल सरकार र राजेन्द्र कुमार गिरी वि. नेपाल सरकार*

सहअभियुक्तहरूले यी प्रतिवादी राजेन्द्र कुमार गिरीलाई बिनाकारण वारदातमै नभएको भए त्यसरी वारदातमा रहेको र कुटपिट गरेको भनी भन्नुपर्ने कुनै कारण देखिँदैन । निजले समेत चोट छोडेको र यो यसैको चोटले मरेको भन्ने प्रस्ट आधार नभएबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) अनुसार यसैले मारेको वा यसैको चोटले मरेको भन्ने कुरा सो हातहतियार छोड्ने यसैउपर कुनै प्रमाणबाट देखिन ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ भन्ने प्रस्ट कानूनी व्यवस्था रहेकोमा यी प्रतिवादीसमेत वारदातमा रहेको कुटपिट गरेको र निजकै चोटबाट मात्र मरेको नदेखिएबाट यी प्रतिवादीलाई ज्यानसम्बन्धी १३(३) बमोजिम जन्मकैद गर्ने गरी भएकोमा सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको ०६७।५।१ को फैसला अन्यथा नदेखिने ।

प्रतिवादीहरू सरिता कुँवर र सुनिल कुमार तामाङले प्रत्यक्षरूपले प्रहार गरेको नभई वारदातस्थलमा रहेको भन्ने कुरा सह अभियुक्तहरूको परस्पर रूपले पोल गरिदिएको देखिन्छ भने सुनिल कुमार तामाङ ढोकामा ढुकी बसी कसैलाई आउन जान नदिएको तथ्यमा साबित रहेको देखिन्छ । चस्मदिद साक्षी तथा अन्य प्रतिवादीहरूले चोट छाडी कुटपिट गरेको भनी भन्नसकेको अवस्थासमेत नदेखिएको तर घेरा दिने बाटो गौँडा छेकी भाग्न उम्कन नपाउनेजस्ता गैरकार्य गरी मार्नमा संयोग पारी दिएकोसम्म देखिएबाट प्रतिवादी सुनिलकुमार तामाङ र सरिता कुँवरको कसुर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. अनुसारको कसुरसम्म गरेको देखिन्छ । सोही कसुरमा १७(२) नं. अनुसार दुवै प्रतिवादीहरूलाई जनही ५ वर्ष कैद गर्ने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नसकिँदा नेपाल सरकारको पुनरावेदन जिकिर तथा प्रतिवादी सुनिलकुमार तामाङको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ प्रतिवादीमध्येका पुनरावेदक राजेन्द्रकुमार गिरीलाई सुरू जिल्ला अदालतबाट जन्मकैद हुने गरी सजाय भएको फैसला सदर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैद हुने र प्रतिवादीहरू मध्ये सरिता कुँवरलाई र प्रतिवादी सुनिल कुमार तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. अनुसारको कसुरमा सोही ऐनअनुसार जनही ५ वर्ष कैद गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको २०६७।५।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

वारदातको प्रकृति र अवस्था हेर्दा मृतक पक्षबाटै झैझगडा प्रारम्भ भएको, पुनरावेदक प्रतिवादीले मार्नेसम्मको मनसाय राखी पूर्वयोजना साथ प्रहार गरेको नदेखिएको, मार्नै पर्नेसम्मको पुरानो रिसइवी रहेकोसमेत नभई तत्कालै झगडा हुँदा कुटपिट हुन गई सोही कुटपिटको कारणबाट मृत्यु भएको, जोखिमी हतियारसमेत प्रयोग नभएको, प्रतिवादी राजेन्द्रकुमार गिरी आफू पनि घाइते भएको देखिएको समेतका वारदात हुँदाको परिस्थितिसमेतलाई दृष्टिगत गर्दा प्रतिवादीलाई उपर्युक्तानुसार सजाय गर्दा चर्को पर्न जाने हुँदा निजलाई कैद वर्ष १२ (बाह्र) को सजाय गर्दा न्यायिक दृष्टिले अपराध र सजायमा सन्तुलन हुन जाने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादी राजेन्द्र कुमार गिरीलाई १२ (बाह्र) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल फागुन ९ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CR-०५७८, कर्तव्य ज्यान, *रामशंकर यादव वि. नेपाल सरकार*

घटनास्थलमा रगत झरी जमेको सोही नजिक KFJZ.98 लेखिएको खोका १ बरामद भएको भन्ने लास जाँच मुचुल्काबाट देखिन्छ। प्रतिवादी रामशंकर यादवको घरबाट बरामद भएको बन्दुकबाट नै पड्किएको खोका हो भनी केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाबाट परीक्षण भई सोको रिपोर्टबाट पुष्टि भएको छ। बरामदी मुचुल्काको रोहबरमा बस्ने मानिसबाट बरामदी मुचुल्कामा भएको बेहोरा र आफू रोहबरमा बसेको कुरा समर्थित हुने गरी बकपत्र गरिदिएको देखिन्छ। उक्त बरामदी मुचुल्कामा समेत प्रतिवादी रोहबरमा बसी सहिछाप गरिदिएको देखिन्छ। मृतकसँगै घटनामा गएका प्र.ह. रामबहादुर केरूङ्ग, प्र.ज. विशेश्वर सुनरैत, प्र.ज. सियाराम साहले अनुसन्धानमा कागज गर्दा यमबहादुरको मृत्यु प्रतिवादी रामशंकरले चलाएको गोलीबाट नै भएको भनी किटानीसाथ लेखाइदिएको मा उक्त भनाईलाई समर्थित हुनेगरी अदालतमा आई बकपत्र गरिदिएबाट प्रतिवादी रामशंकरले चलाएको बन्दुकबाट नै यमबहादुरको मृत्यु भएको कुरा विवादरहित तवरबाट पुष्टि प्रमाणित हुन आएको देखिन्छ। मिसिल संलग्न तथ्यगत आधार तथा सङ्कलित प्रमाणहरूबाट घटनाक्रमलाई क्रमबद्धरूपले मेलखाने गरी प्रमाणित भएबाट प्रतिवादी रामशंकरकै गोली प्रहारबाट मृतक यमबहादुरको मृत्यु भएको देखिन आउने।

वारदात हुँदाको अवस्थामा विवाद रहेको भए तापनि ज्यानै लिने मनसायबाट बन्दुक जस्तो घातक हतियार लिई वारदातस्थलमा जानु र बन्दुकबाट गोली प्रहार गर्नुबाट नै निजको नियत प्रष्टिएको देखिन्छ। मानिसहरूको भीडमा गोली छोड्दा मानिसलाई लाग्न सक्ने सामान्य जानकारी हुँदाहुँदै पनि मानिसहरू भएतर्फ गोली प्रहार गर्नुबाट नै ज्यान मार्ने नियत प्रष्टिएको र नियतबस गोली प्रहार भएकोमा सोही बन्दुकको गोलीको कारणबाट मृतकको मृत्यु भएको देखिँदा बन्दुकै प्रहार गर्ने कार्यलाई कर्तव्यको कसुर हैन भनी भन्न मिल्ने अवस्था नदेखिने। प्रतिवादी रामशंकर यादवले आफू निर्दोष भएको जिकिर लिएको भए तापनि प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार आफ्नो जिकिरलाई वस्तुनिष्ठ आधारबाट पुष्टि प्रमाणित गराउन सकेको पाइँदैन। अतः यी पुनरावेदक प्रतिवादीउपरको किटानी जाहेरी प्रतिवेदन, बरामदी मुचुल्का, मौकामा पक्राउ परेका व्यक्तिहरूको बयान, वादीका साक्षीहरूको बकपत्र, केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको परीक्षण रिपोर्टसमेतका प्रमाणबाट प्रतिवादी रामशंकरले चलाएको बन्दुकको गोलीबाट प्र.ज. यमबहादुर बस्नेतको मृत्यु भएको भन्ने निजको मौकाको साबिती बयान अन्य स्वतन्त्र प्रमाणसमेतबाट पुष्टि भएको देखिँदा आफू निर्दोष रहेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले नै गोलीप्रहार गरेको कारणबाट सोही गोली लागी मृतकको मृत्यु भएको कुरा मिसिल संलग्न तथ्यगत प्रमाण तथा परिस्थितिजन्य प्रमाणबाट समेत पुष्टि प्रमाणित हुन आएकोले प्रतिवादी रामशंकर यादवकै कर्तव्यबाट मृतकको मृत्यु भएको देखिँदा पुनरावेदक प्रतिवादी रामशंकर यादवलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।८।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

इति संवत् २०७३ साल फागुन ९गते रोज २ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०४१३, रोक्का बदर, *राजेन्द्र कार्कीसमेत वि.* हुलास चन्द्र राजवंशी

कुनै व्यक्तिको हक अधिकारमा असर पर्ने गरी कुनै निर्णय गर्दा निजको कुरा सुनी निर्णय गर्नु पर्ने प्राकृतिक न्यायको सिद्धान्त रहेको छ । विवादको जग्गा प्रतिवादीको नाममा नै दर्ता रहेको तथ्यमा विवाद देखिँदैन । यसरी प्रतिवादीको नाउँमा दर्ता रहेको जग्गा रोक्का राख्दा त्यसबाट निजको सम्पत्तिसम्बन्धी अधिकारमा असर पुग्ने नै देखिँछ । यस अवस्थामा निजलाई आफ्नो कुरा राख्नसमेत कुनै मौका नदिई जग्गा रोक्का राख्दा सो कार्य प्रकृतिक न्यायको सिद्धान्तको विपरीत हुन जाने देखिएकोले प्रतिवादी हुलासचन्द्र राजवंशीको नाउँमा दर्ता रहेको निजको अंश हकको जग्गा निजलाई नबुझी निजको सहमति र मन्जुरीबेगर नै निजको हकमा असर पर्ने गरी गा.वि.स.को कार्यालय, गौरीगन्जको पत्रको आधारमा रोक्का गर्ने गरेको मालपोत कार्यालय, दमक, झापाको कार्यलाई कानूनसम्मत भएको मान्न नसकिने ।

तसर्थ, माथि विवेचित आधार कारण एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादी हुलासचन्द्र राजवंशीको नाउँमा दर्ता कायम रहेको कि.नं. ८८८ र ७२ का जग्गा निजलाई बुझ्दै नबुझी रोक्का राखेको मालपोत कार्यालय, दमक, झापाको मिति २०६६।११।११ को निर्णय नमिलेको देखिई बदर हुने ठहर्‍याई पुनरावेदन अदालत, इलामबाट मिति २०६८।२।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७३ साल असार २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CR-०३५३, जबरजस्ती करणी, *नेपाल सरकार वि. गोविन्दबहादुर सुनार*

प्रस्तुत मुद्दाको उठान नै जबरजस्ती करणीको उद्योगको रूपमा भएको र अनुसन्धान प्रक्रिया पनि सोहीअनुसार केन्द्रित रहेको देखिन्छ । अनुसन्धान अधिकृत तोक्ने क्रममा जबरजस्ती करणी उद्योग भनी सम्बोधन गरेको देखिन्छ । तत्पश्चात् अनुसन्धानका हरेक चरणहरूमा जबरजस्ती करणीको उद्योगकै नामबाट अनुसन्धान तहकिकातको प्रक्रिया अघि बढाइएको देखिन्छ । यसरी अनुसन्धान अधिकृतलाई नै जबरजस्ती करणीको उद्योगमा अनुसन्धान गर्न तोकेकोमा जबरजस्ती करणीको सम्बन्धमा अनुसन्धान, प्रतिवादीको बयान र अन्य दशी प्रमाण बुझ्ने कार्य नै प्रभावकारी रूपमा हुनसकेको छैन । अनुसन्धानबाट नै जबरजस्ती करणीको उद्योग भनी अनुसन्धानको कार्य भई सोही विषयमा सीमित रही प्रमाण संकलनसमेत गरेको अवस्थामा सामान्यतया अपवादबाहेक अनुसन्धान भएको अपराधमा नै मुद्दा चल्नु पर्नेमा अन्य दाबी लिन मिल्ने पनि नहुने ।

यसरी जाहेरी बेहोरा, पीडितको बकपत्रलगायतका उल्लिखित तथ्यबाट प्रतिवादीले पीडित नाबालिकको योनिमा चलाई पीडित चिच्याउन थालेको कारण करणी गर्न नपाएको स्थिति रहेको तथा अनुसन्धानको कार्य पनि जबरजस्ती करणीको उद्योगतर्फ नै केन्द्रित रहेको देखिएबाट प्रतिवादीले पीडित परिवर्तित नाम कमला गौतमलाई जबरजस्ती करणीको उद्योगसम्म गरेको मान्नुपर्ने देखियो । यस अवस्थामा अपराधको गाम्भीर्यलाई दृष्टिगत गरी सुरू नवलपरासी जिल्ला अदालतबाट प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगको कसुरमा सजाय हुने गरी भएको फैसला न्यायोचित नै देखिने ।

अतः उपर्युक्तबमोजिम विवेचित आधार,

कारण एवम् प्रमाणबाट प्रतिवादीले जबरजस्ती करणीको उद्योग गरेको देखिन आएकोले प्रतिवादी अग्लुङ्गे साइला भन्ने गोविन्दबहादुर सुनारले अभियोग दाबीबाट सफाई पाउने र प्रस्तुत वारदात आसय करणीमा परिणत गर्ने गरी तत्कालीन पुनरावेदन अदालत, बुटवलबाट गरिएको मिति २०६८।१०।२९ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीलाई जबरजस्ती करणीको महलको ५ नं. बमोजिम ६(छ) वर्ष कैद सजाय हुने ठहऱ्याएको नवलपरासी जिल्ला अदालतको मिति २०६७।१०।२३ को फैसला मिलेकै देखिँदा उक्त सुरू फैसला सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्क माया राई

इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CI-१०४२, १०४३, अंश चलन, *प्रेसिका न्यौपानेसमेत वि. सुनिता ठकुरी र राधाकृष्ण न्यौपाने (के.सी.) वि. सुनिता ठकुरी*

वादी सुनिता ठकुरी एकाघरको श्रीमती नाता कायम भएपछि कानूनबमोजिम निजले यी प्रतिवादीसँग अंशमा दाबी लिनसक्ने नै देखियो । अंशियारहरूको हकमा प्रतिवादी पुरूषोत्तमको आमाको मृत्यु भएको हुँदा बाँकी रहेका यी पुनरावेदक पुरूषोत्तम न्यौपाने, श्रीमती सुशिला न्यौपाने, छोरी प्रेसिका न्यौपाने र छोरा पानस न्यौपाने र प्रत्यर्थी प्रतिवादी सुनिता ठकुरीसमेत जम्मा ५ जना अंशियार कायम रहन आएको देखियो । अंशियारमध्येका प्रेसिका न्यौपाने र पानस न्यौपाने अविवाहित नै रहेको भन्ने तथ्यमा विवाद नदेखिँदा निजहरूको हकमा मुलुकी ऐन, अंशबन्डाको १७ नं. बमोजिम विवाह खर्च पर सार्नुपर्ने नै देखियो । यस अवस्थामा मुलुकी ऐन, अंशबन्डाको १ नं. बमोजिम जम्मा अंशियार ५ जना कायम गरी विवाह नभएका २ जना प्रेसिका र पानस न्यौपानेको विवाह खर्च पर सारी बाँकी सम्पत्तिमा ५ भाग लगाई सो ५ भागमध्येको १ भाग वादी सुनिता ठकुरीले अंश पाउने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला कानूनसम्मत नै देखिने।

पुनरावेदक प्रतिवादी राधाकृष्ण न्यौपानेको हकमा हेर्दा निजले आमाको अंशभाग आफूले नपाएको भन्ने पुनरावेदन जिकिर लिएको देखिन्छ । निजले पुनरावेदन अदालत, पाटनमा मुलुकी ऐन, अ.ब. १३९ नं. बमोजिम बयान गर्दा निज २०५२ सालमै भिन्न भएको भनी उल्लेख गरेको देखिन्छ । निज प्रतिवादी निजको आमा सेती मायासँग सगोलमा रहे बसेको वा निजले नै आमालाई पालनपोषण गरेको भन्ने विश्वसनीय प्रमाण दिन गुजार्न सकेकोसमेत नदेखिँदा छुट्टिभिन्न भएका निज प्रतिवादीले आमाको अंशभाग नपाएको भनी लिएको पुनरावेदन जिकिर तथ्यपरक नदेखिने।

अतः उपर्युक्तबमोजिम विवेचित आधार कारणबाट सुरू फैसला केही उल्टी गरी विवाह नभएका २ जना प्रेसिका र पानस न्यौपानेको विवाह खर्च पर सारी बाँकी सम्पत्तिमा ५ भागको १ भाग वादी सुनीता ठकुरीले अंश पाउने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्क माया राई

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१४६०, जबरजस्ती करणी, *कमलेश राय यादव वि. नेपाल सरकार*

प्रतिवादीको बयान जाहेरवालाको जाहेरी दरखास्त, पीडितको प्रहरीसमक्षको बयान कागज एवम् अदालतमा गरेको बकपत्र, निजको स्वास्थ्य

जाँच प्रतिवेदन तथा घटनास्थल मुचुल्का, जाहेरवाला एवम् बुझिएका मानिसहरू विवेक शर्मा, सत्यनारायण राय, वीरेन्द्र रायसमेतले प्रहरीसमक्ष गरेको बयान तथा अदालतमा गरेको बकपत्रलगायतका भौतिक तथा अन्य प्रमाणहरूले समर्थन गरेको देखिँदा यी प्रतिवादीले वर्ष ७ कि परिवर्तित नाम रोशनीकुमारी शर्मालाई मिति २०६८।२।१ गते जबरजस्ती करणी गरेको तथ्य स्थापित हुन आउने।

जबरजस्ती करणीबाट पीडित महिलालाई मानसिक, मनोवैज्ञानिक, शारीरिक, सामाजिक, बौद्धिक, चारित्रिक, पारिवारिक र आर्थिकलगायत विभिन्न पक्षमा पर्ने दूरगामी र स्थायी असरसमेतलाई ध्यानमा राखी उचित सजाय तोक्नुपर्छ तब मात्र न्यायको उद्देश्य प्राप्त हुन्छ । पीडित नाबालिका वर्ष ७ कि परिवर्तित नाम रोशनीकुमारी शर्मा जबरजस्ती करणीको वारदातबाट पीडित बालिका हुन् । फौजदारी अपराधमा पीडित व्यक्तिले व्यक्त गरेको कुरालाई महत्त्वपूर्ण प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । पीडित स्वयम् घटना वा वारदातको चश्मदिद् गवाह पनि हो । तसर्थ पीडित घटनाको यथार्थ ज्ञाता हो । आफूमाथि के गर्न खोजिएको भन्ने थाहा नपाउने अवस्थाकी अबोध बालिकाले प्रतिवादीमाथि जाईलाग्न सक्ने कुरा भएन । प्रतिवादीले जबरजस्ती करणी गरेपछि दुखेकोले आफूहरू रोएको, योनिबाट रगत बगेको भनी बयानमा उल्लेख गरेकी छन् । उमेर नपुगेकी अवोध बालिकाले आफूमाथि भएको बलात्कारलाई व्यक्त गर्न र पीडामा रूनुसिवाय ऊसँग कुनै उपाय नरहने । मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं.मा "कन्या विधवा वा अर्काकी सधवा स्वास्नी मानिसमा १६ वर्षमुनिकालाई उसको मन्जुरी लिई वा नलिई जुनसुकै बेहोरासँग करणी गरेपनि र १६ वर्ष नाघेकीको राजीखुसी बिना बेमन्जुरीले जुनसुकै तरहसँग भएपनि जोरजुलुम गरी वा डर, धाक देखाई वा अनुचित प्रभावमा पारी करणी गरेकोसमेत जबरजस्ती करणी गरेको ठहर्छ" भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत वारदातमा पीडितको योनिमा लिंग प्रवेश गराएको कुरा स्वतः स्वयम् प्रतिवादी मौकामा साबित भइरहेको देखिएको र स्वयम् पीडितले समेत आफ्नो बयान बकपत्रमा खुलाउनुको साथै स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको Hymen च्यातिएको भन्ने उल्लेख भएको देखिनुको साथै माथि प्रकरणमा उल्लिखित विवेचनासमेतबाट निज प्रतिवादीले पीडितसँग जबरजस्ती करणीको कसुर गरेको तथ्य स्थापित भएको पाइने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी कमलेश राय यादवले नाबालक परिवर्तित नाम रोशनीकुमारी शर्मालाई जबरजस्ती करणी गरेको कसुर कायम गरी निज प्रतिवादीको उमेर र अवस्थासमेतलाई विचार गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय १बमोजिम कैद वर्ष १०(दश) र सोही महलको १० नं. बमोजिम पीडितलाई क्षतिपूर्तिबापत रू.१,००,०००।- (एक लाख) भराइदिने गरी मिति २०६८।८।२५।१ गते सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।७।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-०९७१, १२३१ लागु औषध ब्राउन सुगर, *बिनु श्रेष्ठ वि. नेपाल सरकार,* विक्रम शाही वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादी बिक्रम शाहीले अदालतमा बयान गर्दा कहिलेकाहीँ सेवन गर्दछु । मैले लागु औषध बिक्री वितरण गर्ने गरेको छैन। आफूले बिनु

श्रेष्ठलाई काँकडभिट्टासम्म मोटरसाइकल पछाडि राखी ल्याएको हो। मलाई प्रहरीले दमकमा पक्राउ गरेको हो। बरामदी मोटरसाइकल मेरो हो। प्रहरीमा भएको बयान स्वइच्छाको होइन, प्रहरीले लेखेर ल्याएको बयान कागजमा कुटपिट गरी जबरजस्ती सहिछाप गराएको भनी आरोपित कसुरमा ईन्कार रही बयान गरेका छन्। तर प्रहरीद्वारा तयार भएर आफूले देख्न सुन्न नपाएको भनिएको कागजमा के, कस्तो कारण वा परिबन्दले सही गर्नु परेको थियो सो कुरा निज विक्रम शाहीले अदालतको बयानमा खुलाउन सकेका छैनन्। प्रतिवादीको इन्कारी कथन स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ। प्रहरीले आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको कुराको जिकिर लिई प्रमाणितसमेत गर्नसक्नुपर्छ। तर प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारिएको कुटपिट गरेको वा अन्य के, कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा यी प्रतिवादीलाई अनुसन्धान अधिकारीसमक्ष कुटपिट गरी डरत्रास इच्छाविपरीत बयान गराएको तथ्य प्रमाणबाट देखिन नआएको र निजको सो साबिती बयान मिसिल संलग्न प्रमाण कागजातहरूबाट समर्थित हुन आएको देखिएकोले उक्त साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई अन्यथा भन्न नमिल्ने भई सो स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिनपर्ने देखिन आउने।

जाहेरवाला प्रतिवेदक प्रहरी निरीक्षक धनप्रसाद सिवाकोटीले उक्त लागु औषध बिक्रम शाहीले चलाएको मोटरसाइकलको पछाडि बसी आएकी बिनु श्रेष्ठले लगाएको ब्रा (बोटिस) बाट बरामद भएको हो भनी अदालतमा आई बकपत्र गरेको पाईन्छ। बरामद भई आएको लागु औषध केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाउँदा सो प्रयोगशालाको मिति २०७०।९।११ को पत्रबाट “Heroin” प्रमाणित भई लेखी आएको देखिन्छ। यसरी प्रतिवादीहरू आरोपित कसुरमा अनुसन्धान अधिकारीसमक्ष साबित भई बयान गरेका र निजको साबितिलाई बरामदी मुचुल्का, प्रतिवेदक प्रहरी निरीक्षक धनप्रसाद सिवाकोटीसमेतको बकपत्र, लागु औषध केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाउँदा सो प्रयोगशालाको मिति २०७०।९।११ को पत्रबाट “Heroin” प्रमाणित भई लेखी आएको परीक्षण प्रतिवेदनबाट समर्थित हुन आएको समेतका आधार प्रमाणबाट यी पुनरावेदक प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (च) को कसुर गरेको देखिन आउने।

प्रतिवादीहरूलाई के, कस्तो सजाय हुने भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादीमध्येका बिक्रम शाहीले चलाएको को.११ प. १६१७ नं. को मोटरसाइकल निजी रहेको र लागु औषध ३५ ग्राम परिमाणको रहेको छ। प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष वादीदावी स्वीकार गरी बयान गरेकोमा अदालतसमक्ष सेवन गर्नेको तर्फ मात्र आंशिक रूपमा स्वीकार भएको अवस्था तथा प्रतिवादी बिनु श्रेष्ठ निजको साथी भएको कुरा दुवैले स्वीकार गरी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको, बरामदी मुचुल्कामा निजहरू दुवै जनाको खानतलासी भई काँकडभिट्टामा नै पक्राउ गरेको पुष्टि भएको देखिँदा निजी सवारीमा नचिनेको व्यक्तिलाई लिफ्ट दिएको भन्ने निजको जिकिर मिलेको नदेखिँदा पूर्वयोजनाबमोजिम नै यी प्रतिवादीहरूले सेवन, बिक्री वितरण, ओसारपसार गर्नको लागि नै निजी सवारी साधन प्रयोग गरेको अवस्था देखिन आएबाट प्रतिवादीहरू निर्दोष हुन् भन्न मिल्ने अवस्था नदेखिनुको साथै प्रतिवादी बिक्रम शाहीलाई सुनसरी जिल्ला अदालतबाट लागु औषध गाँजा मुद्दामा १ महिनाको कैद र रू.३,०००।- जरिवाना हुने ठहर गरी मिति २०६७।११।२५ मा फैसला भएको मिसिल संलग्न कागजातबाट देखिँदा लागु औषध (नियन्त्रण)

ऐन, २०३३ को दफा १६ मा भएको व्यवस्थाबमोजिम थप सजाय गर्ने गरेको पुनरावेदन अदालत, इलामबाट मिति २०७१।१२।२९ मा भएको फैसला मिलेकै देखिने।

अतः उल्लिखित विवेचित आधार, प्रमाण र कानूनसमेतबाट प्रतिवादी बिक्रम शाही र बिनु श्रेष्ठले लागु औषध(ब्राउन सुगर) को ओसारपसार, बिक्री वितरण, सञ्चयसमेत गरेकाले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ), (ङ) र (च) अनुसारको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरूलाई ऐ. ऐनको १४ (१)(छ)(२) बमोजिम जनही ११(एघार) वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना हुने र प्रतिवादी बिक्रम शाहीलाई सुनसरी जिल्ला अदालतको फैसलाबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (घ) (२) बमोजिम सजाय भएको देखिँदा निज प्रतिवादीलाई ऐ. ऐनको दफा १६ बमोजिम थप एकवर्ष कैद र दश हजार रूपैयाँ जरिवाना हुने साथै निजबाट बरामदित लागु औषध ओसारपसारमा प्रयोग गरेको को.११ प १६१७ नं. को मोटरसाइकल ऐ. ऐनको दफा १८ बमोजिम जफत हुने ठहऱ्याई झापा जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०७१।१२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CI-१००३, मोही लगत कट्टा, *भोलाकुमार सुनुवार वि. केदारबहादुर मास्केसमेत*

काठमाडौं महानगरपालिकाको मिति २०६४।३।२९ को नाता प्रमाणित पत्रअनुसार प्रतिवादी भोलाकुमार सुनुवारको हजुरबुबा रामबहादुर सुनुवार, हजुरआमा इन्द्रमाया सुनुवार, कान्छी हजुरआमा कान्छी सुनुवार भएको, रामबहादुर सुनुवारको छोरा पदमबहादुर सुनुवार भएको र पदमबहादुर सुनुवारको छोरा प्रतिवादी भोलाकुमार सुनुवारसमेत भएको देखिन आयो । सोही मिसिल संलग्न काठमाडौं महानगरपालिकाको मिति २०६४।३।२५ को पत्रानुसार भोलाकुमार सुनुवारको बाजे रामबहादुर सुनुवारको मिति २०२८।३।१७ मा र जेठी बजै इन्द्रमाया सुनुवारको मिति २०४५।८।९ मा परलोक भएको भनी र ऐ. कार्यालयको मिति २०६४।३।२५ को मृत्युदर्ता प्रमाणपत्रअनुसार रामबहादुर सुनुवारको पत्नी कान्छी सुनुवारको पनि मिति २०५६।६।११ मा मृत्यु भएको भन्ने देखिन आयो। मोही लगतकट्टा गरिपाउँ भनी वादी केदारबहादुर मास्केसमेतले मिति २०६४।२।२८ मा भूमि सुधार कार्यालय, काठमाडौंमा दिएको निवेदनमा पनि दर्तावाल मोही रामबहादुर सुनुवारको २०२८ सालमा र निजकी पत्नी कान्छी सुनुवारको मिति २०५६।६।११ मा मृत्यु भएको भनी खुलाएको देखिँदा मोही रामबहादुर सुनुवारको पत्नी कान्छी सुनुवार र इन्द्रमाया सुनुवार भएको अवस्था देखियो। काठमाडौं महानगरपालिका ९ नं. वडा कार्यालयको मिति २०६४।६।३ को सिफारिस पत्रमा विवादित कि.नं.२३ को मोही रामबहादुर सुनुवार फिल्डबुकमा जनिएको र मोही लगतको २ नं. अनुसूचीमा मोही रामबहादुर तामाङ जनिएको हुँदा उक्त फरक नाम थर गरेको व्यक्ति फरकफरक नभई एउटै व्यक्ति भएको भनी सिफारिस गरेको देखियो । यसबाट निजहरूको मृत्यु पश्चात्का हकदार यी प्रतिवादी भोलाकुमार सुनुवार रहेको तथ्य पुष्टि हुन आउने।

मोही रामबहादुर सुनुवार भएकोमा रामबहादुर तामाङको हकदार जेठी तामाङको नाउँमा मोही नामसारी गरेको र निजको मृत्युपछिको हकदार

छोरी अम्बिका उप्रेतीको विवाह भएको हुँदा विवाहित छोरीलाई हकदारभित्र नपारिएको भन्ने आधारमा वास्तविक मोही रामबहादुर सुनुवारको हकदार रहेको अवस्थामा अर्के व्यक्ति रामबहादुर तामाङको हकदार नभएको भनी विवादित कि.नं. २३ को जग्गामा भएको मोहीको नाम कट्टा गर्नु न्यायसङ्गत नहुने।

तसर्थ कि.नं. २३ को जग्गाको फिल्डबुक र जग्गाधनी प्रमाण पुर्जाको मोही महलमा रामबहादुर सुनुवार उल्लेख भएको र रामबहादुर सुनुवारलाई नै दर्तावाला मोही देखाई मोहीको लगत कट्टा गरिपाउँ भनी जग्गाधनीको तर्फबाट निवेदन परेको अवस्थामा रामबहादुर तामाङलाई मोही मानी वास्तविक मोही रामबहादुर सुनुवारको हकदार हुँदाहुँदै मोही रामबहादुर सुनुवारको नाम कट्टा हुने ठहऱ्याई भएको सुरू भूमिसुधार कार्यालय, काठमाडौंको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।३।१० को फैसला उल्टी हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस ११ गते रोज २ शुभम्।

- यसै लगाउको ०६८-CI-१००४, मोही नामसारी, *भोलाकुमार सुनुवार वि. केदार बहादुर मास्केसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-CR-०७०३, कर्तव्य ज्यान, *गगन कुमाल वि. नेपाल सरकार*

वारदातसँग सम्बन्धित कुटपिट गरेको तथ्य अदालतमा पनि स्वीकारेको र सोही कुटपिटबाट मृतकको मृत्यु भएको भन्ने अन्य वस्तुगत प्रमाणबाट देखिएको अवस्थामा आफूले मारेको होइन भनी अदालतमा इन्कार गरेकोलाई सत्य मान्न सकिँदैन। त्यस्तै माथिबाट आफैँ हाम फालेर मात्र मृत्यु भएको देखिने दूरी र अन्य कुनै त्यस्तो आफैँ मर्न सक्ने सम्मको स्थलगत अवस्था वारदातस्थलमा रहे भएको पनि मिसिल संलग्न घटनास्थल मुचुल्काबाट देखिँदैन। मिसिल संलग्न कागज प्रमाण र स्वयम् यी प्रतिवादीको बयान बेहोरा हेर्दा मृतक प्रतिवादीको कुटपिटबाट बच्न भागेको र यी प्रतिवादी लखेट्दै पछिपछि गएको देखिन आयो। मृतक आफैँ हाम फाली मर्नुपर्नेसम्मको कुनै कारण रहे भएको पनि देखिँदैन। त्यसैले आफैँ आफ्नो टाउकोमा हिर्काई तथा हाम फाली मरेको वा आफैँ लडी मरेको भन्ने प्रतिवादीको अदालतसमक्षको भनाइ वारदात हुँदाको परिस्थितिलगायत अन्य प्रमाणबाट समर्थित हुन नआएकोले प्रतिवादीको सो भनाइलाई सत्य मान्न नसकिने।

प्रतिवादीले माइत गएकी श्रीमतीलाई लिन गएको अवस्थामा माइतीमा मृतककी आमाको अगाडि नै कुटपिट गरी घरमा लिएर आएको, घरमा आएपश्चात् रक्सी खाँदै गर्दा भनाभन भएको र बाहिर निस्केकी, बाहिर निस्किएपछि यी प्रतिवादी पनि सँगै गएका, टाउकोमा टर्चलाइटको प्रहारबाट भएको चोट देखिएको, टर्च लाइट बरामद भएको, शव परीक्षण प्रतिवेदनबाट टाउकोमा लागेको चोटको कारण मृत्यु भएको भन्ने तथ्य निर्विवाद रूपमा स्थापित भई यी प्रतिवादी गगन कुमालको अधिकारप्राप्त अधिकारीसमक्षको साबितीलाई समर्थन गरेको देखिँदा प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम उक्त अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई प्रमाणमा लिन सकिने नै देखिने।

समय समयमा कुटपिट गर्दै रातिको समयमा टर्चलाइटजस्तो कडा वस्तुले टाउको, निधार जस्तो संवेदनशील अङ्गमा हिर्काउने जस्ता कार्य गरी जथाभावी कुटपिट गर्नु, अझ बाटोको डिलबाट रातिको समयमा जथाभावी रूपमा धकेल्ने र धकेलिसकेपछि पनि पुनः त्यहीँ गई कुटपिट गरी आफू भाग्नेजस्तो कार्य गरेको पाइयो। निजले गरेको यस्तो कार्यबाट मानिस

मर्न सक्छ भन्ने देखिने वा परिणामको पूर्वजानकारी हुने प्रशस्त सम्भावना रहन्छ । यी प्रतिवादी यस्तो जानकारी राख्न नसक्ने व्यक्ति रहे भएको पनि कतैबाट देखिँदैन । जोसुकै सामान्य सुझबुझको मानिसलाई पनि यस्तो कार्य गरेमा मानिस मर्न पनि सक्छ भन्ने सामान्य जानकारी रहने नै हुन्छ र यस्तो आपराधिक परिणामको सामान्य जानकारी रहने अवस्थामा आपराधिक कार्यको मनसाय रहेको थिएन भन्नु न्यायोचित हुँदैन । यसरी भएको वारदातलाई प्रचलित कानूनअनुसार अकस्मात र अप्रत्यासित रूपमा भएको मानी भवितव्यको कोटीमा र आवेशमा आई भएको मानी आवेशप्रेरित हत्याको कोटीमा राख्न नसकिने ।

उल्लिखित आधार प्रमाणबाट यी प्रतिवादीले आफ्नो श्रीमती मृतक हरिकलालाई पटकपटक कुटपिट गर्दै आई वारदातको दिनमा समेत रातिको समयमा कुटपिट गरी टर्चलाइटले टाउकोमा समेत प्रहार गरी बाटोको डिलबाट धकेलेपछि धकेली पल्टेको ठाउँमा गई लात मुक्काले समेत प्रहार गरी मनसायपूर्वक कर्तव्य गरी मारेको पुष्टि हुन आउने ।

भागेर माइती गएको श्रीमतीलाई आफैँ बोलाउन गई ल्याएर आएको देखिएको र घरमा आएर पनि सँगै बसी मासु रक्सी खाएबाट प्रतिवादीको मृतकलाई मार्ने पूर्वमनसाय रही कुनै तयारी गरेकोसमेत पाइँदैन । मार्नलाई कुनै पूर्वयोजना बनाएको र साङ्घातिक हतियार प्रयोग गरेको पनि देखिएको छैन। रक्सी खाँदाखाँदै यी प्रतिवादीले अगाडि आफूलाई कुटपिट गरेको कुरा मृतकले गर्दा यी प्रतिवादीलाई रिस उठी पुनः कुटपिट गर्न थालेपछि मृतक भागेर गएको पाइन्छ। मृतक भागेर गएपछि यी प्रतिवादी पछिपछि गई रिसको झोकमा धकेलिदिई हातमा रहेको टर्चलाइटले हिर्काई धकेलिदिएको कारण मात्र मृतकको मृत्यु भएको देखिएको छ । यसरी भएको वारदातलाई भवितव्यको कोटीमा राख्न नसक्ने भए तापनि भवितव्य हो कि भन्नेजस्तो अवस्था भने देखिएको छ । त्यस्तै यी प्रतिवादीको दुई छोरा छोरीलाई पालनपोषण गर्ने जिम्मेवारी पनि रहेको छ । यसप्रकार वारदात हुँदाको परिस्थिति, प्रयोग भएको साधन, निजको पारिवारिक स्थितिसमेतका कुराहरू विचार गर्दा यी प्रतिवादीलाई ऐनबमोजिम ठहरेको सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं.१८८ नं. अनुसार निजलाई १३ वर्ष मात्र सजाय गर्नु उपयुक्त देखिने ।

अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट यी प्रतिवादी गोकुल भन्ने गगन कुमाललाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको सुरू गुल्मी जिल्ला अदालतको मिति २०६८।०२।१८ को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।०२।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । सो ठहरे पनि निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १८८ नं. अनुसार राय लगाई १३ (तेह्र) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल माघ २ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०७०० र ०७१-CR-०७१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भीमबहादुर मगर र भीमबहादुर मगर वि. नेपाल सरकार*

प्रतिवादी भीमबहादुर मगरसमेतका मानिसहरूले नै कुमार तामाङलाई कुटपिट गरी कर्तव्य गरी मारेको यकिन हुन आएकोले कारवाही गरिपाउँ भनी किटानी जाहेरी परेको देखिन्छ । जाहेरवालाले उक्त जाहेरीको बेहोरालाई समर्थन हुने गरी सनाखत कागज र अदालतसमक्ष बकपत्र गरिदिएको देखिन्छ । मृतक कुमार तामाङको मुखबाट रगत फिँज

बगी सुकेको, नाकबाट सेतो फिँज बगेको, नाकको डाँडीको माथिल्लो भागमा खोस्रिएको घाउ भई छालाको भाग रातो भएको देखिएको भन्ने लासजाँच प्रकृति मुचुल्का तथा मृतक कुमार तामाङको टाउकोमा घाउ चोट लागेको कारणबाट निजको मृत्यु हुन गएको भन्ने लास पोस्टमार्टम रिपोर्टबाट देखिन्छ । मौकामा कागज गर्ने हितबहादुर घले र मौकामा बुझिएका टंकमाया योञ्जनले यी प्रतिवादीसमेतले लात मुक्काले कुटपिट गरी कुमार तामाङलाई कर्तव्य गरी मारेका हुन् भनी मौकाको कागज बेहोरालाई पुष्टि हुने गरी अदालतसमक्ष बकपत्र गरिदिएको देखिन्छ । यसरी यी प्रतिवादीसमेतका उपरको किटानी जाहेरी, घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का, लास पोस्टमार्टम रिपोर्ट, प्रतिवादीको मौकाको बयान, मौकामा बुझिएका मानिसहरूको बयान तथा बकपत्रको बेहोरासमेतबाट यी प्रतिवादीसमेतले मृतक कुमार तामाङलाई लात मुक्काले कुटपिट गरेका र सोही चोट पीडाको कारणबाट कुमार तामाङको मृत्यु भएको तथ्य पुष्टि हुन आउने । प्रतिवादीको ज्यान मार्ने मनसाय भए नभएको थाहा पाउनलाई निजले वारदातको पूर्व कुनै योजना वा षड्यन्त्र गरेको छ छैन, वारदातको समयमा प्रयोग गरेको हतियार वा निजले गरेका कार्यहरूबाट पत्ता लगाउनु पर्छ । तर प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाण कागजातहरूबाट मृतक र यी प्रतिवादीबीच पूर्वरिसइवी पनि रहेको नदेखिएको, कुनै घातक तथा जोखिमी हतियार पनि प्रयोग नगरेको, मार्नु पर्नेसम्मको मनसाय लिई पूर्वयोजना तथा षड्यन्त्र पनि गरेको देखिँदैन । लङ्गुरबुर्जा खेल्ने क्रममा भएको झगडाको कारण उसैबखत उठेको रिसबाट मृतक कुमार तामाङलाई लात र मुक्काले कुटपिट गरी सडकमा पछारिदिएको र सोही चोट पीडाका कारणबाट मृतक कुमार तामाङको मृत्यु भएको देखिन आएकोले निज प्रतिवादीलाई आपराधिक दायित्व बहन गराउने प्रयोजनार्थ ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुने देखियो । ज्यानसम्बन्धी महलको १३(३) बमोजिमको सजायको माग दाबी लिने वादी पक्षले प्रतिवादीबाट ज्यान मार्ने नियतका साथ त्यस्तो आपराधिक कार्य गरेको हो भन्ने पुष्टि गर्नुपर्नेमा वादी पक्षले सोबमोजिम पुष्टि गर्नसकेको नदेखिँदा पुनरावेदक वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी भीमबहादुर मगरले उक्त वारदातमा संलग्न नरहेको, मृतकलाई कुटपिट गरेको छैन र मार्नुपर्नेसम्मको रिसइवी पनि छैन । मैले झगडा नगर भनेको मात्र हो । अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान स्वेच्छाले गरेको होइन भनी जिकिर लिएको भए तापनि त्यसरी मौकामा गरेको बयानलाई पुष्टि गर्ने तथ्ययुक्त तथा स्वतन्त्र प्रमाणहरू प्रस्तुत गर्नसकेको देखिँदैन । मौकामा भएको बयानलाई अन्यथा भएको भनी वस्तुनिष्ठ रूपमा पुष्टि नगरी केवल आफूले गरेको आपराधिक दायित्वबाट उन्मुक्ति लिने उद्देश्यले मात्र अदालतमा कसुरमा इन्कार गरेको देखिँदा आरोपित कसुरबाट सफाई पाउँ भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुनसक्ने नदेखिने ।

तसर्थः विवेचित आधार, कारण र प्रमाणबाट यी प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को विपरीत ऐ. को १४ नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिँदा निजलाई १० वर्ष कैद हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।३।१९ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।३।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी तथा प्रतिवादी दुवैको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः मनकुमारी जि.एम. वि.क. / उदवीर नेपाली (उपसचिव)

इति संवत् २०७३ साल मङ्सिर ६ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-००३७, कर्तव्य ज्यान, *पूर्णप्रसाद आचार्य वि. नेपाल सरकार*

पहिलादेखि नै आपसी झगडा भई रिसइबी रहिरहेको र सो दिन पनि मृतकले आफूलाई गाली गरेको भन्ने कुरालाई लिएर बाटोमा नै झगडा भएको, सोही झगडा हुँदा प्रतिवादीले मृतकलाई धारिलो हतियार हँसियाले संवेदनशील अङ्ग घाँटीमा प्रहार गरेको देखिन आएको छ । हँसिया जस्तो धारिलो हतियारले घाँटीजस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा मानिस मर्नसक्छ भन्ने कुरा जोसुकै सामान्य समझ भएको व्यक्तिको जानकारीमा रहने नै हुन्छ । त्यस्तो जानकारी नहुने कानूनबमोजिमको परिस्थिति तथा अवस्थामा यी प्रतिवादी रहे भएका थिए भनेर पनि कहीँकतै पुष्टि हुन आएको छैन । यस्तो पूर्वझगडा भइरहने स्थितिमा र परिणामको पूर्वजानकारी हुने पर्याप्त सम्भावना भएको स्थितिमा हुन पुगेको वारदातलाई मृतक र प्रतिवादीबीच पूर्वरिसइबी नरही आपराधिक कार्यको लागि मनसाय तत्त्वको विद्यमानता रहेको थिएन भनेर भन्न नसकिने ।

प्रतिवादीले कुनै अर्को काम गर्दा त्यसरी अप्रत्याशित रूपमा यी मृतकलाई लागेको नभई प्रतिवादीले मृतकको घाँटीमा नै हँसियाले प्रहार गरेको देखिएको छ । केवल मार्नलाई पूर्वतयारी केही गरेको नदेखिएको र हँसिया पनि मार्नलाई भनी नबोकेको भन्ने प्रतिवादीको भनाइका आधारमा मात्र यस वारदातलाई भवितव्यको संज्ञा दिन मिल्दैन । यसैगरी ज्यानसम्बन्धी १४ नं. मा उल्लेख भएअनुसार तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आई साधारण लाठा, ढुङ्गा, लात मुक्का आदिले हानेको अवस्था हुनुपर्नेमा हँसियाजस्तो धारिलो हतियार प्रयोग गरेको देखिँदा प्रस्तुत वारदात आवेशप्रेरित हत्याका रूपमा पनि लिन सकिने नदेखिने ।

वारदात हुँदाको पृष्ठभूमि तथा परिस्थिति, प्रयोग भएको हतियार, प्रहार गरेको अङ्ग आदि हेर्दा प्रस्तुत वारदात मनसायपूर्वक हत्याकै कोटीमा पर्न आउँछ । यस्तो हत्यामा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय १ अनुसार सर्वस्वहित जन्मकैदको सजाय हुने गरी सुरु अदालतले गरेको फैसला सदर ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिन आउने ।

प्रतिवादीले मार्नेसम्मको पूर्वमनसाय लिई तयारी गरी आई मार्न पुगेको नदेखिएको र आपराधिक कार्यपश्चात् आफैँ प्रहरीमा गई साबित रही न्यायिक प्रक्रियालाई समेत सहयोग गरेको देखिएको अवस्थामा यी प्रतिवादीलाई ऐनअनुसार ठहरिएको सजाय गर्दा चर्को पर्न जाने देखिन्छ । यी प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. अनुसार राय लगाई १५ वर्ष मात्र कैद सजाय गर्दा पनि कानून र दण्ड सजायको मक्सद पूरा हुन जाने देखिन आयो । तसर्थ यी प्रतिवादी पूर्णप्रसाद आचार्यलाई १५ वर्ष मात्र कैद सजाय हुने ।

अतः माथि विवेचित आधार, प्रमाण तथा कानूनी व्यवस्थासमेतका आधारमा यी प्रतिवादी पूर्णप्रसाद आचार्यलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ अनुसार सर्वस्वसहित जन्मकैद हुने गरी सुरु दैलेख जिल्ला अदालतबाट मिति २०७०।११।११ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७१।०८।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । सो ठहरे पनि वारदात हुँदाको परिस्थिति र निज प्रतिवादीले न्यायिक प्रक्रियालाई सहयोग गरेकोसमेत आधारमा निजलाई उक्त ठहरेअनुसार सजाय गर्दा चर्को पर्ने देखिएकोले निजलाई अ.बं.१८८ नं. अनुसार १५ (पन्ध्र) वर्ष मात्र कैद सजाय हने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल पुस ३ गते रोज १ मा शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-१३५४, लागु औषध (ब्राउनसुगर), *राजु खत्रीसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले लागु औषध (ब्राउन सुगर) सेवनको लागिसम्म ल्याएका हौं भनी बयानमा भने पनि बरामद भएको लागु औषधको परिमाणलाई हेर्दा ८ ग्राम ५०० मिलिग्राम रहेकोले सेवनको लागि मात्रजस्तो नभई अत्यधिक नै देखिएकोले निज प्रतिवादीहरूले किनेर ल्याएको लागु औषध (ब्राउन सुगर) सेवनका लागि मात्र ल्याएको भन्न मिल्ने अबस्था देखिएन । सेवनको कुरालाई प्रतिवादीहरूले स्वीकार गरे तापनि कुनै सुधारगृहमा बसी उपचार गराएको भन्ने अवस्था नदेखिने।

कुनै व्यक्तिको साथबाट लागुऔषध बरामद भएको स्थितिमा निर्दोष छु भन्ने प्रमाण निजले नै पुऱ्याउनुपर्ने हुन्छ । यहाँ बरामद भएको लागु औषध (ब्राउन सुगर) को परिणामलाई न्यून भन्न नसकिने अबस्था देखिएकोले सेवनको लागि खरिद गरी ल्याएका हौं भने तापनि लागु औषध आफूहरूबाट बरामद भएको कुरालाई स्वीकारी रहेको अवस्थामा निजहरूको साथबाट बरामद भएको लागु औषध बिक्रि गर्नको लागि होइन भन्ने प्रमाण पुऱ्याउनेभार निजहरूमा नै रहन्छ । सोबमोजिमको कुनै प्रमाण प्रतिवादीहरूले पुऱ्याउन सकेको देखिँदैन। यस स्थितिमा बरामद लागु औषधको परिमाणलाई बेवास्ता गरी प्रतिवादीहरूले लागु औषध सेवनका लागिसम्म ल्याएका रहेछन् भन्न मिल्ने देखिएन। सो हुँदा प्रतिवादी राजु खत्री, विवेक के.सी. र हितेश भुर्तेलसमेतलाई जनही कैद पाँच वर्ष तिन महिना र जरिवाना सात हजार रूपैयाँ हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट मिति २०७०।११।२१ मा भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, नेपालगञ्जको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

तसर्थ उपर्युक्त कारणहरूबाट सुरू इन्साफ सदर गरेको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०७१।१।०९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल फागुन २० गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CR-०९५१, ०६७-CR-०९६८ र ०६७-CR-११६९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दीपक पौडेलसमेत, मोहन धिताल वि. नेपाल सरकार र चन्द्रबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

घटनास्थलमा भेटिएको पर्चा पम्प्लेटमा गरिब मुक्ति मोर्चाले हत्याको जिम्मा लिएको भनिएको पर्चामा सचिन पहाडी, नगर कमिटी, दमक झापा लेखिएको थियो भनी कागज गर्ने छविरमण ढकालले आफ्नो बकपत्रमा उल्लेख गरेको देखिन्छ भने गरिब मुक्ति मोर्चा नेपाल लेखिएको पर्चा यी प्रतिवादी मोहन धितालको घरमा फेला परेको भनी बरामदी । खानतलासी मुचुल्कामा उल्लेख भएको पाइन्छ। यसरी प्रतिवादीहरू पवन खड्का, चन्द्रबहादुर विश्वकर्मा र टंक घिमिरेले आफूहरू पनि उक्त वारदातमा संलग्नतना रहेको कुरामा साबित भई निज प्रतिवादी मोहन धिताललाई समेत पोल गरी गरेको बयान बेहोरा, मिसिल संलग्न रहेका घटनास्थल तथा लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त, अनुसन्धानको क्रममा बुझिएका मानिसहरूको बकपत्रसमेतबाट समर्थित हुन आएको देखियो। उक्त आधार, प्रमाणबाट यी प्रतिवादी मोहन धितालले मृतक नारायणप्रसाद खरेललाई मार्ने षड्यन्त्रको योजना बनाई, सो योजनाअनुरूप अपहरण

गरी प्रतिवादी दीपक पौडेलको घरमा राखी राति रतुवा खोलामा लगी कर्तव्य गरी हत्या गरेको तथ्य पुष्टि हुन आउने।

प्रतिवादीहरू पवन खड्का, चन्द्रबहादुर विश्वकर्मा, टंक घिमिरेले सुरु जिल्ला अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोरा, मौकाको जाहेरी दरखास्त, घटनास्थल तथा लासजाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, मौकामा कागज गर्ने मानिसहरूको अदालतमा भएको बकपत्रलगायतका प्रमाण कागजातहरूबाट समर्थित भएको देखिँदा यी प्रतिवादीहरू पवन खड्का, चन्द्रबहादुर विश्वकर्मा, टंक घिमिरेको मृतक नारायणप्रसाद खरेलसमेतको हत्या गर्ने कार्यमा संलग्नता रहेको देखिन आयो। यी तिनै जना प्रतिवादीको बयान बेहोराबाट नारायणप्रसाद खरेललाई कर्तव्य गरी मार्ने कार्यमा षड्यन्त्रमूलक ढङगले योजना बनाई, सो योजनाअनुरुप मृतकको अपहरण गरी प्रतिवादी मोहन धितालललाई ज्यान मार्ने कार्यमा सहयोग गरेको देखियो। यसप्रकार मृतक नारायणप्रसाद खरेललाई कर्तव्य गरी मार्ने कार्यमा मुख्यतः प्रतिवादी मोहन धिताल रहेको भए तापनि यी प्रतिवादीहरूले एक आपसमा सरसल्लाह गरी षड्यन्त्र गरी नारायणप्रसाद खरेललाई मार्ने कायमा संलग्नता भएको देखिने।

प्रतिवादी दीपक पौडेलले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०६२।११।१२ गते बिहानै म बिर्तामोड गएको थिएँ। बेलुका घरमा फर्केर आउँदा नारायण खरेलसमेत २ जना थिए। नारायण खरेलसँग हात मिलाएँ र अन्यलाई चिन्न सकिन। मृतकको हत्या कसले किन गऱ्यो थाहा भएन भनी बयान गरेको देखिन्छ। निजले मृतकको हत्यामा संलग्न रहेको भन्ने कुरालाई अस्वीकार गरी बयान गरे तापनि उक्त मितिका दिन नारायण खरेललाई भेटी हात मिलाएको कुरालाई स्वीकार गरेको देखिन्छ। निज प्रतिवादीले सुरू अदालतमा पूर्ण इन्कारी बयान गरे तापनि प्रतिवादीहरू टंक घिमिरे, पवन खड्कासमेतको बयानबाट निज पनि घटनास्थल रहेको रतुवा खोलाको बगरमा बसिरहेको भन्ने देखिन आउँछ। यसप्रकार निज प्रतिवादी मृतकलाई मार्ने कार्यमा प्रत्यक्ष संलग्न नभए पनि घटनास्थलमा गई बसी मत सल्लाहमा परसेकोसम्म देखिन आयो। सो देखिनाले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष ६ महिना कैद सजाय हुने नै देखिने।

प्रतिवादीहरू बेलबहादुर गहतराज र छत्रबहादुर अधिकारी अधिकारप्राप्त अधिकारीसमक्ष र सुरू अदालतमा समेत कसुरमा इन्कार गरी बयान गरेको देखिन्छ। अनुसन्धानको क्रममा कसुरमा साबित भई बयान गर्ने अन्य प्रतिवादीहरूले समेत यी प्रतिवादीहरूको नारायणप्रसाद खरेलको हत्या गर्न संलग्नता थियो भनी पोल गर्नसकेको देखिँदैन भने मिसिल संलग्न अन्य प्रमाण कागजातहरूबाट समेत निजहरूको संलग्नता रहेको देखिँदैन। मृतक नारायणप्रसाद खरेलको हत्या गर्ने कार्यमा यी प्रतिवादीहरूको पनि यो यो अवस्थामा संलग्नता रहेको थियो भनी वादी पक्षले स्पष्ट जिकिर लिनसकेको देखिँदैन। तथ्ययुक्त तथा वस्तुनिष्ठ प्रमाणको अभावमा केवल शङ्काको भरमा मात्र यी प्रतिवादीहरूलाई कसुरदार कायम गरी सजाय गर्नु कानून तथा न्यायसम्मत देखिँदैन। यी प्रतिवादीहरूलाई सुरू जिल्ला अदालतले सफाई दिने गरी भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिन आउने।

अतः उल्लिखित आधार, कारण र प्रमाणबाट प्रतिवादीहरूमध्ये मोहन धितालललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी मिति २०६६।११।९ मा र प्रतिवादीमध्येका पवन खड्का, चन्द्रबहादुर विश्वकर्मा, टंक घिमिरेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी

महलको १६ नं. बमोजिम १० (दश) वर्ष कैद, प्रतिवादीमध्येको दीपक पौडेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष ६ महिना कैद र प्रतिवादीमध्येका बेलबहादुर गहतराज र छत्रबहादुर अधिकारीलाई आरोपित कसुरबाट सफाई पाउने गरी मिति २०६५।१।२५ मा सुरू झापा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६७।८।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम. वि.क. ।
उदवीर नेपाली
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल मङ्सिर ७ गते रोज ३ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या. श्री दीपककुमार कार्की**, ०७३-WH-००३१, बन्दीप्रत्यक्षीकरण, *छिरिङ तामाङ वि. राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरसमेत*

निवेदकले भन्सार चोरी पैठारी मुद्दा सुनुवाइ गर्ने अधिकारक्षेत्र जिल्ला अदालतको भएकोमा हाल सम्म सो मुद्दा जिल्ला अदालतमा पेस भएको छैन भनी मिति २०७३।८।१० मा यस अदालतमा प्रस्तुत रिट निवेदन दायर गरेको भएपनि सो मुद्दा मिति २०७३।६।३० मा काठमाडौं जिल्ला अदालतमा मुद्दा नं. ०७३-CR-०४६८ मा दायर भई कारवाहीयुक्त अवस्थामा रहेको भन्ने कुरा राजश्व अनुसन्धान विभागको तर्फबाट पेस भएको लिखित जवाफबाट देखिएको छ । यसरी हेर्दा प्रस्तुत रिट निवेदन दायर हुनुपूर्व नै विद्यमान संविधानले निर्देश गरेबमोजिम उक्त मुद्दा राजश्व अनुसन्धान विभागबाट सम्बन्धित जिल्ला अदालतमा सरिसकेको अवस्था देखिने।

तसर्थ तत्काल प्रचलित कानूनबमोजिम राजश्व अनुसन्धान विभागले आफ्नो अधिकारक्षेत्र ग्रहण गरी मुद्दाको सुनुवाइको क्रममा प्रतिवादीसँग भन्सार ऐन, २०६४ को कानूनी व्यवस्थाबमोजिम प्रतिवादीसँग माग गरेको धरौटी प्रतिवादीले दाखिल गर्न नसकी प्रतिवादीलाई थुनामा राखी उक्त मुद्दा कारवाही चल्दै गर्दाको अवस्थामा परिवर्तित विद्यमान संवैधानिक व्यवस्थाबमोजिम सो मुद्दा सम्बन्धित काठमाडौं जिल्ला अदालतमा सरी कारवाही युक्त अवस्थामा रहेको देखिँदा कानूनबमोजिम निवेदक थुनामा रहेको अवस्था देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तेजबहादुर खड्का
कम्प्युटर: संजय जैसवाल
इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री हरिकृष्ण कार्की**, ०७१-WO-०१९९, उत्प्रेषण / परमादेश, *टेकबहादुर गोदार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले दाबी लिएको उक्त जग्गाको फिल्डबुकमा नै वनबुटेन भनी जनिएको देखिन्छ । जग्गा नाप जाँच ऐन, २०१९ बमोजिम जग्गा नाप जाँच भई मिति २०४६।२।३ मा नै निवेदकले दाबी लिएको जग्गा वनबुटेन क्षेत्र भनी सार्वजनिक कायम गरी नेपाल सरकारको नाममा दर्ता भएको विषयमा निवेदकले सो सम्बन्धमा तत्काल कुनै कानूनी कारवाही चलाएको पनि देखिँदैन। सो दाबीको जग्गामा निवेदकको हक भोग थियो भन्ने कुनै वस्तुनिष्ठ आधार प्रमाण निवेदकले पेस गर्नसकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार देवानी मुद्दामा दाबी प्रमाणित गर्ने भार वादीको

हुने भन्ने कानूनी व्यवस्थाको रोहमा विचार गर्दासमेत निवेदकले उक्त दाबी गरेको जग्गामा निवेदकको हक भोग रहेको भन्ने प्रमाण गुजार्न सकेको नदेखिँदा निवेदकले दाबी लिनुलाई मात्र पर्याप्त र उचित मान्न मिल्ने नदेखिने।

निवेदकले दाबी लिएको जग्गा हाल वनबुटेन क्षेत्रको रूपमा रहेको र सो जग्गा झ्यानेघारी महिला सामुदायिक वनको रूपमा स्थानीय समुदायलाई हस्तान्तरण गरिएको तथ्य उक्त सामुदायिक वनको उपभोक्ता समितिको सदस्यको रूपमा निवेदक स्वयम् रही उक्त सामुदायिक वनको भेला बैठकमा निवेदक उपस्थित हुने तथा समूहको निर्णयबमोजिम काम कारवाही गर्दै आएको भन्ने बेहोरा जिल्ला वन कार्यालय, स्याङ्जाबाट पेस भएको लिखित जवाफबाट देखिन्छ। तसर्थ जग्गा नापीको फिल्डबुकमा जङ्गल जनिएको तथा २०५० सालमा सामुदायिक वन क्षेत्रको रूपमा हस्तान्तरण भई निवेदक स्वयम् उक्त सामुदायिक वनको उपभोक्ता सदस्यसमेत रही समूहको निर्णयबमोजिम काम कारवाही गर्ने व्यक्तिले हाल यति धेरै विलम्ब गरी निवेदन गरेको अवस्था हुँदा रिट निवेदन बेहोरासँग सहमत हुन सकिने अवस्था नदेखिने।

निवेदकको हक भोगको भन्ने कुनै वस्तुनिष्ठ आधार नदेखिएको अवस्था र कोही कसैको दाबी विरोध नभएको अवस्थाको आधारमा समेत २०४६ सालमा नै सरकारी जग्गा भनी दर्ता भइसकेको जग्गालाई निवेदकले केवल निवेदन गरेकै आधारबाट मात्र र कुनै पनि हकभोग रहेको भन्ने प्रमाणको विद्यमानता नदेखिएको अवस्थामा सार्वजनिक ठहर गरी नेपाल सरकारका नाउँमा दर्ता भई सामुदायिक वनको रूपमा हाल अस्तित्वमा रहेको जग्गालाई निवेदकको मागबमोजिम निवेदकका नाममा छुट दर्ता हुन नसक्ने ठहर गरेको मालपोत कार्यालय, स्याङ्जाको मिति २०७१।४।२० को निर्णय कानूनसम्मत देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तेजबहादुर खड्का
कम्प्युटर: संजय जैसवाल
इति संवत् २०७३ साल मङ्सिर २ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई**, ०७२-WO-१०६१, उत्प्रेषण / परमादेश, *बालकृष्ण झासमेत वि. सिंचाई मन्त्रालयसमेत*

सार्वजनिक हितको लागि व्यक्तिको सम्पत्ति प्राप्त गर्दा राज्यले कानूनबमोजिम क्षतिपूर्ति दिनु नै पर्ने हुन्छ । यो कुरालाई सिद्धान्तत: अस्वीकार गर्नुपर्ने कुनै कारण छैन । तर निवेदकका जग्गाहरू तटबन्धभित्र पारिएको छ भनी निवेदकहरूले स्पष्टसँग देखाउन सकेको पाइँदैन । यस स्थितिमा निजहरूको सम्पत्तिसम्बन्धी हक हनन् भइसकेको भन्ने निष्कर्षमा पुग्न नसकिने।

निवेदकहरूले वि.सं २०२७ सालमा कायम भएको सर्वे नक्सालाई आधारमानी वि.सं. २०७३ सालमा प्रस्तुत रिट दायर गरेको देखिन्छ । २०२७ सालमा कायम रहेको नदीको बहावलाई २०७३ सालमा पनि खाँडो खोलाले पछ्याई रहेको छ होला भनी अनुमान गर्न सकिने अवस्था देखिँदैन । मिसिल संलग्न पेस भएको नयाँ नक्सा Sheet no. 2686 12A मा पनि खाँडो नदीलाई पुरानो खाँडो नदी, नयाँ खाडो नदी भनी दुई अलगअलग ठाउँमा देखाइएको पाइन्छ । के कता तटबन्ध निर्माण गर्दा उपयुक्त हुन्छ के गर्दा वर्षातमा नदीको बहावलाई नियन्त्रणभित्र राख्न सकिन्छ सो कुरा सामान्यत: अदालतले भन्न सक्ने विषय होइन । यो प्राविधिक अध्ययनबाट ठम्याइने विषय हो । उक्त परियोजनाबाट नदीको बहाव क्षेत्रमा पर्ने निवेदकलगायतका स्थानीय नागरिकहरूको केही जग्गा क्षति हुने विषयलाई महत्त्व दिई बाढी नियन्त्रणको निम्ति गर्न लागिएको तटबन्ध निर्माणको कामलाई

रोकावट गर्नु उचित मान्न मिल्ने नदेखिने।

जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धमा नेपाल सरकारबाट नदी कटान नियन्त्रणसम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा विद्यमान व्यवस्थातर्फ हेर्दा सिंचाई तथा जल उत्पन्न प्रकोप सम्बन्धमा उपभोक्ता संस्थामार्फत निर्माण कार्य गराउने कार्यविधि २०६९ निर्माण भएको पाइयो । उक्त कार्यविधिको दफा १४(१०) मा उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकारअन्तर्गत योजना प्रणालीको लागि जग्गाको आवश्यकता भएमा उपभोक्ताले नि:शुल्क जग्गा उपलब्ध गराउने भन्ने व्यवस्था भएको देखियो । निवेदकहरूको जग्गा तटबन्धभित्र परेको छ भनी यकिन भन्न नसकिएको अवस्थामा उक्त कार्यविधिमा उल्लिखित कुराको वैधता परीक्षण गर्नु आवश्यक नदेखिने।

हरेक वर्ष वर्षातमा तराई क्षेत्रमा बाढीबाट डुबान हुने कुरा आम जानकारीको विषय हो। यसबाट हजारौं जनताको जिउधन र बसोबासमा क्षति पुगेको छ। यो क्षति रोकिनु पर्छ। यस निम्ति तटबन्ध एउटा उपाय हुनसक्छ । तराईमा बग्ने सबै नदीहरूको जलाधार क्षेत्रको संरक्षण, चुरेक्षेत्रदेखि नेपाल भारत सीमासम्म नै तटबन्धको निर्माण यसका आयाम हुन्। सम्भवत: यसै कुरालाई दृष्टिगत गर्दै राष्ट्रपति चुरे संरक्षण आयोजना सञ्चालनमा छ । हामीले आफ्नो व्यक्तिगत हितको कुरा त गरौँला तर प्रकृतिको प्रकोपलाई सहिरूपमा आँकलन गर्न र त्यस अनुरूप रोकथाम जन्य कार्यहरू गर्न सकिएन भने त्यसले मच्चाउने विनासको लिला अकल्पनीय हुन्छ। यस स्थितिमा सो कार्यक्रम रोक्नुपर्छ भन्ने वा खोला यताबाट बग्नुपर्छ भन्ने निवेदकहरूको जिकिर विवेकसम्मत नदेखिने।

खाँडो खोला तटबन्ध कार्यक्रमसमेत उपभोक्ताको हितमा नेपाल सरकारबाट सञ्चालित कार्यक्रम रहेको देखिन्छ । आम नागरिकको हितसँग जोडिएको सार्वजनिक महत्त्वको विषय भएकोले केही जग्गाको क्षतिबाट बढीभन्दा बढी नागरिकको सुरक्षा तथा नदी कटानबाट जग्गाको संरक्षण हुन सक्छ भने यो कुरालाई रोक्न उचित हुँदैन। सञ्चालित कार्यक्रमबाट निवेदकहरू स्वयम् लाभग्राही एवम् सार्वजनिक सेवाका उपभोक्ता हुन् भन्ने देखिन आएकोबाट पनि निवेदनमा उल्लिखित तटबन्ध आयोजना रोक्नु न्यायपूर्ण वा विवेकसम्मत नदेखिने।

अत: उपर्युक्त कारणहरूबाट राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिको बैठकबाट स्वीकृत डि.पि.आर. बमोजिम रिट निवेदनमा उल्लिखित खाँडो खोला तटबन्धसम्बन्धी रिट निवेदनमा उल्लिखित खाँडो खोला तटबन्धसम्बन्धी नदी नियन्त्रण कार्यक्रमबाट तराईको ठूलो भूमिको संरक्षण हुन पुगी आम जनतालाई फाइदा पुग्ने देखिन्छ। तटबन्ध निर्माण नगर्दा निवेदकको जिउज्यान, घरबास, जीविकासमेतमा प्रतिकूल असर पर्न जाने देखिँदा निवेदन मागबमोजिम रिट जारी गर्न उचित र आवश्यक हुने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री अनिलकुमार सिन्हा**, ०६८-CI-०२९३, दर्ता फारी, *रामबहादुर श्रेष्ठ वि. कृष्णप्यारी श्रेष्ठ*

पुनरावेदन अदालत, पाटनबाट फैसला हुँदा मिति २०६५।७।३ को नक्साअनुसार भनी उल्लेख भएको सम्बन्धमा पुनरावेदकले सो नक्सा नै बदर भइसकेको भन्ने आधार लिई जिकिर पेस गरेको भए तापनि मिति २०६५।७।३ को नक्सा मिति २०६५।१०।१९ को आदेशले बदर भई मिति २०६५।१२।२ मा नक्सा भई प्रस्तुत मुद्दा किनारा भएको देखिन्छ । मिति २०६५।७।३ मा नक्सा र मिति २०६५।१२।२ को नक्सामा कुनै तात्त्विक भिन्नता

नदेखिएको हुँदा फैसलामा उल्लेख भएको उक्त मिति २०६५।७।३ को भन्ने बेहोरालाई मिति २०६५।१२।२ को नक्साअनुसार भनी कायम गरी वादी दाबीको कि.नं. ११६ को जग्गालाई पूर्व पश्चिम चिरा पारी उत्तरतर्फ प्रतिवादी रामबहादुर श्रेष्ठको र दक्षिणतर्फ वादी कृष्णप्यारी श्रेष्ठको कायम हुने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी गरी फिराद दाबीबमोजिम दाबीको जग्गालाई उत्तर दक्षिण चिरा पारी पूर्वतर्फबाट ३ खण्डको १ खण्ड वादीको कायम भई पश्चिमतर्फ ३ खण्डको २ खण्ड प्रतिवादीको कायम हुने गरी वादीले आफ्नो जग्गा दर्तासमेत गरी पाउने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।११।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः तेजबहादुर खड्का

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल चैत २२ गते रोज ३ शुभम्।

- ०६८-CI-०२९२, दर्ता फारी, *रामबहादुर श्रेष्ठ वि. कृष्णप्यारी श्रेष्ठ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ८

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CI-१४१९, अंश दर्ता, *जङ्गबहादुर राउत बरै वि. धामुप्रसाद चौरसियासमेत*

वादी प्रतिवादीहरू अंशियार नाताका मानिस भएको कुरामा मुख मिलेको अवस्था छ । वादीलाई यसअगाडि नै अंश दिएको भन्ने प्रतिउत्तर जिकिर लिए पनि सो जिकिर सबुद प्रमाणबाट पुष्टि भएको देखिँदैन । अंश दिएको भन्ने कुराको पारित लिखत प्रतिवादीबाट पेस हुन नसकेको र वादी प्रतिवादीबीच बिगतमा भएका व्यवहार प्रमाणबाट समेत वादी वा निजका पिताले प्रतिवादीबाट अंश लिई पाइसकेको भन्ने कुरा स-प्रमाण पुष्टि भएको नदेखिँदा तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्ये कि.नं. ४१६ बाहेकको अन्य सम्पत्तिबाट वादीले ३ खण्डको १ खण्ड अंश पाउने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिन नआउने।

अंशबन्डाको ३० नं. लाई हेर्ने हो भने अंशियारहरूले आआफ्नो अंशभाग हिसाब शान्तिबमोजिम बुझिलिई अंशबन्डाको लिखत गरी वा नगरी आआफ्नो नाउँमा दाखेल खारेज गराइसकेको वा बन्डाबमोजिमको आआफ्नो अंशभागको जग्गा अचल सम्पत्ति छुटाछुट्टै भोग बिक्री व्यवहारसमेत गरिसकेको व्यवहार प्रमाणबाट बन्डा भइसकेको ठहरेमा पछि बन्डा पत्र रजिस्ट्रेसन नभए पनि बन्डा भएको सदर हुनेछ भन्ने व्यवस्था भएको पाइन्छ। जहाँसम्म कि.नं. ४१६ को जग्गाको प्रसंग छ, सो जग्गाबाट बादीले अंश पाउने हो होइन भनी विचार गर्दा उक्त जग्गा राम औतारका नाममा मिति २०६३।७।१३ को निर्णयबाट मोहियानी हक स्वरूप प्राप्त भएको देखिने।

तसर्थ उपर्युक्त आधार, प्रमाण र कारणबाट कि. नं. ४१६ को जग्गाबाट समेत वादीले ३ खण्डको १ खण्ड अंश पाउने ठहऱ्याएको पर्सा जिल्ला अदालतको मिति २०७०।६।१६ को फैसला सो कि.नं. ४१६ को हकमा सम्म मिलेको नदेखिँदा केही उल्टी भई उक्त कि.नं. ४१६ बन्डा नहुने र तायदातीमा उल्लिखित अन्य सम्पत्ति बन्डा हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।०८।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः बिमला पौडेल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर २२ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६७-CI-०२६२, लिखत बदर दर्ता बदर, *मोहन साह कलवार वि. सहदेव साह कलवारसमेत*

मिति २०३६।४।५ को बन्डापत्रलाई विचार गर्दा ७-१४-१ जग्गामा बन्डा भएको र सो मध्ये ज.वि. ०-११-१ जग्गा पिता रामाशमकर साहको भागमा परेको र ज.वि. ०-७-० आमा सिमरिखिया कलवारीनको भागमा परेको र ज.वि. ०-१९-० यी पुनरावेदक प्रतिवादी मोहन साहको भागमा परेको,ज.वि. ३-३-८ जंगबहादुर साहको भागमा र ज.वि.३-८-१६ सहदेव साहको भागमा परेको देखिन्छ। सो बन्डापत्रलाई हेर्दा त्यतिबेला नै प्रस्तुत मुद्दाका यी वादी प्रतिवादीहरूबीच अंशबन्डा गर्दा नै घटीबढी लिई दिई असमान रूपमा बन्डापत्र गरेको स्पष्ट देखिन्छ। यद्यपि प्रस्तुत मुद्दा अंश घटीबढीको दाबी लिई दायर भएको देखिँदैन। प्राकृतिक न्यायको सिद्धान्तले समेत आमा बाबुको सम्पत्तिमा सबै छोराहरूले समान हक पाउनुपर्छ । उक्त लिखत तयार गर्दा प्रतिवादी मोहन साह नाबालक रहेका तथा बाबु रामाशंकर निजसँगै बस्ने भनी जनिएको देखिन्छ। सो बन्डापत्रमा कुनै पनि सम्पत्ति अबन्डा रहेको भन्ने पनि नदेखिने।

जग्गा अबन्डा रहेकाले बाबु आमाको एकलौटी हक हुन सक्दैन । त्यस्तो सम्पत्ति आफूहरूको मन्जुरीबिना बकसपत्र गरिदिन मिल्दैन भन्ने वादीदाबी देखिन्छ । २०३७ सालमा बन्डापत्र भई वादीहरूले अंश बुझी लिइसकेको देखिन्छ। सो २०३७ सालको बन्डापत्रलाई अन्यथा भन्न वादीहरूले सकेको अवस्था छैन। सो बन्डापत्रमा चित्त नबुझेको भए तत्काल विरोध जनाउन सक्नुपर्ने वा अंशबन्डाको ३२ नं. बमोजिम उजुर गर्नसक्नु पर्ने थियो। सो बन्डापत्रलाई स्वीकारी लामो समय चुप लागी बसी बन्डापत्रबाट आफूले प्राप्त गरेको सम्पत्तिबाहेक अरू सम्पत्ति पनि बाँकी छन, ती अबन्डा सम्पत्ति हुन भनी वादीले दाबी लिएको देखियो। सो बन्डापत्रमा कुनै सम्पत्ति अबन्डा राखिएको देखिँदैन र त्यस्तो कुनै बेहोरा उल्लेख भएको पनि देखिँदैन। आफूले पाउने सम्पत्ति यत्तिकै हो भनी चित्त बुझाइसकेपछि त्यसमा विवाद गर्न मिल्दैन । त्यसरी विवाद ल्याउन विबन्धनको सिद्धान्तसमेतले नमिल्ने।

वादी प्रतिवादीहरूबीच २०३७ सालमा नै बन्डापत्र भइसकेको, नाबालक यी पुनरावेदक बाबुआमाको संरक्षणमा रहेका, आमा बाबुका हिस्सामा रहेको जग्गाहरू पनि सबै अंशियारहरूबीच समान ढंगले लिनुदिनु गर्ने गरी बकसपत्रसमेत गरेबाट वादी दाबीको जग्गामध्ये कि.नं. २९५, २०२, २०३, ७०१ र २२ को जग्गाको हकमा सम्म मिति २०६२।६।२३ को हालैको बकसपत्र लिखतको पाँच भागको दुई भाग लिखत र प्रतिवादीको नाउँको दर्तासमेत बदर भई वादीहरूको नाउँमा दर्ता हुने ठहर्छ। सो हदसम्म सुरू पर्सा जिल्ला अदालतको मिति २०६४।२।२८ को फैसला केही उल्टी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।७।९ को फैसला उल्टी भई मिति २०३७।४।५ मा पारित बन्डापत्रमा समेत कुनै सम्पत्ति अबन्डा रहेको भन्ने कुरा उल्लेख नहुँदा प्रमाणको अभावमा लिखत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याई भएको सुरू पर्सा जिल्ला अदालतको मिति २०६४।२।२८ को फैसला सदर हुने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल वैशाख ३ गते रोज १ शुभम्।

- यसै लगाउको ०६७-CI-०२६१, लिखत बदर दर्ता बदर, *मोहन साह कलवार वि. सहदेव साह कलवारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-WO-१००६, उत्प्रेषण, *रबिन्द्र महर्जन वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

करार दुई पक्षबीच हुने सम्झौता हो । दुई साधिकार पक्षबीच Free Consent मा भएको करार भंग गर्न करारमा संलग्न नै नभएको क्षेत्राधिकारविहीन निकाय तेस्रो पक्ष अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सो करार बदर गर्ने अधिकार छैन सुझावसम्म दिने हो । सो सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (ग) मा " नेपाल सरकार वा कुनै सार्वजनिक संस्थाको कुनै परिपाटी वा कार्य प्रणाली त्रुटिपूर्ण छ भन्ने लागेमा त्यसलाई सच्याउन र त्यसबाट उत्पन्न समस्याको निराकरण गर्न कारण र आधारसहितको सुझाब दिने" भन्ने व्यवस्था रहेको समेत देखिन्छ । जुन सम्झौता साधिकार निकाय मदन स्मारक उ.मा. वि. ललितपुर र करार सम्झौता गर्नयोग्य व्यक्ति रबिन्द्र महर्जनबीच भएको देखिन्छ। उक्त करार गर्दा विद्यालयले आफ्ना तालुक निकाय जिल्ला शिक्षा कार्यालयबाट मिति २०६९।२।२१ मा र जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट मिति २०६९।२।२६ मा रोक्का जग्गा फुकुवा गर्ने सम्बन्धमा "प्रचलित कानूनबमोजिम आवश्यक प्रक्रिया पूरा गरी गराई कार्य सम्पादन गर्ने गराउने गरी मिति २०६९।०२।२५ को निर्णयानुसार भएको रोक्का फुकुवा गरिएको बेहोरा अनुरोध छ।" भन्ने बेहोराको सहमति पत्रका आधारमा करार प्रयोजनका लागि मदन स्मारक उच्च मा.वि.को स्वामित्वमा रहेको रोक्का जग्गा फुकुवा गरी दुई पक्षबीच करार भएकोसमेत देखिन्छ । तसर्थ उक्त सम्झौतामा कुनै अनियमितता भएको भन्ने प्रश्न समावेश भएको पनि देखिँदैन । यस अवस्थामा सुझाव दिने अधिकारको गलत प्रयोग गरी भएको आदेशलाई कानूनसम्मत मान्न नमिल्ने ।

नेपालको संविधानको धारा ३१ बमोजिम प्रत्येक नागरिकलाई अनिवार्य र निशुल्क शिक्षाको पहुँचको हक हुने व्यवस्था छ। सोहीबमोजिम विद्यालयले स्वतः स्फुर्तरूपमा आत्मनिर्भर भई शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । जसका लागि विद्यालयले आफ्नो संस्थाको आर्थिक क्षमता सुधार गरी शैक्षिक स्तर वृद्धि गर्नको लागि उक्त सम्झौता गरेको भन्ने कथन देखिन्छ । नेपाल सरकारले एकीकृत भूउपयोग निति बनाउन गइरहेकोले सो नीति तयार नभएसम्म सरकारी स्वामित्वका संघ संस्था एवम् सरकारी गुठीका जग्गाहरू बिक्री वितरण गर्ने, भोगाधिकार दिने वा लिजमा दिने कार्य हाललाई नगर्नु नगराउनु भनी मिति २०६६।४।१८ को निर्णयले रोकेको भन्ने देखिएको तर सो एकीकृत ऐन, निर्माण गरी सम्झौताद्वारा जग्गाको उपयोग गरी विद्यालयले आर्थिक उन्नति गरी विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न नपाउने भनी भन्न मिल्ने देखिँदैन । सोही सम्बन्धमा प्रत्येक जिल्लामा जिल्ला भित्रको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विभिन्न शैक्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गराउने प्रयोजनार्थ जिल्ला शिक्षा समितिको व्यवस्था गरिएको हुन्छ। शिक्षा नियमावली, २०५९ को नियम १८(च)मा "विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने" साथै ऐ. नियमावलीको (ञ) मा "विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन प्रयत्न गर्नसक्ने" व्यवस्था रहेको छ । यसको अर्थ प्रत्येक विद्यालयलाई आफ्नो भोगमा रहेको अचल सम्पत्तिको रेखदेख गर्ने, सुरक्षा गर्ने तथा सोको कानूनबमोजिम विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने र विद्यालयको हितको लागि भोगचलन गर्ने अधिकार सम्बन्धित विद्यालयमा निहित रहेको हुने ।

तसर्थ, दुई पक्षबीच Free Consent मा भएको उल्लिखित करार सम्झौता विद्यालयको हितमा नै भएको भन्ने विद्यालयका तर्फबाट उपस्थित कानून

व्यवसायीको तर्क, यस अदालतबाट भएको अन्तरिम आदेशपश्चात् उक्त सम्झौता निरन्तर कार्यान्वयनमा रहेको भन्ने मिति २०७२।९।२ को मदन स्मारक उ.मा.वि.को पत्र बेहोरा, सम्झौता कार्यान्वयन गर्नका लागि आवश्यक स्वीकृती पनि लिएको भन्ने बेहोराको विद्यालय व्यवस्थापन समितिका तर्फबाट उपस्थित कानून व्यवसायीको तर्कसमेतका आधार एवम् कारणहरूबाट विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१।१२।१७ को बैठकको निर्णय संख्या ६९६ उत्प्रेषणको आदेशबाट बदर हुने ठहर्छ। साथै उल्लिखित पक्षहरूबीच भएको मिति २०६९।३।२० को करार सम्झौता तत्काल कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल चैत २१ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७३-CR-०१४४, विद्यालयको रकम हिनामिना तथा दुरूपयोग गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. अनिता कुमारी मण्डलसमेत*

अनुसन्धानको क्रममा बुझिएका प्रमाण कागजहरू हेर्दा आ.व. २०६८।६९ मा विद्यार्थीहरूलाई वितरण गरेको छात्रवृत्ति भरपाई तथा प्र.अ. अनिताकुमारीले २०६६ श्रावणदेखि २०७० असारसम्म तलब बुझेको देखिन्छ भने जिल्ला प्रहरी कार्यालय, धनुषाको च.नं. ४८३५ मिति २०७१।३।२० को पत्रमा विद्यालयको विभिन्न खर्च तथा सोही अनुपातसमेतबाट विभिन्न वर्षहरूमा विद्यालय सञ्चालन गर्दा हुन जाने खर्चसमेतलाई विचार गर्दा खरको छाना रहेको घर, शिक्षक १ र २५ जना विद्यार्थी भई कक्षा ५ सम्म विद्यालय सञ्चालनमा रहेको भन्ने उल्लेख भएको देखिएको हुनाले उक्त रकम उक्त विद्यालय २०६६ सालदेखि २०७० सालसम्म सञ्चालनमा रहेको अवस्थामा सो विद्यालय सञ्चालनमा शिक्षकहरूको तलब भत्ता, मसलन्द, छात्रवृत्ति आदिमा समेत खर्च हुने नै अवस्था देखिन आयो। यस्तो अवस्थामा विद्यालयलाई निकासा प्राप्त रकम फिर्ता भई बाँकी रहेको रकमबाट सो अवधिमा हुने तलब भत्ता, छात्रवृत्तिलगायतका शीर्षकहरूको रकम विद्यालय सञ्चालनका निमित्त आवश्यक थिएन भनी भन्न मिल्ने अवस्था देखिएन। सोबाहेक यी प्रतिवादीहरूले विद्यालयलाई प्राप्त भएको रकम हिनामिना गरेको नभई बेरूजु मात्र देखिएको तथा यो यति रकम हिनामिना गरी मासी खाएका हुन् भनी पुष्टि हुन नसकेको अवस्थामा केवल शङ्काको भरमा मात्र कसुरदार ठहऱ्याउनु न्याय एवम् कानूनसम्मत नहुने।

प्रतिवादीहरूउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको भनी बिगो असुल गरी दफा ३(१), ३(१)(च) बमोजिम सजयाको माग दाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ। दफा १७ हेर्दा "कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्राअनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुलउपर गरिनेछ" भन्ने व्यवस्था देखिन्छ। यो नं. बमोजिम कसुर कायम हुन सम्पत्तिको हिनामिना, हानि नोक्सानी हुनुपर्छ। प्रस्तुत मुद्दामा त्यस्तो कुनै अवस्था देखिन आएको छैन। ऐनको दफा ३ले पनि रिसवत लिएको वा लिन मन्जुर गरेको अवस्था देखिनु पर्ने हुन्छ। यस्तो अवस्थामा प्रतिवादीहरूले

अभियोग दाबीबमोजिम कसुर गरेको मान्न नमिल्ने हुँदा विशेष अदालतको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट यी प्रतिवादीहरूले आरोपित कसुर गरेको पुष्टि हुन नसकेको अवस्थामा विशेष अदालत, काठमाडौंबाट मिति २०७३।२।२७ मा प्रतिवादीहरूले सफाई पाउने गरी भएको फैसला मिलेकै देखिन आएकोले सदर हुने।

इजलास अधिकृत: उदविर नेपाली (उपसचिव)

इति संवत् २०७३ साल फागुन ३० गते रोज २ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-CI-१०६५, अंश नामसारी दर्ता, *शान्तिदेवी मेहतासमेत वि. मौजिलाल मेहता*

अ.बं. ८५ नं.हेर्दा "अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसलाउपर ऐनबमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाका नाउँको फिरादपत्र लिई सुन्न हुँदैन । लिएको भए पनि खारिज गरिदिनु पर्छ" भन्ने व्यवस्था गरेको देखिन्छ । वादीले अंश मुद्दामा अंश पाउने गरी फैसला भएकोमा पुनरावेदन गर्ने अवस्था नै नपर्ने र सो फैसलाबमोजिम प्राप्त सम्पत्ति आफूले भोग गरी आएकोले दर्ता फोड गरी आफ्नो नाममा नामसारी गरिपाउँ भनी फिराद गरेको देखिन्छ। कुनै नयाँ सम्पत्तिउपर दाबी नगरेको र अघि फैसला भएको विषय र प्रस्तुत मुद्दाको सन्दर्भ नै फरक देखिएकोले पुनरावेदकको जिकिरअनुसार अ.बं. ८५ नै. आकृष्ट हुनसक्ने नदेखिने।

पुनरावेदक प्रतिवादीहरूले मुलुकी ऐन, दण्ड सजायको ४६ नं. का कानूनी प्रावधानहरूको विपरीत जाने अधिकार वादीलाई छैन भन्ने जुन जिकिर लिएको देखिन्छ। सो सम्बन्धमा विचार गर्दा वादीको अंश मुद्दाबाट हक निश्चित भएको सम्पत्ति लिन पाउने निजको नैसर्गिक अधिकार हो। वादीले आफ्नो भागमा परेको सम्पत्ति पनि नलिएको, अरू कसैलाई दिएको पनि नदेखिएको अवस्थामा निजलाई अंश जस्तो हकबाट वञ्चित गर्नसक्ने नदेखिने।

वादीले आफूअनुकूल सडक बाटोतर्फको मूल्यवान भागतर्फबाट दर्ता फोरी पाउने दाबी लिएको देखिन्छ। वादीको माग दाबीबमोजिमको तर्फबाट कित्ता फोड गरी दिँदा प्रतिवादीहरूलाई अन्याय पर्न जाने देखिँदा सबै अंशियारलाई बराबरी तरिकाले फाइदा हुने गरी नरमकरम मिलाई सबैलाई समान सुविधा र फाइदा हुने गरी दर्ता फुटाई दिँदा न्यायोचित हुने भएकोले दावा गरेकै तर्फबाट दर्ता फुटाई दिएकोसम्म सुरू ठहर मिलेको देखिएन। फैसला र कानूनबमोजिम हक हिस्सा कायम गरी सबैलाई मर्का नपर्ने गरी तर्फ भने नरमकरम मिल्ने गरी छुट्याई दिनुपर्ने हुँदा दाबीबमोजिम नै तर्फबाट दर्ता फुटाई दिने गरेकोसम्म नमिलेको हुँदा सो हदसम्म सुनसरी जिल्ला अदालतबाट भएको फैसला आंशिक रूपमा मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको फैसला मनासिब नै देखिन आउने।

अतः उल्लिखित आधार, कारण तथा प्रमाणको आधारमा अंश मुद्दाबाट हक निश्चित भएको सम्पत्ति वादी मौजिलालले दर्ता फुटाई आफ्नो नाममा नामसारी गराई पाउने नै हुँदा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।४।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उदवीर नेपाली

इति संवत् २०७३ साल चैत १६ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-१२७५, नामसारी निर्णय बदर दर्ता बदर, *शान्तिदेवी मेहतासमेत वि.*

*मौजिलाल मेहता*

- ०६९-CI-१२७६, लिखत दर्ता बदर दर्ता कायम, *शान्तिदेवी मेहतासमेत वि. मौजिलाल मेहता*

## इजलास नं. ९

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-WO-०३०६, उत्प्रेषण, *राजकुमार राय वि. जिल्ला शिक्षा कार्यालय, सर्लाही मलङ्गवासमेत*

निवेदकले शिक्षक नियुक्ति सम्बन्धमा जिल्ला शिक्षा कार्यालय, सर्लाहीमा उजुरी दिएकोमा कुनै जाँचबुझ नै नगरी रोक्का राखेको कारवाही फुकुवा गरेको भनी निवेदनमा उल्लेख गरेको देखिन्छ तर जिल्ला शिक्षा कार्यालय, सर्लाहीले मिति २०६८।८।२० मा शाखा अधिकृत कर्णबहादुर बुढाथोकी र मिति २०६८।१०।१२ मा विद्यालय निरीक्षक ओमबहादुर विश्वकर्मालाई जाँचबुझ गरी प्रतिवेदन पेस गर्न खटाइएको र निजहरूले अनियमितता नभएको भनी दिएको प्रतिवेदनका आधारमा रोक्का फुकुवा गरेको भन्ने जिल्ला शिक्षा कार्यालयको लिखित जवाफ रहेको र सो कुरा मिसिल संलग्न प्रतिवेदनका प्रतिलिपिहरूबाट समेत देखिन्छ । निवेदकले बदर गरिपाउँ भनी माग गरेको प्रस्तुत नियुक्तिकै विषयमा कमोद राय यादवसमेतले उत्प्रेषण मिश्रित परमादेश र अशोककुमार साहले निषेधाज्ञा मिश्रित परमादेश उत्प्रेषण अलगअलग रिट निवेदनहरू तत्कालीन पुनरावेदन अदालत, जनकपुरमा दायर गरी ती रिट निवेदनहरू खारेज हुने ठहरी पुनरावेदन अदालत, जनकपुरबाट क्रमशः मिति २०६६।७।१७ र मिति २०७०।३।११ मा फैसला भई अन्तिम भएको देखिन्छ । अर्कोतर्फ निवेदकले बदर गरिपाउँ भनी माग गरेको विज्ञापनको परीक्षार्थी आफू रहेको भन्ने भनाइसमेत निवेदकको नरहेकाले निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नु पर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-WO-०६०१, उत्प्रेषण, *पदमराज लामिछाने वि. त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोग, किर्तिपुरसमेत*

विपक्षी गोविन्द सुवेदी मिति २०४९।०१।१९ मा शिक्षण सेवामा प्रवेश नगरी संयुक्त राष्ट्र संघ जनसंख्या कोषको आयोजनाअन्तर्गत तलब सुविधा पाउने गरी जनसंख्या विभागका तत्कालीन विभागीय प्रमुखले आयोजनाको लागि नियुक्ति गरिएको हुँदा विपक्षी गोविन्द सुवेदीको शिक्षण सेवा अटुट रूपमा सेवामा नरहेकोमा अटुट रूपमा काम गरेको भनी पुनरावेदन आयोगले अङ्क प्रदान गरी गरेको निर्णयमा गम्भीर कानूनी त्रुटि रहेको हुँदा उक्त पुनरावेदन आयोगको २०७०।१०।२७ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी त्रिभुवन विश्वविद्यालय सेवा आयोगबाट भएको मिति २०६९।११।१३ को सिफारिसअनुसार म निवेदकलाई प्राध्यापक पदमा नियुक्ति गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन माग दाबी रहेकोमा मिति २०७१।१२।२० देखि लागू हुने गरी निवेदक पद्मराज लामिछाने मिति २०७२।२।२० मा सह-प्राध्यापक पदमा नियुक्त भइसकेको भनी विपक्षी त्रिभुवन विश्वविद्यालयसमेतका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नारायणप्रसाद

खनालले नियुक्तिपत्रको प्रतिलिपि पेस गर्नु भएको हुँदा प्रस्तुत मुद्दामा निवेदन मागबमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CI-१६२९, निषेधाज्ञा, *ओमप्रकाश तेली वि. वनवारीलाल वैश्यसमेत*

पञ्चकिर्ते मूल्याङ्कन, लिलाम मुचुल्कालगायतका लिलामसम्बन्धी काम कारवाही गर्दा पनि कि.नं.१२३ को ज.वि.०-०-४ जग्गामा बनेको भुइँतले घर भनी उल्लेख भई लिलाम भई र लिलाम सकारसमेत भएको देखियो। यदि उक्त जग्गामा बनेको घरको संरचनामा फरक परेको भए उक्त जग्गाका साबिक जग्गाधनी खेलावन तेली तथा यी निवेदकहरूका बुबा रतिराम तेलीले आफूलाई दिएको म्यादभित्र हाजिर भई प्रतिवाद गर्नसक्नुपर्नेमा सोसमेत गरेको पाइएन। साथै बिगो भराउने तथा लिलामी प्रक्रियामा तहसिलदार कर्मचारीले गरेको काम कारवाहीमा चित्त नबुझ्ने सरोकारवालाले मुलुकी ऐन, दण्ड सजायको ६१ नं. बमोजिम जिल्ला न्यायाधीशसमक्ष १५ दिनभित्र उजुर गर्नसक्नुपर्नेमा म्यादभित्र सोसमेत केही गरेको पाइँदैन। यस सम्बन्धमा हाल आएर लिलाम भएको र उक्त जग्गामा बनेको संरचना फरक भएकोले लिलाम बदर हुनुपर्ने भनी दाबी गर्न मिल्ने नदेखिने।

मुद्दा परी तहतह हुँदै फैसला भई फैसला अन्तिम भइरहेको अवस्थामा सोही विषयवस्तुलाई लिएर पुनः विवाद गरी निषेधाज्ञाको निवेदन दायर गर्नु फैसला अन्तिमताको सिद्धान्त तथा प्राङ्न्यायको सिद्धान्तको समेत विपरीत हुन जान्छ। यस्तो अवस्थामा हाल आएर सोही विषयलाई लिएर निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी निवेदन दिएअनुसार निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने देखिन नआउने।

अतः बाँके जिल्ला अदालतबाट फैसला कार्यान्वयनका क्रममा सरोकारवालाले आफूलाई चित्त नबुझी कानूनअनुसार उजुर गर्नसक्नुपर्नेमा सो गरेको नदेखिएको र सोही विषयमा उत्प्रेषणसमेतको रिट र मुद्दासमेत परी उक्त लिलाम गरेको सदर हुने ठहरी यस अदालतबाट अन्तिम फैसला भइरहेको अवस्थामा हाल आएर सोही विषयमा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिँदैन। प्रस्तुत निषेधाज्ञाको निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०७१।०६।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल माघ २३ गते रोज १ मा शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CI-०००२, उत्प्रेषण / परमादेश, *धर्मनाथप्रसाद चौहान वि. जिल्ला प्रहरी कार्यालय, गौरसमेत*

पुनरावेदक आफ्नो कार्यालयबाट बिदा स्वीकृत नगराई र कुनै जानकारीसमेत नदिई कार्यालय, छोडी गई लामो समय अनुपस्थित रहँदा निजलाई खोजतलास गरिएको र खोजतलास गर्दा पनि नभेटिएपछि निजको नाममा अ.बं. ११० नं. को रीत पुर्‍याई घरदैलोमा म्याद तामेल हुँदा पनि निज उपस्थित हुन नआएपछि निजको नामको सूचना गोरखापत्रमा समेत प्रकाशित गरेको देखिएबाट निजलाई कुनै सूचना नदिएको मान्न सकिँदैन। यसरी बिनाजानकारी कार्यालयबाट जाने, खोजतलास गर्दा फेला नपर्ने र सूचना म्यादमा हाजिर हुन नआउनेलाई ऐ. नियमावलीको दफा ८९(२)(क) मा उल्लेख भएअनुसारको भागी पत्ता नलागेको वा अरू कुनै

कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नै मान्नु पर्दछ । यस्तो अवस्थाको प्रहरी कर्मचारीलाई आधार कारणसहितको अभियोगको जानकारी गराई सफाई पेस गर्ने मौका दिन नै असम्भव हुने भएकोले कारवाही गर्दा नियम ८९(२) बमोजिमको कार्यविधिको रीत पुऱ्याउनु नपर्ने गरी कानूनी व्यवस्था गरिएको हो । कुनै जानकारी नै नगराई गएको, गएपछि खोजतलास गर्दा फेला नपरेको र सूचना दिँदासमेत सोअनुसार हाजिर नभएको तथा कुनै जानकारीसमेत नगराएको अवस्थामा सम्बन्धित कार्यालय र अधिकारीले निजलाई कुनै कारवाही नगरी अनन्तकालसम्म खोजतलास मात्रै गरिरहने र निजकै स्पष्टीकरणकै लागि मात्र पर्खिरहन कदापि सक्दैन । यसो गर्नु कानून र संगठनको हितको समेत प्रतिकूल हुन जाने।

पुनरावेदकले आफ्नो शारीरिक समस्याका कारण पटकपटक जानकारी गराउँदा पनि कुनै सुनुवाइ नभएको अचानक बिरामी परी बाध्य भई उपचार गर्न गएको र पछि डाक्टरको सल्लाहअनुसार बेड रेस्टमा रहेकोजस्तो मुनासिब कारणले कार्यालयमा उपस्थित हुन नसकेको हो भनी पुनरावेदन जिकिर लिए पनि निज कार्यालयबाट गइसकेपछि निजले कार्यालयमा कुनै माध्यमबाट आफ्नो अवस्थाको बारेमा जानकारी गराउनु पर्नेमा सो पनि गराएको देखिँदैन । त्यस्तै निजले सूचना म्यादमा कारणवश हाजिर हुन नसके पनि सोबारेमा जानकारीसम्म गराउनु पर्ने थियो सो पनि केही गरेको पाइँदैन । यसरी आफ्नो कर्तव्यप्रति पूरै बेवास्ता देखाउनेले पछि आएर आफूलाई कारवाही गर्नाको कारण तथा आफूमाथिको अभियोगको कुनै जानकारी नपाई सफाइको मौका नै नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेको भनी भन्न नमिल्ने । प्राकृतिक न्यायको सिद्धान्तले जसको विरूद्धमा आरोप लाग्छ वा कारवाही हुन्छ उसलाई आफ्नो कुरा राख्ने मौका दिने हो । अर्थात् सुनुवाइको मौकाको बेवास्ता गर्ने र मौका नै दिन असम्भव परिस्थिति सिर्जना गर्ने वा त्यस्तो मौका नै दिन असम्भव भएको अवस्थामा कानूनअनुसार कारवाही अगाडि बढाउन यस सिद्धान्तले रोक्दैन । तसर्थ आफूले आफूमाथिको कारवाहीको कुनै जानकारी नपाएको, आफूलाई अभियोगको आधार कारणसहित जानकारी नदिई कारवाही गरेको भन्ने पुनरावेदन जिकिरसँगसहमत हुन सकिँदैन । रिट जारी नगरी निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालतको आदेश मिलेकै देखिन आउने हुँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल माघ २३ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CI-०९५३, उत्प्रेषण / परमादेश, *शिवशरण न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारसमेत*

नेपाल वायुसेवा ऐन, २०१९ दफा ४ मा भएको उपरोक्त कानूनी व्यवस्थाअनुसार नेपाल सरकारले निगमको कार्य सञ्चालनका लागि सातजना सदस्य भएको एक सञ्चालक समिति गठन गर्ने र महाप्रबन्धकबाहेक अन्य सञ्चालक सदस्यको कार्यावधि सामान्यतया चार वर्षको हुने देखिन्छ । यसरी सामान्यतया सञ्चालक सदस्यको कार्यावधि चार वर्षको हुने भएपनि नेपाल सरकारले चाहेमा सञ्चालकलाई निजको चार वर्षे कार्यावधि समाप्त नहुँदै पनि हटाउन सक्ने कानूनी प्रावधान रहेको पाइन्छ । त्यस्तै सञ्चालकमध्येबाट नेपाल सरकारले समितिको अध्यक्ष र उपाध्यक्षमा नियुक्त गर्नसक्ने हुन्छ र अध्यक्ष र उपाध्यक्षको हैसियतमा निजको कार्यावधिसमेत नेपाल सरकारको इच्छाअनुसार नै हुने देखिन आउने । ऐनले पदावधि बाँकी छँदै पनि नेपाल सरकारले हटाउन सक्ने र पदावधि नेपाल सरकारको इच्छाअनुसार हुने भनी नेपाल सरकारलाई स्वविवेकाधिकार प्रदान गरेको

अवस्थामा ऐनमा पदावधि तोकिएको वा पदावधि तोकेर नियुक्त गरिएको भए पनि नेपाल सरकारले आफूलाई ऐनले दिएको अधिकारअन्तर्गत रही पदबाट हटाउने निर्णय गरेकोलाई उपर्युक्त कानूनी व्यवस्थाअनुसार कानूनविपरीत रहे भएको मान्न नसकिने।

जहाँसम्म निवेदकलाई स्पष्टीकरण नै नसोधी सुनुवाइको मौका नै नदिई अवकाश दिइयो भन्ने पुनरावेदक निवेदकको पुनरावेदन जिकिरतर्फ हेर्दा मिसिल संलग्न नेपाल सरकारको मिति २०७२।०३।२१ को निर्णय एवम् विभागीय मन्त्रीबाट भएको निर्णयसमेतबाट निवेदकको कार्य क्षमताका सम्बन्धमा मिति २०७१।१२।०९ मा निवेदकसँग स्पष्टीकरण सोधिएको देखिएको छ र निवेदकले दिएको स्पष्टीकरण सन्तोषजनक नभएको भन्ने बेहोरा उल्लेख भएकोसमेत देखिएको छ। निवेदकलाई कार्यक्षमताको सम्बन्धमा स्पष्टीकरण सोधिसकेको देखिएको अवस्थामा सुनुवाइको मौका नै नदिई निर्णय गरेको भनी भन्न मिल्दैन। यसरी दिएको स्पष्टीकरण सन्तोषजनक नभएको अवस्थामा नेपाल सरकारले आफूलाई प्राप्त कानूनी अख्तियारी प्रयोग गर्नसक्ने नै हुन्छ। साथै निवेदकलाई जुन निकायबाट नियुक्ति वा पदस्थापना गरिएको हो सो निकायबाट नै स्पष्टीकरण सोधी तत्पश्चात् निर्णय गरी अवकाश दिएको देखियो । प्रशासनिक सिद्धान्तअनुसार पनि जुन निकाय वा पदाधिकारीले नियुक्ति गरेको हुन्छ सो निकायले नै अवकाश दिन सक्ने नै हुन्छ । तसर्थ प्राकृतिक न्यायको सिद्धान्तविपरीत सुनुवाइको मौका नै नदिई ऐनले पदावधिसमेत तोकिदिएको अवस्थामा कार्यावधिभन्दा अगाडी नै सेवाबाट हटाउने गरी भएको निर्णय नमिलेको भन्ने पुनरावेदक शिबशरण न्यौपानेको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल माघ २३ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-१७१८, जबरजस्ती करणी उद्योग, *कृष्णबहादुर मेयोङवा लिम्बू वि. नेपाल सरकार*

किटानी जाहेरी दरखास्त, मौकाको प्रतिवादीको साबिती बयान, पीडितको कागज र पीडित तथा प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनको बेहोरा एक आपसमा मालाकार रूपमा रही वारदातलाई स्थापित गरेको देखिन्छ। पीडिताले अदालतमा बकपत्र गर्दा प्रतिवादीले रू.१० दिई मलाई काखमा राखेको हो भनी उल्लेख गरेकी र अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज बेहोरालाई अन्यथा हो भनी भन्न नसकी थाहा छैन भनेबाट प्रतिवादीले पीडितालाई पैसाको प्रलोभनमा पारी जबरजस्ती करणी गर्नको लागि अम्रिसोघारीमा लगेको तर पीडिता पीडाले चिच्याएको कारण जबरजस्ती करणी गर्न भने नपाएको भन्ने देखिन्छ । त्यस्तै जाहेरवालीले अदालतमा बकपत्र गर्दा प्रतिवादीले गल्ती गरेको भए सजाय हुनुपर्छ भनी उल्लेख गरेको देखिन्छ। अभियोग दाबीलाई उपरोक्त तथ्यहरूले पुष्टि गरिरहेको अवस्थामा निजको अदालतको बयान विश्वासलायक देखिएन । यस अवस्थामा प्रतिवादीले पीडित बालिकालाई जबरजस्ती करणीको उद्योग गरेको पुष्टि हुन आउने।

प्रतिवादीले नाबालिकालाई जबरजस्ती करणी गर्ने मनसायले पैसाको प्रलोभनमा पारी एकान्तस्थल अम्रिसोघारीमा लगी जबरजस्ती करणीको उद्योग गरेको भन्ने जाहेरवालाको किटानी जाहेरी, जाहेरी बेहोरालाई पुष्टि हुने गरी प्रतिवादी र पीडिताले मौकामा गरेको कागज, घटनास्थल मुचुल्का, पीडिता र प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका प्रमाण कागजबाट पुष्टि भएको हुँदा प्रतिवादी लाहुरे भन्ने कृष्णबहादुर मेयोङवा लिम्बुलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. र ३(२) नं. बमोजिम ६ वर्ष कैद हुने

ठहऱ्याएको सुरू पाँचथर जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत, इलामबाट मिति २०७१।०१।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख २० गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CR-०११७, सरकारी छाप दस्तखत किर्ते गरी नागरिकता बनाएको, *मोहनबहादुर घले वि. नेपाल सरकार*

अपराधको अनुसन्धान गर्दा को-को अपराधमा संलग्न देखिन्छन्, खोजबिन गर्ने दायित्व अनुसन्धान तथा अभियोजनमा संलग्न निकायमा रहन्छ। दाबीको कसुरमा संलग्न देखिएका यी प्रतिवादी स्वयम्ले पनि कुनकुन कर्मचारीको सहयोगमा विवादित नागरिकता तयार गरेको हो खुलाउन सक्नेमा त्यसतर्फ प्रतिवादीले आफ्नो बयानमा नखुलाई कर्मचारीउपर दाबी नभएको भन्ने पुनरावेदन जिकिर युक्तिसङ्गत देखिन नआउने।

अदालतमा दायर भएको मुद्दामा वादीले लिएको दाबी पुग्ने हो होइन भन्ने विषयमा सीमित रही प्रमाण कागजातको मूल्याङ्कन गरी निष्कर्षमा पुग्नु पर्ने अदालतको दायित्व हो। वादीले दाबी नै नलिएको व्यक्तिको बारेमा अन्य व्यक्ति पनि संलग्न हुन् कि भनी खोजबिन गरी फौजदारी कसुरसम्बन्धी विवादमा प्रतिवादी कायम गर्न न्याय र कानूनको रोहमा मिल्ने देखिँदैन। मुद्दाको विषयको प्रकृतिबाट कर्मचारीसमेत संलग्न हुनुपर्ने हो तर वादी पक्षले प्रतिवादी बनाएन भन्ने आधारमा यी प्रतिवादी मोहनबहादुर घलेले आरोपित कसुरबाट उन्मुक्ति पाउने अवस्था हुन नसक्ने।

तसर्थ प्रतिवादी मोहनबहादुर घलेले सरकारी छाप दस्तखतसमेत किर्ते गरी झुठा नागरिकता बनाई किर्ते कागजको १ नं. बमोजिम कसुर गरेको ठहरी सजायको हकमा ऐ. महलको १२ नं. बमोजिम १ वर्ष कैद हुने र अर्को प्रतिवादी शिवराज तामाङले आरोपित कसुरबाट सफाई पाउने ठहऱ्याएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।३।२४ को फैसलामा अन्यथा गर्नुपर्ने नदेखिँदा सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल भदौ ७ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CR-०३८४ र ०७०-CR-११७३, वैदेशिक रोजगारी ठगी, *नेपाल सरकार वि. धनकुमारी के.सी. र रनबहादुर थापा क्षेत्री वि. धनकुमारी के.सी.*

जुन लिखतको आधारमा प्रतिवादीले आरोपित कसुर गरेको हो भनिएको हो। उक्त लिखत नै प्रतिवादीले गरिदिएको भन्ने शङ्कारहित तवरबाट पुष्टि हुन नसकेको, वादी पक्षले अदालतको आदेशबमोजिम लिखतका साक्षीलाई उपस्थित गराई लिखत प्रतिवादीले गरेको हो भनी पुष्टि गराउन नसकेको साथै जाहेरी परेपश्चात् प्रतिवादीसँग जाहेरवालाले करकापसँग कागज गराएको भन्ने देखिएबाट निजहरूबीच इवी रहेको अवस्थामा प्रतिवादीउपरको कसुर शंकारहित तवरबाट पुष्टि भएको देखिएन। वैदेशिक रोजगार कसुर जस्तो फौजदारी अभियोगमा शङ्काको भरमा कसुरदार ठहर गर्नु न्यायोचित हुने नदेखिँदा प्रतिवादी धनकुमारी के.सी.लाई आरोपित कसुरबाट सफाई दिने गरी भएको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसला अन्यथा भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको उक्त फैसलामा जाहेरवालाहरूलाई मुलुकी

ऐन, दण्ड सजायको १८ नं. बमोजिम कैद र जरिवाना गर्ने गरेको फैसलाउपर जाहेरवालामध्येका रनबहादुर क्षेत्रीको पुनरावेदन परेको अवस्था छ । प्रस्तुत मुद्दा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६३ बमोजिम वादी नेपाल सरकार भई चल्ने देखिन्छ । जाहेरवालाहरूलाई झुठा लिखत तयार गरी महिलाउपर वैदेशिक रोजगार ठगीको कसुरदार कायम गरी राज्यका विभिन्न निकायलाई गुमराहमा पारी ती निकायहरूको समय श्रम र राज्यको ढुकुटी अनाहकमा खर्च गराएको तथ्य पुष्टि भएको भन्ने आधारमा जाहेरवालाहरूलाई सजाय गरेको सम्बन्धमा हेर्दा प्रतिवादी धनकुमारी के.सी.ले वैदेशिक रोजगार न्यायाधिकरणमा गरेको बयानको सवाल ६ को जवाफमा जाहेरवालाहरूले पैसा बोकेर विदेश जान गाह्रो हुन्छ भनी आफूलाई छाडी गएको छ लाख रूपैयाँ यी पुनरावेदकलाई हुण्डीमार्फत पठाइदिएको कुरा स्वीकार गरेको देखिएकोले जाहेरवाला र प्रतिवादीका बीच रूपैयाँ कारोबार भएकोलाई प्रतिवादीले स्वीकार गरिरहेका अवस्था हुँदा प्रतिवादीउपरको वैदेशिक रोजगार ठगीको कसुर ठहर नभएकै आधारमा जाहेरवालाहरूलाई झुठ्ठा उजुर गरेको भनी जाहेरवालाहरूलाई कैद र जरिवानासमेतको सजाय गर्ने गरेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६७।३।१५ को फैसला सो हदसम्म नमिलेकोले केही उल्टी भई यी पुनरावेदन गर्ने रनबहादुर थापा क्षेत्रीका हकमा र मुलुकी ऐन, अ.बं. २०५ नं. बमोजिम पुनरावेदन नगर्ने बुद्धिराम न्यौपाने र टेकलाल सुर्तङ्गसमेतले उक्त फैसलाले गरेको सजायबाट उन्मुक्ति पाउने ।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल भदौ ७ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-१०२०, लागु औषध, *रामधारीप्रसाद यादव वि. नेपाल सरकार*

बरामद लागु औषध प्रतिवादी बसेको ठाउँबाट बरामद भएको भन्ने देखिन आउँछ । प्रतिवादीले उक्त लागु औषध भारतीय व्यक्तिहरूले छोडी गएको, प्रहरी आएपछि ती भारतीयहरू खेततिर भागेको भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । निजले जिकिर लिए झैँ निजको साक्षी लोकनाथ राय यादवको अदालतसमक्ष भएको बकपत्र हेर्दा आफ्नो खेतमा बिउ उखेल्ने काममा रहेका प्रतिवादीहरूलाई खाना लिई गएको, निजले खाना खाइरहेको अवस्थामा प्रहरी आई पक्राउ गरी लगेका हुन् भनी उल्लेख गरेको देखिन्छ । तर यी प्रतिवादीको अदालतको बयानमा आफ्नो खेतमा काम गरिरहेको भन्ने उल्लेख गरेका छन् । निजको साक्षी लोकनाथको उपस्थिति पनि त्यस वारदातस्थलमा थियो भनी कहीँकतै उल्लेख गर्नसकेको देखिँदैन । आफू एक्लै खाना खाइरहेको अवस्थामा पक्राउमा परेको भनी केवल इन्कारसम्म भएका छन् । यसबाट निजको साक्षीको कथनबाट प्रतिवादीको इन्कारी बयान समर्थित भयो भन्ने पुनरावेदन जिकिर पुष्टि भएको मान्न मिल्ने देखिएन । अर्कोतर्फ बरामदी मुचुल्काका केही व्यक्तिले वारदातको विषयमा आफूलाई केही थाहा छैन भन्ने तथ्य अदालतमा आई उल्लेख गर्दैमा बरामदी मुचुल्का, बरामद लागु औषध अफिम, प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, बरामदी मुचुल्काका मानिस स.प्र.ना.नि. नारायण खड्काले वारदात र बरामदी मुचुल्कामा उल्लिखित बेहोरा स्पष्ट उल्लेख गरी समर्थन गरेको बकपत्रसमेतका प्रमाणलाई गौण गरी प्रतिवादीले आरोपित कसुरबाट उन्मुक्ति पाउने आधार बन्न नसक्ने ।

तसर्थ, प्रतिवादीले अभियोग दाबीअनुसारको कसुर अपराध गरेको देखेको भनी निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (च) को कसुरमा ऐ.को दफा १४(१)(छ)(३) बमोजिम कैद वर्ष १८ र जरिवाना रू ६ लाख हुने ठहऱ्याई गरेको

सुरू बारा जिल्ला अदालतको फैसलालाई सदर हुने ठहऱ्याई गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१२।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ ७ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-१०७७ र ०७०-CR-०८६०, जिउ मास्ने बेच्ने, *नेपाल सरकार वि. कमल अधिकारी र नेपाल सरकार वि. मधु राई*

जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ३ मा "कसैले जिउ मास्ने बेच्ने कार्य गर्नु हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रतिवादी कमल अधिकारीको बयानअनुसार यी प्रतिवादी मधु राईले पीडितहरूलाई विदेश जान उक्साई कमाई धेरै हुन्छ भनी प्रलोभनमा पारी गाउँ घर नेपालमै बसी प्रतिवादी कमल अधिकारीको साथमा पीडितहरूलाई पठाई ऐनको दफा ४(घ) मा वर्णीत कसुर अपराध गरेको देखिन्छ । यी प्रतिवादीको अभियोग मागदाबीबमोजिम पीडितहरूलाई विदेशमा लगी बेच्ने कार्यमा प्रत्यक्ष संलग्नता रहेको र निजले नै विदेश लगी बिक्री गरी ऐनको दफा ३ बमोजिमको कसुर गरेको देखिँदैन। प्रतिवादी कमल अधिकारी र मधु राईबीचमा रिसइवीसमेत केही नदेखिएको अवस्थामा मधु राईलाई पोल गरी प्रतिवादी कमल अधिकारीले झुठ्ठो बेहोरा लेखाउनु पर्ने केही कारण नभएको र प्रतिवादी मधु राईले मौकैमा अदालतसमक्ष उपस्थित भई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७बमोजिम आफ्नो निर्दोषितालाई पुष्टि गर्न नसकेको समेतका आधार प्रमाणहरूबाट प्रतिवादी मधु राईलाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(घ) को कसुरमा दफा ८(४) बमोजिम कसुर ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला अन्यथा भएको नदेखिने।

अतः उल्लिखित विवेचित कारण र आधारबाट प्रतिवादीहरूको कसुरमा देखिएको संलग्नताका आधारमा प्रतिवादीहरूमध्येको कमल अधिकारीको हकमा जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(घ) को कसुरमा ऐ.ऐनको दफा ८(४) बमोजिम १ वर्ष ७ महिना कैद सजाय गर्ने गरी पुनरावेदन अदालत, धनकुटाले मिति २०६७।३।१७ मा गरेको फैसला र अर्का प्रतिवादी मधु राईको हकमा ऐ.ऐनको दफा ४ (घ) को कसुरमा दफा ८ (४) बमोजिम ५ वर्ष कैद सजाय गर्ने गरी पुनरावेदन अदालत, धनकुटाले मिति २०७०।२।२७ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर अपरेटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CI-००४०, अंश, *रामनरेश कुर्मीसमेत वि. विमलादेवी कुर्मी*

२०२७ सालमा विवादित जग्गाहरू आफ्नी छोरीलाई राजीनामा गरी दिएपश्चात २०४१ सालमा पुनः रामदास कुर्मीले आफ्नी एक मात्र सन्तान छोरी सुनरा कुर्मीनलाई अन्य विभिन्न जग्गाहरू हालैको बकसपत्र गरी दिएको समेत देखिन्छ। यसरी आफ्ना अन्य सन्तान नभएकाले एक मात्र सन्तान सुनरा कुर्मीनलाई विवादित जग्गाहरू राजीनामा गरी दिएको र केही जग्गा पछि हालैको बकसपत्र गरी दिएको देखिँदा आफ्ना बाबुबाट प्राप्त गरेका यी विवादित कित्ता नं.७१, ९३, १५२, १६८, १९९, १८०, २२५, २३०,

२२०, ३२७, ४७२, ६११, ६४१ र ७५२ का जग्गाहरू अन्य अंशियारमा अंश लाग्ने पैतृक सम्पत्ति रहेको नदेखिने।

यसरी पैतृक सम्पत्ति नभई माइतीतर्फबाट प्राप्त भएका जग्गाहरूको स्रोत राजीनामा भए पनि आफ्नी एक मात्र सन्तान छोरीलाई बाबुले २०२७ सालमा नै जग्गा दिएको पैतृक नभई दाइजोकै रूपमा हक हस्तान्तरण गरेको तथ्य सो जग्गा निज सुनरा कुर्मीनको मृत्युपछि उक्त जग्गाहरू अन्य अंशियारले अपुताली नामसारी गर्न कुनै चासो देखाएको समेत देखिएन। त्यस्तो माइतीबाट आमा तथा श्रीमतीलाई दाइजोको रूपमा प्राप्त भएको जग्गा प्रतिवादीहरू दयाराम कुर्मी तथा राजेन्द्र कुर्मीले आफ्नी सम्धिनी तथा सासू जनका कुर्मीनलाई राजीनामा पारित गरिदिन कुनै कानूनले रोक लगाएकोसमेत नदेखिने।

प्रतिवादीहरू दयाराम र राजेन्द्रले राजीनामा गरी दिएको जग्गाहरू पुनः निज जनका कुर्मीनले प्रतिवादी दयाराम तथा राजेन्द्रकी बुहारी तथा श्रीमती विमलादेवीलाई हालैको बकसपत्र गरी मिति २०५८।८।७ मा हक हस्तान्तरण गरेको देखिएको र सोही आधारमा मात्र विवादित जग्गा पैतृक मान्न सकिने हुँदैन। यी वादीहरूले दयाराम तथा राजेन्द्रप्रसादले जनकालाई राजीनामा गरिदिएको र जनकाले हालैको बकसपत्र गरी विमलादेवी कुर्मीलाई दिएकोमा सो बदर गराउन कुनै चासो देखाएकोसमेत देखिएन। मुलरूपमा विवादित जग्गा अंशियारहरूबीच बन्डा लाग्ने पैतृक सम्पत्ति नै देखिन नआएकोमा कसैले अन्य कानूनी प्रक्रियाबाट निजी आर्जनको देखाउने र यी जग्गा आफ्नो मात्र हक लाग्ने हो भनी अनावश्यक कानूनी प्रक्रिया गरेकै आधारमा पुनरावेदकले अंशहक पाउने भनी व्याख्या गर्नु मनासिब नदेखिने।

विवादित कि.नं. ७१, ९३, १५२, १६८, १९९, १८०, २२५, २३०, २२०, ३२७, ४७२, ६११, ६४१ र ७५२ का जग्गाहरू प्रतिवादी दयारामको ससुराले आफ्नी छोरी सुनरा कुर्मीनलाई दिएको लिखत प्रमाणबाट पुष्टि हुन आएको र त्यस्तो सम्पत्ति बन्डा लाग्ने पैतृक मान्न मिल्ने नदेखिँदा जनका कुर्मीले दयाराम र राजेन्द्रप्रसाद कुर्मीबाट मिति २०५८।६।२९ मा र.नं. २४९३ बाट राजीनामाबाट प्राप्त गरेको र सोही जग्गा निज जनका कुर्मीबाट हालैको बकसपत्रबाट विमलादेवी कुर्मीले र.नं.३५०३ मिति २०५८।८।७ मा पाएको कि.नं. ७१ समेतका १४ कित्ता जग्गाहरू बन्डा लाग्ने गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६७।८।१२ मा भएको फैसला सो हदसम्म केही उल्टी गरी उक्त बकसपत्रबाट पाएको सम्पत्ति विमलादेवी कुर्मीको निजी हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।८।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४-WO-०३९३, उत्प्रेषण / परमादेश, *डा. अनुप बास्तोला वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत*

नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को अनुसूची-६ को सि.नं. ४१ को ट्रपिकल मेडिसिनको एघारौं पदको लागि ट्रपिकल मेडिसिनमा स्नातकोत्तर उपाधि हासिल गरेको भनी न्यूनतम् योग्यता तोकिएको र सोबमोजिम निवेदकले MD (Dermatology) र Master of Clinical Tropical Medicine गरी दुई विषयमा स्नाकोत्तर उपाधि हासिल गरेको भन्ने मिसिलसाथ रहेको Nepal Medicine Council को Residential of Specially Qualification बाट देखिइरहेको अवस्थामा उल्लिखित पदका लागि

निवेदकको शैक्षिक योग्यता पूरा गरेको भन्ने कुरामा विवाद नरहने।

निवेदक स्वास्थ्य सेवाको आठौं तहको अधिकृतस्तरमा कार्यरत रहँदाकै अवस्थामा MD Resident पढ्न गएको र MD पढ्दाका अवस्थामा समेत निजले अस्पतालमा वरिष्ट डक्टरहरूसँगै रही बिरामीको चेक जाँच परीक्षणसमेतका स्वास्थ्यसँग सम्बन्धित विषयमा सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान र अनुभव हासिल गरेको भन्ने देखिएको छ । उक्त स्नातकोत्तर उपाधि हासिल गरी हाल रिट निवेदक नेपाल स्वास्थ्य सेवा मेडिसिन समूह ट्रोपिकल उपसमूहको नवौं तहको कन्सल्टेण्ट ट्रोपिकल मेडिसिन फिजिसियन पदमा कार्यरत रहेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिएको सन्दर्भमा माथि उल्लिखित कानूनी व्यवस्थाबमोजिमको कार्य अनुभव निजमा नरहेको भन्न नमिल्ने।

निवेदकले नेपाल सरकारको पूर्वस्वीकृति लिई MD Resident को रूपमा वीर अस्पतालमा तलबी अध्ययन बिदामा र थाइल्यान्डमा आफ्नो सञ्चित बिदा तथा बेतलबी बिदा कानूनबमोजिम स्वीकृत गराई अध्ययन गरेको अवधिलाई अनुभवको अवधिका रूपमा गणना गर्नु नपर्ने कुनै आधार देखिँदैन । त्यस्तो अवधिलाई अनुभवमा गणना गर्न नपर्ने कुराको वस्तुगत आधार लोक सेवा आयोगको निर्णयमा खुलाइएको पाइएन। न त आयोगले निर्णयमा उल्लेख गरेको स्वास्थ्यसम्बन्धी नियमावलीमा त्यस्तो कुनै व्यवस्था गरिएको देखिन्छ। MD को अध्ययनको प्रकृति हेर्दा अध्ययन अवधिभरसमेत बिरामीकै चेक जाँचमा खटिनुका अतिरिक्त परीक्षासमेत दिनुपर्ने एवम् यस्तो अध्ययन विशुद्ध किताबी ज्ञान मात्र नभई बिरामीको निकट रही रोगसम्बन्धी व्यवहारिक अध्ययनसमेत गरिने हुँदा उक्त अवधिलाई अनुभवमा गणना नगरिने हो भने योग्य र क्षमतावान व्यक्तिको वृत्ति विकासमा प्रत्यक्ष रूपमा नकरात्मक असर पर्न जाने कुरालाई इन्कार गर्न नसकिने । कानूनद्वारा स्पष्टतः MD Resident को अवधिलाई अनुभवको रूपमा मान्यता प्रदान गर्न मिल्दैन भनी व्यवस्था नै नगरेको अवस्थामा कानूनी व्यवस्थाको विपरीत अर्थ गरी आत्मगत आधारमा रिट निवेदकको MD Resident को अवधिलाई अनुभव अवधि गणना गर्न नमिल्ने भनी लोक सेवा आयोगले गरेको मिति २०७३।३।३० को नि.नं. ३३०।०७२।७३ र सोही निर्णयको आधारमा विज्ञापन नं. १६५४३।०७३।७४ को लागि निवेदकले गरेको दरखास्त फाराम र मिति २०७४।५।३० र ३१ को लिखित परीक्षासमेत रद्द गर्ने गरेका निर्णयहरू कानूनअनुरूप देखिन नआउने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट निवेदकले नेपाल स्वास्थ्य सेवा ऐन, तथा नियमावलीले गरेको व्यवस्थाअनुरूपको प्रक्रिया पुऱ्याई अध्ययन बिदा स्वीकृत गराई MD Resisdent को उपाधि हासिल गरी कानूनले निर्धारण गरेको सबै योग्यता पूरा गरेको अवस्थामा निजले MD Resisdent को रूपमा अध्ययन गरेको अवधिलाई अनुभव अवधि गणना गर्न नमिल्ने भनी निवेदकको दरखास्त फाराम र मिति २०७४।५।३० र ३१ गते लिएको लिखित परीक्षा रद्दसमेत गर्ने लोक सेवा आयोगको निर्णय प्रचलित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका विपरीत भएकाले उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब निवेदक डा. अनुप बास्तोला सम्मिलित भएको मिति २०७४।५।३० र ३१ गते सञ्चालित परीक्षाको परीक्षाफल प्रकाशित गरी परीक्षासम्बन्धी अन्य प्रक्रियाअगाडि बढाउनु भनी विपक्षी लोक सेवा आयोगका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CR-०१९५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बासुदेव यादव*

मृतकका बाबु जाहेरवाला मुसाफिर यादवले सुरूमा प्रहरीमा दिएको सद्‌गत बुझिपाउँ भन्ने निवेदन र पछि दिएको जाहेरी दरखास्तमा छोरी प्रतिमाकुमारीको मृत्यु कसरी भयो भन्ने सम्बन्धमा बेग्लाबेग्लै तथ्य उल्लेख गरेको देखिन आउँछ । त्यस्तैगरी निजै जाहेरवालाले सुरू जिल्ला अदालतमा आई बकपत्र गर्दा वारदात भएको दिन प्रतिवादीहरूसँग झैझगडा नभएको र आफ्नी डेढ वर्षकी छोरी प्रतिमाकुमारी खेल्दा ढुङ्गामा लडेर टाउकोमा चोट लागेको कारणबाट कलैया अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भएको हो । पार्टी पोलिटिक्सको कारणले प्रतिवादीहरूउपर किटानी जाहेरी दिएको हुँ, निजहरूले अभियोग दाबीबमोजिम सजाय पाउनुपर्ने होइन भनी आफूले दिएको किटानी जाहेरी दरखास्त खण्डित हुने गरी बकपत्र गरेको देखिने।

स्वयम् वादीका साक्षीहरूले नै बालिका प्रतिमा कुमारीको मृत्यु यी प्रतिवादीले छोडेको चोटको कारणले नभई बालिका लडेर टाउकोमा चोट लागेको कारणबाट निजको मृत्यु भएको भनी बकपत्र गरेबाट वादीले प्रतिवादीउपरको अभियोग प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार शङ्कारहित तवरले प्रमाणित गर्नसकेको देखिएन । यस स्थितिमा यी प्रतिवादी वासुदेव यादवले अभियोग मागदाबीअनुसारको कसुर गरेकै रहेछन् भनी प्रमाणित हुने ठोस सबुद प्रमाणको अभावमा शङ्काको आधारमा मात्र दोषी करार गर्न फौजदारी न्यायको सिद्धान्तले मिल्ने देखिएन । शङ्काको सुविधा प्रतिवादीले पाउने फौजदारी न्यायको सिद्धान्तसमेतका आधारमा यी प्रतिवादी वासुदेव यादवले अभियोग मागदाबीबमोजिमको कसुर गरेका रहेछन् भनी मान्न मिल्ने अवस्था पनि रहेको नदेखिने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रस्तुत मुद्दामा प्रतिवादी वासुदेव यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३ (३) नं. बमोजिमको आरोपित कसुरबाट सफाई पाउने ठहऱ्याई गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।०१।१३ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७४ साल साउन २२ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CI-०६९६, अंश चलन, *राजन थापासमेत वि. शान्ति थापासमेत*

पुनरावेदकहरू मदन थापा र राजन थापाले आफ्नी हजुरआमा मानकुमारी थापाबाट उक्त कि.नं. ३८४ को जग्गा मिति २०५७।९।१९ मा हालैको बकसपत्रबाट प्राप्त गर्दा पुनरावेदकका दाता मानकुमारी थापा तथा पुनरावेदकहरू मदन थापा, राजन थापा र प्रत्यर्थी / वादी शान्ति थापा, मनोज थापा एकासगोलमा रहे भएको अवस्था मिसिलबाट देखिन्छ। पुनरावेदक र प्रत्यर्थी समान पुस्ताका अंशियार भई पुनरावेदकलाई कि.नं.३८४ को जग्गा बकसपत्र पारित गरिदिने व्यक्ति मानकुमारी थापा परिवारबाहिरको व्यक्ति नभई हजुरआमा नाताकी व्यक्ति भएकोमा विवाद छैन । पुनरावेदक / प्रतिवादी र प्रत्यर्थी वादी एकासगोलमा रहे भएको अवस्थामा कि.नं.३८४ को जग्गा पुनरावेदकहरूको नाउँमा हालैदेखिको बकसपत्रबाट प्राप्त हुन आएको देखियो । यस्तो अवस्थामा कि.नं.३८४ को जग्गा बन्डा लाग्नु पर्ने होइन

भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मानकुमारी थापा यी पुनरावेदक / प्रतिवादी र प्रत्यर्थी वादीको एकासगोलको अंशियार रहेको अवस्थामा निज मानकुमारी थापाले मोही हकबापत प्राप्त गरेको कि.नं.३८४ को जग्गा एकासगोलका अंशियार सबैको लागि पैतृक सम्पत्ति भई सगोलको नै रहेको मान्नुपर्ने देखिन आयो । उक्त सगोलकै कि.नं.३८४ को जग्गा सगोलकै अंशियारको नाममा बकसपत्रको लिखत पारित गरिदिएबाट सबै अंशियारको हक लाग्ने नै सम्पत्ति हुने।

उपरोक्त विवेचित आधार प्रमाणहरूबाट सुरू जिल्ला अदालतले कि.नं.३८४ को जग्गा बन्डा लाग्ने गरी गरेको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।६।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको कि.नं.३८४ को जग्गा बन्डा लाग्ने गरी भएको फैसला उल्टी गरी उक्त जग्गा बन्डा नलाग्ने गरी फैसला गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल असोज २५ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CI-१६५३, परमादेश, *आलोक कुमार शर्मा वि. रस्मी खरेल कर्माचार्यसमेत*

बैंकका कर्मचारी र व्यवस्थापनबीच १८ मार्च २०१३ (२०६९ साल चैत ५ गते) भएको सम्झौता हेर्दा बैंकका कर्मचारीहरूका तलब भत्ता मिति २०६९।९।१बाट लागु हुने गरी वृद्धि हुने उल्लेख गरेको पाइन्छ भने पुनरावेदकले सुरूमा लिखित जवाफ फिराउँदा रिट निवेदकको राजीनामा मिति २०७०।१।८ मा स्वीकृत भएको भन्ने उल्लेख गरेको देखियो । सञ्चालक समितिबाट तलब भत्ता वृद्धि सम्झौताको अनुमोदन २०७०।२।१ मा भए पनि मिति २०६९।९।१बाट तलब सुविधा वृद्धि गर्ने निर्णय सञ्चालक समितिले अनुमोदन गरेको देखियो । यी निवेदकहरूको राजीनामा २०७०।१।८ मा स्वीकृत भएको र राजीनामा स्वीकृत हुँदा बढेको पारिश्रमिकलगायतका सुविधा नपाउने भन्ने सर्त पनि राखिएको नपाइएबाट काम गरिसकेको अवधिमा बढेको सुविधा निवेदकहरूले नपाउने भन्न नमिल्ने।

अत: रिट निवेदकहरूको राजीनामा स्वीकृत हुनुभन्दा अगाडि बैंकमा कार्यरत रहँदाकै अवस्थामा वृद्धि भएको तलब भत्ताबाट वृद्धि भएको तलब भत्ताबाट रिट निवेदकहरूलाई वञ्चित गर्नु न्यायसङ्गत देखिन नआएकोले मिति २०६९।९।१ देखि वृद्धि भएको आधारभूत पारिश्रमिकबमोजिम नै रिट निवेदकहरूले पाउने तलब, सुविधाहरू प्रदान गर्नु भनी विपक्षीका नाउँमा जारी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।६।२९ को परमादेशको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदीपकुमार राई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-CI-०२६३, हक कायमसमेत, *शान्ति मास्केसमेत वि. रामकुमारी प्रधान*

जग्गामा हक कायम गर्ने साबिकको स्रोतको रूपमा रहेको अनुसूची २ मा नै दाबीको जग्गाहरू नदेखिएको, जग्गाको फिल्डबुकमा जोताहाको नाम, थर जगतबहादुर प्रधान लेखिएता पनि जग्गाधनी र किसानको बेहोरा खाली रहेको विवादित कि.नं.

७६ को जग्गाको दक्षिणतर्फ बुटेन जनिएको पाइन्छ। बुटेन भएको तथा कुनैपनि व्यक्तिको हक भोग नभएको जग्गासँगै जोडिएर रहेको विवादित जग्गा देखिँदा निर्विवाद रूपमा व्यक्तिको हक भोग स्थापित हुनसक्ने स्थिति नदेखिइएको सार्वजनिक प्रयोजनको जग्गा रहेको भन्ने देखिएको र जग्गाको हक भोग चलनको सम्बन्धमा विवादास्पद बेहोरा उल्लेख भएको कारणबाट दाबी पुग्न नसक्ने गरी सुरू जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। दुवै पक्षले साबिक दर्ता लगत भोगको आधार पेस गरेकोमा उक्त प्रमाणहरूको विवेचना मूल्याङ्कन नै नगरी जग्गासँग भिड्छ, भिड्दैन पेस भएका प्रमाणहरू एक अर्कालाई परस्पर नदेखाई नसुनाई गरेको गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६६।२।१७ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। अब सम्पूर्ण प्रमाण दर्ता स्रेस्ता लगतसमेत हेरी ती प्रमाणहरूको समुचित मूल्याङ्कनसमेत गरी जो जे बुझ्नुपर्छ बुझी निर्णय गर्नु भनी पुनः इन्साफको लागि सुरू काठमाडौं जिल्ला अदालतमा पठाइदिने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।३।७ मा फैसला भएको देखिन्छ। वादी र प्रतिवादीले देखाएका हकको स्रोत र प्रमाणको मूल्याङ्कन र विवेचना गरेर हक यकिन गरी सुरू तहबाट फैसला हुनु उपयुक्त नै देखिँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।३।७ मा भएको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने।

तसर्थ माथि विवेचित आधारमा प्रमाणको मूल्याङ्कन गरी फैसला गर्नु भनी जिल्ला अदालतमा पठाएको देखिएको हुँदा प्रमाणको विवेचना भएर हक यकिन भई सुरू तहबाट नै फैसला हुनु उपयुक्त हुने हुँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

उपरजिष्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम्।

## २

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-०३२६, उत्प्रेषण / परमादेश, *रामबहादुर खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा ७५ले दिएको अधिकार प्रयोग गरी बनेको निजामती सेवा नियमावली २०५० को नियम ३६(३) मा ५० (पचास) वर्ष उमेर पुगेको कर्मचारीलाई निजले मागेमाबाहेक 'क' वर्गको भौगोलिक क्षेत्रमा सरूवा गरिने छैन भन्ने व्यवस्था रहेको छ। सामान्य प्रशासन मन्त्रालयले आफूले पाएको अधिकार प्रयोग गरी सरूवा गर्दा सम्बन्धित नियमावलीलाई पालन गर्नु नपर्ने छुट निजामती सेवा ऐन, तथा नियमावलीले प्रदान गरेको नदेखिँदा नियमावलीको नियम ३६(३) को कानूनी व्यवस्थाको पालना गर्नुपर्ने हुन्छ। नियमावलीको नियम ३६(३) को व्यवस्था लागू नहुने भन्न मिल्ने नदेखिने।

निवेदकले आफू 'क' वर्गको भौगोलिक क्षेत्रमा सरूवा हुनपाउँ भनी माग पनि नगरेको विपक्षी मन्त्रालयले निवेदकलाई सरूवा गर्दा निजको सहमति र मन्जुरी लिएको पनि नदेखिएको हुँदा निवेदक रामबहादुर खड्कालाई मालपोत कार्यालय, बाँकेबाट जिल्ला हुलाक कार्यालय, जाजरकोटमा सामान्य प्रशासन मन्त्रालयले मिति २०७३।५।३१ मा गरेको सरूवा निजामती सेवा नियमावलीको नियम ३६(३) को बाध्यात्मक व्यवस्थाविपरीत देखिएको हुँदा विपक्षी सामान्य प्रशासन मन्त्रालयले सामान्य प्रशासन समूहका यी रिट निवेदक नायव सुब्बा रामबहादुर खड्कालाई मालपोत कार्यालय, बाँकेबाट जिल्ला हुलाक कार्यालय, जाजरकोटमा सरूवा गर्ने गरी मिति २०७३।५।३१ मा गरेको निर्णय र सो निर्णयका आधारमा मिति २०७३।५।३१ मा च.नं. ४१५ बाट निज निवेदकलाई दिइएको सरूवापत्र र अन्य सम्बन्धित निकायमा दिइएको वोधार्थ तथा कार्यार्थ

पत्रलगायतका कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली २०५०बमोजिमको कानून व्यवस्थाबमोजिमको सरूवा प्रक्रिया अवलम्बन नगरेसम्म रिट निवेदक रामबहादुर खड्कालाई हाल कार्यरत मालपोत कार्यालय, बाँकेमा रही कामकाज गर्न दिनु भनी परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम्।

## इजलास नं. १३

### १

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WH-००७४, बन्दीप्रत्यक्षीकरण, *झलक गुरूङ वि. सुनसरी जिल्ला अदालतसमेत*

कुनै अभियोग लागेको व्यक्तिलाई निज विरूद्धको अभियोगका बारेमा जानकारी नै नदिई वा निजलाई प्रतिवाद गर्ने उचित मौका नै प्रदान नगरी एकतर्फी रूपमा फैसला गरिएमा स्वच्छ सुनुवाइको मान्यताप्रतिकूल हुन जान्छ । कसैका विरूद्ध फैसला गर्नुपूर्व अनिवार्य रूपमा पालना गर्नुपर्ने कानूनी उचित प्रक्रियाको अनुशरण गरी प्रतिवाद गर्ने अवसर प्रदान गर्नु अनिवार्य हुन्छ । यसप्रकारको अवसर नै प्रदान नगरी भएको निर्णयले मान्यता प्राप्त गर्न नसक्ने।

निवेदक झलक गुरूङको स्थायी ठेगाना वा वतन मोरङ जिल्ला केरौन गाउँ विकास समिति वडा नं. १ हो भन्ने तथ्यमा कुनै विवाद देखिँदैन। तर निजका नामको म्यादी पुर्जी सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. १३ मा तामेल भएको पाइयो। मोरङ जिल्ला केरौन गा.वि.स.का मानिसका नामको म्याद सुनसरी जिल्ला धरान न.पा. भनी अभियोगपत्रमा उल्लेख हुनु, सोही वतन खुलाई म्याद जारी गर्नु र तामेल गरेको देखाई औपचारिकता निर्वाह गरेको देखाइनुको कानूनी वैधता र औचित्य प्रमाणित हुन सक्तैन । तसर्थ उक्त म्याद मुलुकी ऐन, अ.बं. ११० नं. अनुरूप तामेल भएको भनी मान्न मिल्ने नदेखिने।

हुँदै नभएको ठेगाना वा गलत वतन देखाई म्याद जारी गरी तामेल भएको देखाउनु प्रतिवादको अवसर नै नदिएकोसरह हुन जान्छ । सुनुवाइ वा प्रतिवादको अवसर उचित प्रक्रियाबाट प्रदान नगरी भएको निर्णयको वैधतामा गम्भीर प्रश्न खडा हुन पुग्दछ। म्याद सूचना जारी गरी तामेल गर्ने कुरा केवल औपचारिकता निर्वाहको विषय होइन, यो उद्देश्यमूलक, औचित्यपूर्ण र तार्किक पनि हुनुपर्दछ। सही साँचो वा वास्तविक वतन व्यक्ति पहिचानको एउटा माध्यम पनि हो। न्यायिक काम कारवाहीका सन्दर्भमा यस पक्षमा पनि संवेदनशीलता अपनाउनु वाञ्छनीय हुने।

निवेदक झलक गुरूङउपर सुनसरी जिल्ला अदालतमा दायर भएको फौ.नं. २०७१-CR-०१२८ को जबरजस्ती करणी मुद्दामा प्रतिवादी रहेका निवेदकको घर बसोबास भएको स्थायी वतनमा म्याद तामेल भएको देखिँदैन । तसर्थ निजलाई प्राकृतिक न्यायको सिद्धान्त र मुलुकी ऐन, अ.बं.११० अनुरूप म्याद जारी र तामेल गरी सुनुवाइको उचित मौका प्रदान गरिएको थियो भन्ने सम्झन मिलेन । यस अवस्थामा झलक गुरूङलाई कैद सजाय हुने गरी सुनसरी जिल्ला अदालतबाट मिति २०७१।८।१६ मा भएको फैसला, सो फैसलाअनुसार निवेदकका नाममा रहेको कैदको लगत, निजलाई दिइएको कैदी पुर्जीलगायतका काम कारवाही कानूनअनुरूप भएको नदेखिँदा निवेदक

झलक गुरूङको हकमा सम्म उल्लिखित मिति २०७१।८।१६ को फैसला र सोबमोजिम भएका काम कारवाही उत्प्रेषणको आदेशले बदर हुने । निवेदक झलक गुरूङलाई सुनसरी जिल्ला अदालतमा तत्काल उपस्थित गराई बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायत अरू जे जो प्रक्रिया पूरा गर्नुपर्छ पूरा गरी कानूनबमोजिम निजको हकमा पुनः फैसला गर्नु भनी विपक्षीमध्येको सुनसरी जिल्ला अदालतको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । यो आदेशको परिणामस्वरूप निवेदकउपरको अभियोग सम्बन्धमा नियमित न्यायिक प्रक्रियाबाट सुनुवाइ हुने भई सोही प्रक्रियाबाट कानूनबमोजिम उपचार प्राप्त हुनसक्ने नै भएको हुँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल साउन २७ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-०६५५, निषेधाज्ञा, *शिवकुमार राउत सुडी वि. शेषनारायण यादवसमेत*

निषेधाज्ञाको आदेश जारी हुन सिद्धान्ततः कुनै निकाय वा अधिकारी वा व्यक्तिले गैरकानूनीरूपमा अनाधिकृत कार्य गरी कसैको कानूनी अधिकारमा आघात पुऱ्याउने आशङ्काको अवस्थामा सो कार्य गर्न निषेध गर्ने प्रयोजनका लागि जारी गरिन्छ । निषेधाज्ञा कार्य सम्पन्न भइसकेको अवस्थामा जारी हुन सक्दैन । निषेधाज्ञा जारी हुन पक्षको उक्त विवादित विषयमा निर्विवाद हक स्थापित भएको हुनुपर्छ । त्यस्तो निर्विवाद र कानून प्रदत्त हक अधिकारमा आघात पुग्ने सम्भावनाको स्थिति छ भने मात्र निषेधाज्ञाको आदेशले त्यस्तो काम कारवाहीलाई रोक्न सक्ने ।

पुनरावेदक निवेदकले जिकिर लिएको कि.नं. १८१ र कि.नं. ८१७ को जग्गा एउटै वा फरक फरक के हो ? भन्ने र सो जग्गामा हक बेहक कसको रहने हो भनी प्रस्तुत निषेधाज्ञाको निवेदनबाट निर्णय हुनसक्ने पनि होइन । हक बेहकमा कुनै जिकिर भए कानूनबमोजिम दाबी लिई कानूनबमोजिम छुट्टै मुद्दा दायर गर्न पक्षहरू स्वतन्त्र रहेको अवस्थमा प्रस्तुत निषेधाज्ञाको मुद्दाको मिसिलबाट सोको यकिन गर्ने अवस्था हुँदैन । विवादित जग्गामा इनार (खानेपानीको कुवा) खन्ने कार्य सम्पन्न भई गाउँलेको प्रयोगमा आइसकेको भन्ने प्रत्यर्थीको लिखित जवाफबाट समेत देखिइरहेको र सो कार्य सम्पन्न भएको हैन छैन भनी कार्य सम्पन्न नभएको सबुद प्रमाण पुनरावेदकले पेस गर्न पनि नसकेको हुँदा शङ्काको अवस्था नभई कामै गरिसकेकोमा पुनरावेदन जिकिरकै भरमा निषेधाज्ञाको आदेश जारी गर्नु मनासिब नदेखिने ।

तसर्थ, उल्लिखित तथ्य, आधार र कारणका आधारमा इनार (खानेपानीको कुवा) खन्ने कार्य सम्पन्न भई गाउँलेको प्रयोगमा आइसकेको देखिँदा कार्य सुसम्पन्न भइसकेको विषय निषेधाज्ञाको मापदण्ड, सीमा र उद्देश्यभित्र नपर्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने भनी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।११।८।३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-०३५१, छुट जग्गा दर्ता नामसारी, *मुकुन्द न्यौपाने वि. उद्धवप्रसाद न्यौपानेसमेत*

कि.नं. २२८ को जग्गाको शिवप्रसाद जोताहा भनी फिल्डबुकमा जनिएको देखिएबाट यी शिवप्रसाद पुनरावेदक वादीका कान्छा बाबु भुवनेश्वरका कान्छा छोरा भएका र कि.नं. २२८ मा उल्लिखित कैफियत बेहोरामा पुर्जा नभिडेकोले पत्ता लगाई ३ जनाले खाने भनी जनाएको हुँदा सो तीनजना भन्नाले भुवनेश्वरतर्फकै हाँगाका मिति २०३४।८।३० को अंश मुद्दाको मिलापत्रमा उल्लिखित प्रतिवादीहरू नै रहेको स्पष्ट हुन्छ । कि.नं. २२८ को जग्गा ३ जनाले खाने भनी उक्त मिलापत्रमा गरेको उल्लेखनले सो अंश मुद्दामा प्रतिवादी रहेका भुवनेश्वरकी श्रीमती जीवकुमारीको परलोक भइसकेको हुँदा निजका कान्छा छोरा शिवप्रसाद र जेठा छोरा विष्णुप्रसाद भन्ने खिलेश्वरका २ छोराहरूलाई नै जनाइएको अर्थ स्वाभाविक हुन्छ । यसका अतिरिक्त कि.नं. ३८१ देखि २२८ समेतका को ९ कित्ता जग्गाहरू खिलेश्वरका छोराको एकलौटी भनी सोही कैफियतको शिर बेहोरातर्फ मिलापत्रमा उल्लेख छ । उक्त मिलापत्रको पेज नं. ४ को अन्यमा केही छुटफुट भएको भए पत्ता लागेमा दुवै थरले आधीआधी खाने भनी उल्लेख भएको सन्दर्भमा हेर्दा सो मिलापत्रमा लेखिएको जग्गाको हकमा सो मिलापत्रबमोजिम हुने र लेखिएकोबाहेक छुटफुट भएको अरू पत्ता लागेमा मूलपुरूष खगेश्वरका २ छोराका सन्तानले अर्थात् सो अंश मुद्दाका वादी र प्रतिवादीले आधीआधी खाने भन्ने नै हुन्छ । यसरी कि.नं. २२८ को जग्गा तीनजनाले खाने भनी जनिएको अर्थ भुवनेश्वर न्यौपानेका तर्फका अंश मुद्दा चलिरहँदा जीवित रहेको प्रतिवादी बनाएका तीनजना व्यक्तिसम्मलाई जनाएको पाइयो । अतः मिति २०३४।८।३० को मिलापत्रमा उल्लिखित जग्गा अलगअलग अंशियारहरू नाता पुस्तामा जाने सम्पत्तिको विवरण भनी लेखिएको कारण तथा कि.नं. २२८ को जग्गा ३ जनाले खाने भनी जनिएको कारण सो विवादित कि.नं. २२८ को जग्गा रामेश्वरतर्फका हाँगामा जाने नभई निजका भाइ भुवनेश्वर न्यौपानेको हाँगातर्फ जाने सम्पत्ति देखिँदा कि.नं. २२८ को जग्गामा मिति २०३४।८।३० को मिलापत्रबाट पुनरावेदक वादीको अंश भाग रहने भनी मान्न नमिल्ने । मिलापत्रबमोजिम गरिदिन भनी भक्तपुर जिल्ला अदालतबाट मिति २०३४।९।६ मा तत्कालीन भूमि प्रशासन कार्यालयलाई जनाउपत्रसमेत पठाई सो मिलापत्रबमोजिम प्रत्यर्थी उद्धवप्रसाद न्यौपाने र बद्रीप्रसाद न्यौपानेका पिता विष्णुप्रसाद भन्ने खिलेश्वरबाट पुनरावेदकका नाउँमा दा.खा. नामसारी भई उक्त मिलापत्रको केही अंश कार्यान्वयनसमेत भई उक्त मिलापत्र अन्तिम भई बसेकोसमेत देखियो । यसका अतिरिक्त अदालतमा मुद्दा परी हक छुट्टिसकेको विषय भएकोले मालपोत कार्यालयले हकबेहकतर्फ सुनाइ रहनु पर्ने औचित्य पनि देखिन नआउने ।

उपरोक्त तथ्य एवम् विवेचित आधार प्रमाणबाट विवादको कि.नं.२२८ को जग्गा प्रत्यर्थीहरूको नाममा छुट दर्ता दा.खा. नामसारी गर्ने गरेको मालपोत कार्यालय, भक्तपुरको मिति २०६७।२।२ को निर्णयलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।४।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल वैशाख २५ गते रोज २ शुभम् ।

- यसै लगाउको ०७०-CI-०३५२, छुट जग्गा दर्ता नामसारी, *मुकुन्द न्यौपाने वि. उद्धवप्रसाद न्यौपानेसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १४

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई,** ०६७-WO-१०६३, उत्प्रेषण / परमादेश, *भूपेन्द्रबहादुर कार्की वि. गृह मन्त्रालयसमेत*

निवेदकलाई नोकरीबाट हटाइएको निर्णयको जानकारी निजको व्यक्तिगत नोकरी विवरणमा भएको घर ठेगानामा गराएको अवस्था देखिन्छ । रिट निवेदकले आफ्नो स्थायी ठेगाना हाल काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. ३ हो भनी जिकिर लिएको भए पनि निज प्रहरी कर्मचारी हुँदाको व्यक्तिगत विवरण फाराममा सो ठेगाना उल्लेख भएको देखिँदैन । यदि निजको बसोबासको ठेगाना परिवर्तन भएको भए निजले आफ्नो नोकरीको व्यक्तिगत विवरणमा समेत सो ठेगाना परिवर्तन गराई अध्यावधिक गराउनु पर्ने स्वयम्‌को कर्तव्यसमेत हुन्छ । तर रिट निवेदकको नोकरीको व्यक्तिगत विवरणमा परिवर्तित ठेगाना हाल काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. ३ नभई झापा जलथल वडा नं. ९ नै रहेको भन्ने मिसिल संलग्न व्यक्तिगत नोकरी विवरणको प्रतिलिपिबाट देखिन आयो । जसबाट निजको घर ठेगानामा जानकारी गराइएको भन्ने विपक्षीको कथनलाई अन्यथा भन्न सकिने नदेखिने ।

निवेदकले आफ्नो पुनरावेदनउपर सुनुवाइ गरी मिति २०५९।८।२४ मा निर्णय भएको धेरै समयपछि आएर आफ्नो निवेदनउपर के कस्तो कारवाही भएको छ भनी सोको जानकारी पाउन प्रहरी प्रधान कार्यालयमा मिति २०६७।११।२६ मा मात्र निवेदन दिएको भन्ने देखिन्छ । यी रिट निवेदकले आफूलाई भएको कारवाहीको सम्बन्धमा समयमा नै आवश्यक चासो तथा सरोकार राखी यसअघि कुनै जानकारी माग गरेको भन्ने दाबी गरेको पनि देखिँदैन । प्रहरी सेवामा रहेको व्यक्तिले यतिका वर्षसम्म सेवामा उपस्थित हुन प्रयास गर्ने, नगराएमा निवेदन दिने वा हुलाकबाट निवेदन पठाउने आदि कुनै कार्य गरेको भन्ने देखिँदैन । यी रिट निवेदक पुनरावेदन दिएको मितिभन्दा धेरै समयपछि मात्र सोको जानकारी पाउँ भनी आउनु पर्ने कुनै औचित्यपूर्ण कारणसमेत निजले खुलाएको देखिँदैन । कुनैपनि व्यक्तिको हक अधिकारको उल्लङ्घन भएमा सोको रक्षार्थ उचित समयमा नै न्यायको लागि प्रवेश गर्नुपर्ने हुन्छ । तर यी रिट निवेदक आफूलाई नोकरीबाट हटाएकोउपर पुनरावेदन गरेको तर सो सम्बन्धमा केही नगरी लामो समयसम्म निष्क्रिय भई बसेको र करिब ८ वर्षपछि मात्र निवेदन गर्न आएको देखियो । प्रहरी कर्मचारी जस्तो संवेदनशील सेवाको व्यक्तिले अनुचित विलम्ब गरी आफूलाई नोकरीबाट हटाएको निर्णयलाई चुनौती दिंदै बदर गर्न रिट क्षेत्राधिकारबाट प्रवेश गरेको पाइँदा निवेदकलाई मद्दत गर्न सकिने नदेखिने ।

अतः उल्लिखित कारणहरूबाट निवेदकले प्रहरी सेवाबाट बिदा स्वीकृत नगराई भागेको, विदा स्वीकृत गराउन निवेदन गरेको भन्ने भनाइ नभएको, निजलाई सेवाबाट हटाएपछि पुनरावेदन गरेकोमा सोमा भएका निर्णय जान्ने बुझ्ने प्रयास नगरी २०५९।८।२४ मा निर्णय भइसकेकोमा मिति २०६८।१।२९ मा मात्र रिट निवेदन दिएको र धेरै विलम्ब गरी रिट निवेदन गर्नको चित्त बुझ्दो कारणसमेत प्रस्तुत गर्न नसकेको पाइँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा. श्री आनन्दमोहन भट्टराई,** ०६९-CR-०४१३ र ०६९-CR-०६६६, विभिन्न अनियमितता गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. रमेश कुमार श्रेष्ठ र रमेश कुमार श्रेष्ठ वि. नेपाल सरकार*

काठमाडौंको भृकुटी मण्डपमा आयोजना गरिएको दशौं सार्क व्यापार मेलाको प्रचारप्रसार गर्नका लागि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र संसारा मिडिया प्रा.लि. बीच मिति २०६७।६।१५ मा सम्झौता भएको देखिन्छ। उक्त सम्झौतामा प्रचारप्रसार हुने कुल खर्चको पच्चीस प्रतिशत केन्द्रले र बाँकी पचहत्तर प्रतिशत प्रायोजक खोजेर अथवा छुट गराएर संसारा प्रा.लि. ले व्यहोर्ने भन्ने सर्त राखिएको देखियो। सम्झौतामा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले व्यहोर्ने पच्चीस प्रतिशत रकम अनुमानित रू. २६,३१,३४७।२५ (छब्बीस लाख एकतीस हजार तीन सय सत्चालीस रूपैयाँ पच्चीस पैसा) को सम्झौता गरिएको तर संसारा प्रा.लि. मार्फत भएको कामको जम्मा भुक्तानी भने रू.१३,२९,९०६।९७ (तेन्ह लाख उनन्तीस हजार नौ सय छ रूपैयाँ सन्तानब्बे पैसा) भएको र रू.१,००,३२५।- (एक लाख तीन सय पच्चीस) भने भुक्तानी हुन बाँकी रहेको भन्ने देखिन्छ । साथै उक्त रकम भुक्तानी गर्दा विभिन्न संस्थाहरूको नाममा चेक काटेर सो चेक संसारा प्रा.लि. लाई बुझाइएको देखिन्छ । यस स्थितिमा दशौं सार्क व्यापार मेलाको प्रचारप्रसार गर्नका लागि भएको खर्च सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ तथा नियमावली, २०६४ को नियम ३१(१) ले व्यवस्था गरेको कार्यविधि अनुशरण नगरी खर्च गरे गराएको देखिन आउने।

कानूनबमोजिम संस्थाको अख्तियारप्राप्त अधिकारीबाट स्वीकृत भएको भ्रमण आदेश बदनियतपूर्वक स्वयम् थप गरी सच्याई रू.१,२६,०००।- पेस्की लिएको देखिन्छ । यसरी पेस्की लिएको रकममध्ये रू.३६,४८३।- संस्थालाई फिर्ता गरेको र बाँकी रू.८९,५१७।- रकम लिई खाई मासी गैरकानूनी लाभ लिई संस्थालाई रू. ८९,५१७।- हानि नोक्सानी गरेको देखिएको हुनाले यो कार्यलाई सामान्य बेरूजु मान्न मिल्ने देखिएन। प्रतिवादीको उक्त कार्यहरू भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ विरूद्धको कार्य हो भन्ने स्पष्टसँग देखिएको छ। तसर्थ दैनिक भ्रमण भत्ता कानूनबमोजिम असुल हुनसक्ने प्रकृतिको भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुर गरेको भन्ने वादीको अभियोग दाबी पुग्न सक्तैन भन्ने विशेष अदालतको मिति २०६९।४।२९ को फैसला सो हदसम्म कानूनसम्मत देखिन नआउने।

कुनैपनि अधिकारीले अख्तियारी नाघी कर्मचारी करारमा नियुक्त गरेको रहेछ र सम्बन्धित सेवा सर्त नियमावलीमा असुलउपरको स्पष्ट व्यवस्था छ भने त्यो आकर्षित हुन्छ। भ्रष्टाचारमा कारवाही हुन व्यक्तिगत लाभ लिएको, बदनियतपूर्ण कार्य गरेको देखिनु पर्छ। यहाँ करारमा कर्मचारी नियुक्त गरेर कति लाभ प्रतिवादीले लियो भनी अभियोगपत्रमा स्पष्टसँग खुलाएको पाइँदैन । करारमा कर्मचारी नियुक्ति गर्ने अधिकार व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६३ बमोजिम उक्त समितिलाई रहे भएको देखिन्छ । यो अधिकार प्रतिवादीलाई प्रत्यायोजित भएको पनि पाइँदैन। त्यसैले प्रतिवादीको काम दोषपूर्ण देखियो तर त्यसरी करारमा कर्मचारी नियुक्त गरी कर्मचारीहरूले बुझेको तलब भत्ताबापतको रकम रू. ४४,३७,३४०।- केन्द्रको कर्मचारीको सेवा, सर्त र

सुविधासम्बन्धी नियमावली, २०६४ को नियम २४ बमोजिम नियुक्त गर्ने पदाधिकारीबाट कानूनबमोजिम असुलउपर गर्नसक्ने नै देखिँदा प्रतिवादीको सो कार्यलाई भ्रष्टाचारको कसुर ठहर गर्न उपयुक्त देखिएन भन्ने विशेष अदालत, काठमाडौंको ठहर सो हदसम्म मिलेकै देखिन आउने।

अतः विशेष अदालत, काठमाडौंको मिति २०६९।४।२९ को फैसला केही उल्टि भई भ्रमण आदेशमा आफूखुसी रकमको अङ्क थप गरी भुक्तानी लिएको रू.१,२६,०००।- समेत जरिवानाको सन्दर्भमा भ्रष्टाचारको बिगो कायम हुने हुँदा सोसमेत र कानूनविपरीत संसारा प्रा.लि. लाई भुक्तानी गरेको रू.१३,२९,९०६।९७ समेत जोड्दा हुन आउने रू.१४,५५,९०६।९७ बिगो कायम भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र ३(१) (च) अन्तर्गत प्रतिवादी रमेशकुमार श्रेष्ठलाई बिगोबमोजिम जरिवाना र २ वर्ष ६ महिना कैदसमेत हुने ठहर्छ । बिगो रू. १४,१९,४२३।९७ प्रतिवादीबाट भराउनु पर्ने ठहर्छ । सोबाहेक करारमा कर्मचारी नियुक्त गरी नोक्सानी पुर्‍याएको भन्ने हकमा व्यापार प्रवर्द्धन केन्द्रका कर्मचारीहरूको सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०६४ को नियम २४ बमोजिम असुलउपर हुनसक्ने भनी गरेको सुरू विशेष अदालतको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७३ साल फागुन १७ गते रोज ३ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CI-१०४६, निषेधाज्ञा, *जटाशंकरप्रसाद साह वि. असर्फी साह तेली*

टंटा खिचोला मुद्दामा दोहर्‍याइपाउँ भन्ने निवेदनमा निस्सा प्राप्त नभएको अवस्थामा निषेधाज्ञा मुद्दामा दोहर्‍याई हेर्ने निस्सा प्राप्त भई आएमा ठहरेबमोजिम भनी तत्कालको लागि पुनरावेदन अदालत, हेटौंडाबाट राहतस्वरूप भएको आदेशको प्रभाव टंटा खिचोला मुद्दामा कि.नं.१०८ को जग्गामा यी पुनरावेदकको स्वामित्व स्थापित भएबाट समाप्त भइसकेको मान्नुपर्ने देखियो । यसरी हकै नभएको जग्गामा प्रत्यर्थी रिट निवेदकले भोग गर्न पाउछ भन्न मिल्ने पनि हुँदैन । तत्काल राहत स्वरूप भएको आदेशको औचित्यसमेत समाप्त भइसकेकोले पुनरावेदन अदालतको आदेश उल्टी गरिरहन परेन । उक्त आदेश उल्टी हुनुपर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिर स्वीकार योग्य देखिएन । अत: रिट निवेदकको निवेदन जिकिरबमोजिम आदेश जारी गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।६।१६ को आदेशलाई अन्यथा भन्नु पर्ने देखिएन । पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।६।१६ को आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल कात्तिक २१ गते रोज ३ शुभम्।

२

**मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-WO-००६५, परमादेश, *सुरेश श्रेष्ठ वि. वैदेशिक रोजगार विभाग, बबरमहल, काठमाडौं*

संविधान र कानूनबमोजिम गर्नुपर्ने काम अन्य क्षेत्रको निर्देशनको आधारमा नगर्नु न्यायोचित नहुने।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ११ को सर्त पूरा गरेको अवस्थामा कानूनबमोजिम

इजाजत पत्र दिनुपर्नेमा तुरून्त दिनुपर्ने र दिन नमिल्ने भए आधार र कारण खुलाई निवेदकलाई जानकारी दिनुपर्ने हुन्छ । विपक्षी विभागले निवेदक कम्पनीसँग बैंक ग्यारेन्टी, धरौटी र इजाजत दस्तुर बुझाएको सक्कलै भौचर पेस गर्नु भनी पत्र दिइसकेपछि निवेदक कम्पनीले सोबापतको नगदै रकम बुझाउन जाँदा आलटाल गरी अन्य कारण देखाई रकम बुझ्नबाट रोक्नु र इजाजत नदिनु कानूनतः मिल्ने देखिन आएन । विपक्षीको उक्त कार्यबाट निवेदकको संविधानप्रदत्त पेसा, रोजगार गर्न पाउने हकाधिकारमा आघात पर्न गएको देखिन आउने ।

अतः माथि विवेचित उल्लिखित आधार र कारणबाट निवेदक कम्पनीले वैदेशिक रोजगार, व्यवसाय सञ्चालन गर्न इजाजत पत्र पाउँ भनी विपक्षी विभागसमक्ष निवेदन दिई निवेदकसँग बैंक ग्यारेन्टीसमेतका सक्कल भौचर पेस गर्नु भनी पत्र दिइसकेपछि निवेदक कम्पनी बैंक ग्यारेन्टीसमेत दस्तुर बुझाउन जाँदा बुझ्न आलटाल गरेको देखिँदा कानूनले तोकेको आधारभूत सर्त पूरा गरेको अवस्थामा बिना कानूनी आधार इजाजत पत्र दिन इन्कार गर्न नमिल्ने हुनाले कानूनको रीत पुऱ्याई निवेदकलाई इजाजत पत्र दिनु भनी विपक्षी वैदेशिक रोजगार विभागका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम् ।

## इजलास नं. १६

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरुषोत्तम भण्डारी**, ०६९-CR-००२१, जबरजस्ती करणी, *नुनुलाल चौधरी वि. नेपाल सरकार*

प्रतिवादीले वारदातको दिनमा आफू आफ्नै घरमा पराल राख्ने काम गरिबसेको भनी अदालतसमक्ष बयान गरेको र यिनै प्रतिवादीका साक्षी प्रेमलाल चौधरीले बकपत्र गर्दा आफू र यी प्रतिवादी नुनुलाल भई खेतबाट नुनुलालको घरमा पराल ओसार्ने काम बिहानदेखि बेलुकासम्म गरेको भनी उल्लेख गरेपनि बुझिएका जिवन चौधरीले वारदातको दिन यी प्रतिवादी के कहाँबाट मादक पदार्थ बोकी निजकै आँगनमा सेवन गरी गएको भन्ने उल्लेख गरेबाट यी प्रतिवादी वारदातस्थलमा नभई आफ्नै घरमा काम गरी बसेको भन्ने जिकिर प्रमाणित हुन नसक्ने ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष रहेको साबितीलाई इन्कार गरी स्वइच्छाविपरीत यातना दिई गराएको भनी अदालतमा आरोपित कसुरमा इन्कार रहेकोमा निजको घा जाँच प्रतिवेदनमा Simple injury भनी उल्लेख भएबाट अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान विचारणीय भए पनि यी प्रतिवादीलाई किटान गरी जाहेरी दिनुपर्ने अन्य कुनै कारण नदेखिएको, पीडितको दिदीले आफ्नै अगाडी यी प्रतिवादीले उठाई लगेको भनी स्पष्ट उल्लेख गरेको पीडितको शारीरिक अवस्था हेर्दा योनिमा कैफियत देखिएको तथा आफ्नै घरमा रहेको भन्ने बयान प्रमाणित हुन नसकेको अवस्थामा निज प्रतिवादी नुनुलाल चौधरीको अदालतमा गरेको इन्कारी बयान विश्वसनीय मान्न नसकिने ।

पीडित अत्यन्तै अवोध स्थितिकी बालिका भएको र यिनी माथि भएका दुराचार बारे व्यक्त गर्नसक्ने उमेरसमेत नभएको अवस्थामा स्वास्थ्य परीक्षण प्रतिवेदनलाई नै आधार लिनुपर्ने हुँदा Labia majora र Labia minora सुन्निई रातो भएको भन्नेसमेत

प्रमाणबाट यी प्रतिवादीले पीडितलाई निजकै दिदीको अगाडिबाटै उठाई लगेको अवस्थापश्चात् देखिएका ती अवस्थाबाट यी अत्यन्त कम उमेरकी बालिकाउपर यौनजन्य कार्य नभई उद्योगसम्म भएको भन्न मिल्ने नदेखिने।

भरतलाल चौधरीले दिएको प्रतिवादी नुनुलाल चौधरीउपरको किटानी जाहेरी र सो जाहेरीलाई समर्थन हुने गरी अदालतमा गरेको बयान, मौकामा बुझिएका व्यक्तिहरूले लेखाइदिएको कागज, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूसमेतको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, निज प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानसमेतका मिसिल संलग्न प्रमाणहरू एक आपसमा मालाकार कडीका रूपमा निज प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीले आफू निर्दोष रहेको भन्ने इन्कारी बयानको आधारमा मात्र निर्दोष मान्न सकिएन । आफू उक्त वारदातमा संलग्न नभएको कुरालाई प्रमाण ऐन, २०३१ को दफा २७(१) अनुसार पुष्टि / प्रमाणित गराउन सक्नुपर्छ । आफ्नो इन्कारी बयानलाई वस्तुनिष्ठ आधारबाट विवादरहित तथ्यगत प्रमाण पेस गरी आफ्नो निर्दोषिता प्रमाणित गर्नुपर्नेमा वादी पक्षबाट पेस भए वा वस्तुनिष्ट तथा तथ्यगत प्रमाणहरूका साथै परिस्थितिजन्य प्रमाणहरूबाट समेत निज प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि भइरहेको देखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार, प्रमाणहरू समेतबाट प्रतिवादी नुनुलाल चौधरीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(१) नं. बमोजिम १० (दश) वर्ष कैद र पीडित परिवारले प्रतिवादीबाट रू.२०,०००।– क्षतिपूर्तिसमेत भराइ पाउने ठहऱ्याई भएको मिति २०६७।०८।१३ को सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको मिति २०६८।०७।१६ को पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन १० गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७२-CI-१८९३, पर्खाल हटाइदिने सम्बन्धमा भएको निर्णय बदर, *सरिताकुमारी चौधरी साहसमेत वि. गोविन्दकुमार अग्रवालसमेत*

अख्तियार प्राप्त गरी दिएको सुरू निवेदनमा ०-०-५ जग्गा आफ्नो कि.नं. १८७९ को जग्गामा मिलाई खिचोला गरेको भन्ने दाबी लिएको देखिएको र स्वयम् विराटनगर उपमहानगरपालिकाले खटाएको प्राविधिकले जग्गा मिचेको भन्नेसमेत बेहोराको फिल्ड प्रतिवेदन दिएको अवस्थामा अख्तियार प्राप्त गरी ०-०-५ जग्गा आफ्नो कि.नं. १८७९ मा मिलाई खिचोला गरे भन्ने दाबी देखियो । जग्गा खिचोलामा निर्णय गर्ने क्षेत्राधिकार नगरपालिकालाई कानूनले प्रदान गरेको अवस्था नहुँदा तत्कालीन विराटनगर उपमहानगरपालिकाबाट पर्खाल भत्काउने ठहऱ्याई मिति २०७१।९।२७ मा गरेको निर्णय सदर गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७२।२।१२ मा भएको फैसला मिलेको नदेखिँदा बदर हुने ठहर्छ । अब विवादित जग्गाको दाबीका सम्बन्धमा सम्बन्धित अदालतमा जानको लागि प्रत्यर्थी निवेदक गोविन्दकुमार अग्रवाललाई सुनाउन मिसिल विराटनगर महानगरपालिकामा पठाई यस

कुराको जानकारी प्रत्यर्थी गोविन्दकुमार अग्रवाललाई त्यहीँबाट नै सूचना दिने।

इजलास अधिकृतः शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

## एकल इजलास

१

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी,** ०७४-WO-०२०२, उत्प्रेषण / परमादेश, *प्रदिप राउतसमेत वि. देवीलाल सदा मुसहरसमेत*

लेनदेन मुद्दामा वादीको पहिलो कानूनी हक र अधिकार फैसलाबमोजिमको बिगो प्राप्त गर्नेसम्मको हो। बिगो प्राप्त हुन नसके मात्र ऋणिको जग्गा लिलाम गरी भरीभराउ गर्ने हो। धनी वादीले देखाएको जेथा निजबाहेकका तेस्रो पक्षले लिलाम सकार नगरी लिलामको कारवाही हुन नसके धनी आफैँले सकार गरी लिन पाउने हक दोस्रो प्राथमिकताको हक हो। प्रतिवादी ऋणीले नगदै दाखिला गरे अस्वीकार गर्ने कानूनी अधिकार वादीलाई हुन नसक्ने। उच्च तहका अदालतले आफू मातहतका न्यायिक, अर्धन्यायिक निकायबाट भएका काम कारवाहीउपर परेका उजुरी सम्बन्धमा निकासा दिँदा तल्ला अदालत वा निकायबाट मिसिल संलग्न तथ्य र सम्बद्ध कानूनको रोहमा न्याय प्रदान भएको छ, छैन भनी सूक्ष्म रूपले अध्ययन मनन गरी निर्णय दिने गरिन्छ। स्वच्छ, निष्पक्ष र विश्वासनीय कार्यविधि अवलम्बन नगरी फैसला कार्यान्वयनको कारवाही भएको स्थितिमा त्यस्तो कारवाहीलाई उचित र कानूनसम्मत नमानिन सक्ने। सामान्यतः जग्गाको मूल्याङ्कन प्रत्येक वर्ष पिच्छे वृद्धि हुँदै जाने अनुमान गरिन्छ। ४ वर्षअघि भएको मूल्याङ्कनलाई मान्यता प्रदान गरी लिलाम गर्दा प्रतिवादीको सम्पत्तिले मोलअनुरूपको मूल्य नपाउने आशङ्का रही नै रहन्छ। अदालत, सदैब निष्पक्ष, उचित र वस्तुनिष्ठ न्याय प्रदान गर्न अग्रसर हुने हुँदा यिनै न्यायका मूलभुत आदर्शहरूलाई मध्यनजर राखी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट सिरहा जिल्ला अदालतबाट मिति २०७३।९।६ मा भएको डाँक लिलाम बदर गरी निश्चित मिति तोकी दाखिला गरे नगदै सो हुन नसके दरखास्तमा देखाइएको जेथाको तत्कालको मूल्याङ्कनलाई आधार मानी पुनः पञ्चकृते मूल्याकन गरी कानूनबमोजिम फैसला कार्यान्वयन गर्नु भनी मिति २०७४।२।२५ मा भएको आदेशमा कुनै कानूनी त्रुटि नदेखिँदा विपक्षी झिकाउनेसमेतको कारण देखाउ आदेश जारी गरिरहनु परेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज ४ गते रोज ४ शुभम्।

२

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी,** ०७४-WO-०२०९, उत्प्रेषण / परमादेश, *कृष्णशरण डंगोलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

वस्तुतः काठमाडौं तराई जोड्ने द्रूत मार्गअन्तर्गत ललितपुर जिल्लाअन्तर्गतका जनताहरू मात्र नभई यस मार्गले ललितपुर, मकवानपुर र बारासमेतका जिल्ला समेट्ने हुन्छ। आयोजनाबाट प्रभावित हुने बासिन्दा पहिचान गर्दा ललितपुर जिल्लाअन्तर्गत पर्ने निवदेक संस्थामा आवद्ध जनता मात्र पर्ने नभई सबै जिल्लाका बासिन्दाको हित र सरोकार प्रतिविम्बित भएमा मात्र प्रस्तुत निवेदनमा प्रवाहित सार्वजनिक जनताको सार्थक सम्बन्ध (Meaningful

Relation) र तात्विक सरोकार (Substantial Interest) सिद्ध हुने हुन्छ। आयोजनाबाट प्रवाहित हुने अन्य जिल्लाका स्थानीय सर्वसाधारणको संलग्नता बिना निवेदकहरूकै निवेदन दाबीका आधारमा मात्र यस आयोजनाले असर पुऱ्याउने सम्पूर्ण सर्वसाधारण जनताको सार्थक सम्बन्धको प्रतिनिधित्व गर्नसक्ने अवस्था नहुने।

आयोजनाले समेट्ने सबै जिल्लाका सर्वसाधारण स्थानीयको संलग्नता बिना कुनै एउटा जिल्लाअन्तर्गतका व्यक्ति वा व्यक्तिहरूको सरोकार मात्रलाई सबै समुदाय वा सर्वसाधारणको हितको प्रतिनिधित्व गर्छ भनी सम्झन मिल्ने नदेखिने।

निवेदनमा काठमाडौं उपत्यकाअन्तर्गतको ललितपुर जिल्लाको खोकनामा बस्ने स्थानीय समुदायको सरोकार रहेको भनिएको छ। यातायातको पहुँच, दुरी र सुविधाका दृष्टिकोणले यस अदालतदेखि १५, २० किलो मिटर दुरीमा बसोबास गर्ने प्रभावित व्यक्तिहरू आफ्नो पिरमर्का लिई यस अदालतमा आउन नसक्ने स्थिति पनि देखिँदैन। विकासको पहिलो सूचक मानिने द्रुतमार्गको आयोजना निर्माणको कारण स्थानीय व्यक्ति समुदायका के के हितमा हानि नोक्सानी र के के कुरामा फाइदा हुने हुन्छ, के कुन तरिकाले निर्माण गर्दा स्थानीय सर्वसाधारणलाई हित हुन्छ जस्ता विषयमा वस्तुनिष्ठ अध्ययन गरी अध्ययनबाट आएको निचोड एवम् प्रतिवेदनका आधारमा प्रस्तुत निवेदन दर्ता भएको अवस्था पनि छैन। नेपाल सरकारको के कुन मितिको निर्णयले निवेदकसमेतका सर्वसाधारणहरूको हितमा प्रतिकूल असर पर्न गएको छ। के कुन ठाउँका जग्गालाई मुआब्जा बापत के कति क्षतिपूर्ति दिनुपर्ने हो, नेपाल सरकारले के कति दिएको कारण न्यायपूर्ण हुन सकेन भन्नेजस्ता वस्तुगत आधार एवम् आँकडाहरू निवदेनमा उल्लेख गर्नसकेको पाइदैन। कुनै पनि वस्तुगत आधार प्रमाण विनाको फगत र कोरा लिपिबद्ध निवदेन बेहोरालाई मात्र आधार मानी निवेदन माग अनुरूपको आदेश जारी हुनका लागि विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गरिरहनु परेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज ४ गते रोज ४ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**